# अध्याय एक

# परिचय

## १.१ पृष्ठभूमि

घरेलु हिंसा एउटा समस्या हो । जो समाजबाट सधैँ लुकेको हुन्छ । समाजले नै हिंसालाई बाहिर ल्याउन दिँदैन । जो श्रीमान्‌बाट बढी पीडित हुन्छन्, महिलाले आफू हिंसामा परेको कुरा प्रष्टसँग व्यक्त गर्न नसकेको हुनाले सधैँ हिंसामा परेका छन् उक्त कुरा अगाडि ल्याउनका लागि समाजका शिक्षित मानिसले साथ दिनुपर्ने हुन्छ (Basnet, 2072) ।

हिंसा भन्नाले शारीरिक शक्ति, धम्की एक अर्काको विरोधी अथवा सामुदाय विच हुने शक्ति द्वन्द्वले जीवन शैलीमा पीडा र मृत्यु मानसिक असर हुनु हो । प्रत्येक वर्ष कैयौं व्यक्ति आफ्नो जीवन गुमाएका कैयौँ दुःखी व्यक्तिले पीडादायक जीवन बिताएका छन् । हिंसाले मृत्युसम्म पुऱ्याउँछ । विश्व भरिमा लगभग १५-४४ वर्षका उमेरका महिला हिंसामा परेका छन् (WHO, 2072)।

महिला हिंसा एक जटिल सामाजिक समस्या हो यो जटिल समस्या समाधान गर्न कुनै बौद्धिक, शैक्षिक तथा सार्वजनिक रूपमै ध्यान दिन सकेको छैन । महिला हिंसा, शोषण निरन्तर रूपमा हाम्रो समाजमा रहिरहेको छ । महिला माथिको हिंसा रोक्ने केही प्रयास भएका भएपनि महिला समस्या र महिला माथिको हिंसाका घटनाहरू प्रशस्त घटेका छन् । जुन बाहिर प्रकट भएका छैनन् । नेपालमा भौगोलिक, जातीयता, भाषिक, सांस्कृतिक प्रक्रियाहरू मूल्यमान्यताहरू महिला र पुरुषमा रहेका छन् । तरपनि महिला र पुरुषमा असमान स्थिति रहेको छ । महिलालाई दोस्रो वर्गको नागरिक भनेर पितृसत्तात्मक समाजले हेर्ने गर्दछ (Buabar, 1994) ।

महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुने व्यवस्था गरिएको छ, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक उल्लेख छ, महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने

छैन । त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ (नेपालको संविधान, २०७२) ।

नेपाल राष्ट्र विभिन्न जाती, धर्म, संस्कृति र विविध भौगोलिक स्थिति भएको भूपरिवेष्ठित तथा धर्मनिरपेक्ष राज्य हो । लैङ्गिक असमानता एवम् नारी र पुरुषबीचको विभेदले समाजको संरचनामा पनि असर गरेको छ । त्यसैकारण धार्मिक, सांस्कृतिक, आर्थिक, जातीय, भौगोलिक एवम् वातावरणीय विविधताले बनेको  नेपाली समाजमा विभिन्न प्रकारका घरेलु हिंसाका घटनाहरू घट्ने गर्दछन् । नेपालको कुल जनसङ्ख्या २,६६,२०,८०९ रहेको छ जसमा पुरुषको १,२९,२७,४३१ र महिलाको संख्या १,३६,९३,४८७ पुगेको छ । कुल जनसंख्यामा पुरुषको संख्या ४८.५६ प्रतिशत र महिलाको ५१.४४ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना २०६८) ।

सामाजिकीकरण प्रक्रियाले महिलाहरू नरम हुन्छन् आक्रमक देखिदैनन् । पुरुषहरू बलिया, आक्रमक, हिंसात्मक देखिन्छन् । प्रायः समाजमा पुरुष ठूलो शक्तिशाली छ भन्ने र परिवारमा महिला बच्चा उत्पादन गर्ने मेसिन मात्र हो भन्ने गरिन्छ । जसले गर्दा महिला शारीरिक, मानसिक रूपमा कमजोर देखिन्छन् । गरिबी अशिक्षा, लैङ्गिक असमानता, आर्थिक विभेदले गर्दा परिवारमा महिलाले अनेक हिंसा झेल्न परेको छ (साथी नेपाल, १९९७) ।

महिलाले समाजमा तीन प्रकारको भूमिका निर्वाह गरेका हुन्छन् । उत्पादनको भूमिका, परिवारको सदस्य बनेर बुढाबुढी, बच्चा र श्रीमान्को सेवाको भूमिका, सामाजिक भूमिका रहेका हुन्छन् तर त्यसको कुनै मूल्य छैन (आचार्य, १९८१) । महिलाले सहेर बसेका कारण घरेलु हिंसा बढेको हुनसक्छ । हिंसा गर्नु हुन्न भन्ने ज्ञान पुरुष र महिलालाई नभएर पनि घरेलु हिंसा बढेको हुनसक्छ । नेपालको घरेलु हिंसाको स्थितिबारे सन् २०११ मा भएको नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षणबाट हालसम्मको आधिकारिक र ताजा अनुसन्धान मान्न सकिन्छ ।

हिंसा भन्नाले शारीरिक, मानसिक, धम्की, एक अर्काको विरोधी र जीवनशैलीमा पीडा पर्नु हो जसअन्तर्गत चिम्टने, थुक्ने, गाली गर्ने पिट्ने, छड्के नजरले हेर्ने, नकारात्मक सोचले व्यवहार गर्ने, मानसम्मान नगर्ने, हेपेर बोल्ने, घर निकाला गर्ने, कोठामा थुन्ने, खाना खान नदिने, दलाउने, घोचपेच गर्ने धाकधम्की दिने, झुटो बोल्ने, दवाव दिने, यौन शोषण गर्ने आदि क्रियाकलापहरू मानवद्वारा हुने हिंसाहरू हुन् । महिला हिंसा भन्नाले महिलामाथि हुने

अत्याचार, कुटपिट, गालीगलौज, बलात्कार, कुदृष्टिको हेराई, नकारात्मक बोली व्यवहार आदि हुन् । जसले गर्दा महिलामा प्रत्यक्ष प्रभाव परेको हुन्छ । सामान्यतया हिंसा मानसिक र शारीरिक रूपमा धेरै भएको पाइन्छ । महिलाको स्वास्थ्य स्थितिमा असर पर्न गएको छ । अशिक्षा र बेरोजगारीले गर्दा हिंसा दिनप्रतिदिन बढ्दो क्रममा छ ।

## १.२ समस्याको कथन

वि.सं. २०६८ सालको जनगणना अनुसार कुल जनसंख्या मध्ये ५१.४४% जनसंख्या महिलाको भएको र नेपालको स्थितिमा लैङ्गिक दृष्टिकोणबाट हेर्दा महिलाहरू बढी घरेलु हिंसामा परेको देखिन्छ । घरेलु हिंसा विश्वदेखि सम्पूर्ण राष्ट्रमा र समाजमा फैलिएको छ । शिक्षित, अशिक्षित, धनी, गरीब सबै राष्ट्रहरूमा महिला विरुद्ध हिंसा भएको धेरै घटना सुन्नमा आएका छन् । छोराको आशाले छोरी भए गर्भमा भ्रुण हत्या गर्ने, नत्र महिलालाई विभिन्न खालका यातना दिने गरेका महिलाको सत्रु नै महिला भएको, जसले घरमा शिक्षाको अभाव छ, त्यहाँ महिला हिंसा अनिवार्य भएको छ (राष्ट्रिय जनगणना, २०६८) ।

महिला हिंसा हुनुका मुख्य कारणहरूमा अशिक्षा रहेको छ । जसको कारण घरेलु हिंसा बढ्दै गएको छ । अशिक्षाले गर्दा घरमा श्रीमान्ले भनेजस्तो जागिर नपाउने बढीभन्दा बढी समय घरमा बिताउने, मानसिक तनाव भएर रक्सी सेवन गर्ने गाँजा खाने, महिला माथि हातपात गर्ने जस्ता नराम्रा प्रवृत्ति बढ्दै गई हिंसा भएको छ ।

मुख्यतया महिलामाथि भएका हिंसामा प्रत्यक्ष प्रभाव पर्ने वा असर महिलाहरूका बालबालिकालाई पर्न गएको छ । जसले गर्दा बालबच्चामाथि शारीरिक मानसिक खालका असरहरू पर्न गएको छ । घरमा हिंसा हुँदै जाँदा घरको बालकमा पर्ने मनोवैज्ञानिक असरले उसको भविष्य माथि नै औला उठाउनुपर्ने हुन्छ । बच्चाको बाल अवस्था राम्रो भएन भने उसको युवक वा युवती अवस्था राम्रो हुन्छ भन्ने कुनै अवसर छैन । जसको कारण एक बालकको भविष्य अन्धकार हुनसक्छ । हिंसा हुनुका कारणहरू धेरै भएपनि विशेषगरी घरमा अशिक्षाले गर्दा नकारात्मक कुरा बढी हुने, श्रीमान्ले रक्सी सेवन गरी श्रीमतीलाई कुटपिट गर्ने, बालबालिका माथि गालीगलौज गर्ने, नकारात्मक शब्दहरूको प्रयोग गर्ने, महिलाले महिलामाथि गर्ने हिंसा बोक्सीको आरोप लाउने, सासूले बुहारीमाथि गर्ने हिंसा आदि पर्दछन् । यस्ता खालका हिंसाहरू सबैखाले समाजमा देखापरेको पाइयो ।

हिंसा एउटा विश्वव्यापी तथा समाजमा विकृति ल्याउने समस्याको रूपमा रहेको छ । महिलामाथि किन हिंसा हुने गर्दछ, महिला हिंसा कसरी उत्पन्न हुन्छ, यसको कारण/तत्व के हुन्, महिलाले घरेलु हिंसालाई कस्तो दृष्टिकोणले हेर्दछन्, घरेलु हिंसामा महिला हिंसा कम गर्ने कानुनी उपाय छन् कि छैनन् ? घरेलु हिंसामा परेमा के गर्नुपर्दछ ? आमा समूहमा आवद्ध महिलाले हिंसाका घटनाका अनुभव गरेका छन् वा छैनन् । महिलाले हिंसाका घटनाबारे के-कस्तो कारणहरू रहेको छ । त्यसबारे अध्ययन गरिएको छ । माथि उल्लेखित समस्याहरू प्रश्नहरूले यस अनुसन्धानलाई अगाडि बढाइएको छ । निम्न प्रश्नका उत्तर खोज्ने प्रयास गरिएको छ ।

१. घरेलु हिंसाको घटनाको प्रभाव आमा समूहहरूका महिलाहरूको कस्तो प्रभाव छ ?
२. हिंसाका प्रकारहरू के छन् ?
३. हिंसाका स्वरूपहरू/कारणहरू के कस्ता छन् ।
४. महिला माथिको घरेलु हिंसाको आयाम के-कस्ता हुन्छन् ?

## १.३ अध्ययनको उद्देश्य

### मुख्य उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्यमा महिलामा घरेलु हिंसाको प्रभाव विश्लेषण गर्नु हो ।

### विशिष्ट उद्देश्य

१. महिला माथिको घरेलु हिंसासँग सम्बन्धित सामाजिक स्थिति र कारणहरूको लेखाजोखा गर्नु ।
२. अध्ययन क्षेत्रमा महिलामाथिको घरेलु हिंसाबारे ज्ञान तथा चेतनाको अध्ययन तथा विश्लेषण गर्नु ।
३. महिला माथिको घरेलु हिंसाको आयाम के-कस्ता हुन्छन् ?

## १.४ अध्ययनको महत्त्व

नेपाल एक कृषि प्रधान देश हो । यो भारत र चीनको विचमा पर्दछ । नेपालमा ८०% जनसङ्ख्या कृषिमा निर्भर रहेका छन् । नेपाली महिलाको सङ्ख्या पुरुषको भन्दा बढी नै रहेको छ । तर शिक्षाको स्तर, आर्थिक स्तर, शक्ति सम्बन्धको स्तरमा पुरुष र महिला बिच

फरक रहेको छ । महिला धेरै पछाडि छन् । महिला र पुरुष समाजका महत्वपूर्ण दुई पाटाको रूपमा रहेको भएपनि जति पुरुष सशक्त रूपमा अगाडि बढ्न सकेका छन् । तुलनात्मक रूपमा महिला अगाडि आउन सकेका छैनन् । नेपालको पितृसत्तात्मक समाज, सामाजिकीकरण प्रक्रिया, शक्ति सम्बन्धमा असमानता, विभेदीकरण जस्ता तत्वले महिलालाई विभिन्न घरायसी हिंसा/समस्यामा पारेको छ । धार्मिक, सामाजिक, सांस्कृतिक, बन्धनका कारणले महिलाहरू घरभित्र नै सीमित रहनुपर्ने अवस्था छ । घरपरिवार सुरक्षाको दृष्टिले अति महत्वपूर्ण र सुरक्षा अनुभूति गरिने स्थान मानिन्छ । कुनै पनि व्यक्तिले डर र चिन्ता बिना बाच्न पाउनुपर्ने मानिसको अधिकार हो । हिंसाले मानव समाज (जीवनमा) अन्धकार निम्त्याउँछ ।

घरेलु हिंसा समाजको एक जटिल समस्याको रूपमा रहेको छ । लैङ्गिक दृष्टिकोणबाट गरिने अध्ययनको सन्दर्भमा महिलामाथि हुने गरेका भेदभाव र हिंसासँग सम्बन्धित शिक्षामा भेदभाव, बालविवाह, बहुविवाह, सामाजिक, आर्थिक, राजनैतिक, क्षेत्रमा महिलामाथि हिंसा तथा भेदभाव भइराखेको देखिन्छ । हिंसाले महिलाहरूको अवस्थामा कस्तो प्रभाव पारेको छ । आम महिलाहरूमा महिलामाथिको घरेलु हिंसाप्रति कस्तो धारणा बनेको छ भन्ने यस अध्ययनको चासो रहेको छ । महिलामाथिको घरेलु हिंसाले महिलाहरू सामाजिक, आर्थिक, शैक्षिक क्षेत्रमा पछि परेका छन् । यसमा पनि महिलाको स्रोत र साधनमा पहुँच नहुँदा आर्थिक पक्षमा परनिर्भर हुनुपर्ने बाध्यता रहेको छ । त्यसैले घरेलु हिंसा सहेर बस्नुपर्ने बाध्यता छ । यो सबै हिंसा तथा भेदभावको कारणले गर्दा भएको देखिन्छ । त्यसैले महिलामाथि परेको हिंसाले महिलालाई धेरै किसिमको असर पारेको छ । सामाजिक, मानसिक, सम्बन्धविच्छेद, परिवारको विनाश, आत्महत्यासम्म भएका छन् । महिलासँग सम्बन्धित अहिलेको सान्दर्भिक र अति सम्वेदनशील जटिल अवस्थामा रहेका महिलामाथिको घरेलु हिंसा सम्बन्धी अध्ययन अनुसन्धान हुनुपर्ने देखिन्छ । यो अध्ययनले पछि कुनै पनि लैङ्गिक दृष्टिकोणबाट गरिने अनुसन्धानलाई सहयोग गर्नेछ । यसले घरेलु हिंसा रोक्न स्थानीय वा राष्ट्रिय स्तरमा नीतिनियम ऐन कानून निर्माण गर्नमा नीतिनिर्मातालाई सहयोगी भूमिका खेल्ने छ । समग्र महिलामाथि हुने घरेलु हिंसा सम्बन्धी गरिने अध्ययनलाई सघाउने छ । यो एक ज्ञानात्मक, वर्णात्मक तथा विश्लेषणात्मक अध्ययन भएकोले महिलामाथि हुने घरेलु हिंसा जान्न चाहने सम्पूर्ण व्यक्तिलाई आधार बन्नेछ विशेष गरी समाजशास्त्रीय

अध्ययन गर्ने विद्यार्थी, योजनाकार, नीतिनिर्माता, प्रशासनिक प्रमुखहरू र कार्यान्वयकर्ता सरकारी तथा गैरसरकारी संगठनलाई समेत यो अध्ययन उपयोगी हुनेछ ।

## १.५ अध्ययनको सीमा

प्रत्येक अध्ययन अनुसन्धानको आफ्नै सीमाहरू हुन्छन् । यही सीमाहरूको आधारमा अध्ययनलाई सीमाबद्ध गर्नुपर्ने आवश्यकता हुन्छ । हिंसाका अन्य पक्ष अध्ययन नगरी हिंसाको स्थितिको र कारणहरूमा मात्र केन्द्रित रहेको छ । त्यसैले यो अनुसन्धान कार्यमा पनि निश्चित सीमाभित्र मात्र यसको परिणाम र निष्कर्ष स्वीकार योग्य हुनेछ । यो अध्ययन गण्डकी अञ्चल कास्की जिल्लाको पोखरा लेखनाथ २५ हेमजा अन्तर्गत आमासमूहका महिलाहरूमा घरेलु हिंसाको कारण र असर सम्बन्धी अध्ययन गरिएको छ । उक्त वडामा १५ वटा आमा समूहहरू छन् जसमध्ये ४ वटा आमा समूहहरूको अध्ययन गरिएको छ । यस अध्ययनमा विवाहित महिलाहरूलाई मात्र प्रतिनिधिको रूपमा छानिएको छ । यस अनुसन्धानको परिणामले सम्पूर्ण वडाको र अन्य क्षेत्रको प्रतिनिधित्व गर्न नसक्ला यदि गरेको खण्डमा निश्चित अवधिको लागि हुनेछ ।

## १.६ अध्ययनको संगठन

यस शोधपत्रको बनावट आठ अध्यायमा संगठित रहेको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि समावेश गरिएको छ  दोस्रो अध्यायमा विभिन्न क्षेत्रका साहित्यको पुनरावलोकन, ( अनुसन्धानको ढाँचा, तथ्याङ्क संकलनमा प्रयोग भएका विधि, तालिकीकरण, पाइचार्ट र विश्लेषण गर्ने विधि समावेश गरिएको छ । अध्याय चारमा अध्ययन क्षेत्रको परिचय उल्लेख गरिएको छ । अध्याय पाँचमा आमा समूहमा आवद्ध महिलाहरूको सामाजिक, सांस्कृतिक अवस्था, अध्याय छ मा घरेलु हिंसाको प्रकार, कारण, धारणा र चेतनाको अवस्थाबारे उल्लेख गरिएको छ । अध्याय सातमा हिंसा पीडित महिलाहरूको वैयक्तिक अध्ययन विश्लेषण गरिएको छ । अध्याय आठमा अध्ययनको सारांश, नतिजा, निष्कर्ष, सुझावहरू समावेश गरिएको छ ।

# अध्याय दुई

# सन्दर्भ साहित्यको पुनरावलोकन

## २.१ अवधारणात्मक छलफल

समाजले महिला र पुरुषलाई कस्तो प्रकारको भूमिका अधिकार स्रोत र साधन दिन्छ, उनीहरूलाई कस्तो किसिमले व्यवहार तथा मानसिकता विकास गर्न सिकाउँछ त्यसको अर्थबोध गर्नुलाई सामाजिक लिङ्ग वा जेन्डर भनीन्छ । जसरी लिङ्ग अन्तर्गत महिला वा पुरुष भनी जन्मजात निर्धारण भएर आउँछ । त्यसैगरी जेन्डर पनि लिङ्गका आधारमा व्यक्तिसँग जोडिएर आउने सांस्कृतिक मूल्य मान्यता, भूमिका तथा विशेषताहरूको समष्टिगत रूप हो (भाषिन, २००३) ।

महिला विरुद्धको हिंसा शारीरिक, लैङ्गिक, मानसिक, आर्थिक रूपमा रहेको हुन्छ । यसलाई जेन्डरको आधारमा गरिने हिंसा भनीन्छ । यो महिलाको समाजमा कस्तो स्थान रहेको छ । त्यसलाई हेर्दा देखिन्छ । महिला विरुद्धको हिंसालाई महिलाले मात्र भोग्नुपर्ने स्थितिमा हेरिन्छ (अधिकारी, २००४) ।

समाज भनेको विभिन्न संस्था, मूल्य, मान्यता, नियम परम्परा, मान्यताको गतिशील सन्तुलित व्यवस्थाको सञ्जाल भएको हुँदा महिला र पुरुषलाई निश्चित मूल्य, मान्यता, भूमिका र पदहरू दिइएको हुन्छ । यिनै मूल्य, मान्यता कतिपय अवस्थामा पुरुष केन्द्रित रहेका छन् भने कतिपय महिला केन्द्रित रहेका छन् । वास्तवमा नारीवाद महिलाहरूको पुरुष सरह समान अवसर, अधिकार र शक्तिको चाहना हो । यो पुरुष विशेषको विरोध नभएर महिला पुरुष दुवैको हित चाहने मान्यता हो किनकि महिला शोषण अत्याचारको विरुद्धमा कतिपय पुरुषहरू पनि लागेका छन् । जस्तैः नेपाल र भारतमा सती प्रथा र दाइजो प्रथाको विरोध चेलीबेटी बेचविखनको विरोध, नारीवादको सुरुवात १८ औं शताब्दीदेखि सुरु भएर अगाडि बढेको छ (चौलागाई, २०६०) । यस अध्ययनमा नारीवादी सिद्धान्तमा टेकेर आमा समूहका महिलाहरूको घरेलु हिंसाको कारण र असरलाई खोज तथा विश्लेषण गर्न खोजिएको छ ।

के लाई हिंसा मान्ने प्रश्नका आधारमा धकाल्नु, झट्कालेर तान्नु, झकुल्याउनु, कुनै चिजले हान्नु, हिर्काउनु, झापड वा चड्कन हान्नु, हात पाखुरा मर्काउनु, भुतेल्नु, हातैले वा अरु चिजले पिट्नु, लात्तीले हान्नु, घिसार्नु, थिलथिलो पार्नु, जीउमा आगो लगाउनु वा आगो सल्काइदिने कोसिस गर्नु, कुनै चक्कु, छुरी, बन्दुक वा हतियारले हान्नु वा देखाएर तर्साउनु, आफूले नचाहँदा नचाहँदै उससित यौनसम्पर्क राख्न लगाउनु वा त्यसको कोसिस गर्नु वा नचाहेको तरिकाले यौन क्रियाकलापमा संलग्न हुन बाध्य पार्नु वा त्यस्तो कोसि गर्नु आदिलाई हिंसामा राख्न सकिन्छ । त्यतिमात्र नभएर अर्काका सामु गाली गलौज गर्नु, सम्मानमा चोट पुऱ्याउनु, आफू वा आफ्नो नजिकको कसै (उदाहरण बच्चा) लाई हानि पुऱ्याउने धम्की दिनु वा आफैँलाई हीन देखाउने खालको अपमानजनक गाली गर्नु पनि हिंसा नै हुन् (MOHP, 2012)।

**घरेलु हिंसाको परिभाषा**

घरेलु हिंसा भन्नाले परिभाषा New Oxford Learner Dictionery (2005), अनुसार परिवार बिच अर्थात् परिवार भित्रका सदस्य भित्र हुने हिंसालाई बुझाउँछ । हत्या गर्ने वा अपहरण गर्ने, चोट पुऱ्याउने ध्येयले गरिने गविविधि एवम् नियन्त्रण गर्न नसकिने तीव्र अनुभूति तथा शारीरिक बलको रूपमा परिभाषित गरेको छ । महिलाको निजी वा सार्वजनिक जीवनमा शारीरिक यौनिक तथा मनोवैज्ञानिक रूपमा आघात पुऱ्याउने सञ्चालन गरिने लिङ्गमा आधारित क्रियाकलाप वा धम्की अन्य किसिमको दवाव वा स्वतन्त्रतबाट बञ्चित गर्ने कार्यलाई नै महिला विरुद्ध हुने हिंसा मानिएको छ । यस अन्तर्गत महिला विरुद्ध हुने धम्की, स्वतन्त्रबाट बञ्चितीकरण कुट्पिट, दुर्व्यवहार, बेचबिखन, बलात्कार देहव्यापार समेटेको पाइन्छ (United Nations, 1993) ।

मानव इतिहासदेखि नै महिलामाथिको विभेद रहेको छ । जसले गर्दा समाजमा घरपरिवारमा महिलालाई हिंसातिर धकेलेको छ । सामाजिक मूल्य मान्यता प्रकृतिले पहिलादेखि अहिलेसम्म पनि महिलाले हिंसाको शिकार बन्नु परेको छ । जसको सत्यतथ्य प्रमाण विभिन्न धार्मिक पुस्तकहरूमा देख्न र पढ्न पाइन्छ । जुन प्राचीन समयमा लेखिएका थिए । मनुस्मृति अनुसार महिला र पुरुष भगवानबाट जन्मिएका हुन् पुरुष र महिला भगवान्को देव्रे र दाहिने अंगहरू हुन् भनिन्छ । तरपनि त्यसै समयदेखि नै महिला र पुरुष बिच प्रशस्त विभेद भएको देखिन्छ । मनुस्मृतिमा मनुले व्यक्त गरे अनुसार पुरुषलाई महिलाको भगवान जस्तै गरी पूजा

गर्नुपर्ने, भनेको मान्नुपर्ने, पति मर्दा सती जानुपर्ने थियो (मनुस्मृति १/१५४) । जब राजनैतिक परिवर्तन भयो (सन् १९५१) पछि पनि महिलालाई कमजोर ठानी सामाजिक राजनैतिक र कानुनी आर्थिक र धार्मिक तत्वहरूले महिला कमजोर बनायो । जसले गर्दा महिला शोषण र घरेलु हिंसाका शिकार बन्ने गराएका छन, तर अहिले महिलाको स्थिति सुधार भएको छ भनीन्छ । तरपनि त्यति सन्तोषजनक देखिदैन महिला सधैँ जहाँ पनि शोषण दमन र हिंसामा तथा विभेदमा परेका छन् । सतीप्रथा, बहुप्रथा, बहुविवाह, उमेर असमानतामा विवाह बाल्यकाल विवाह जस्ता सामाजिक व्यवस्थाले झनै जरा गाडेको नेपाली समाजमा महिलाको स्थिति झनै नाजुक बनाउँदै लगेको छ । झनै हिंसा बढाएको थियो सतीप्रथा राणा शासन कालसम्म रह्यो भने बहुविवाह र बालविवाह अझै कायम र रह्यो ।

आर्थिक धार्मिक, कानुनका आधारमा संरचनात्मकतामा आधारित सामाजिक मूल्य मान्यता जस्ता तत्वले गर्दा समाजमा हिंसा रहेको देखिन्छ । दक्षिण एसियाको संस्कृति नै पितृसत्तात्मक रहेको कारणले महिलालाई दोस्रो लिङ्ग अथवा सहायक स्थानमा राखेको छ । सांस्कृतिक मूल्यमान्यता तथा व्यवहारले समाजमा छोरी बुहारीलाई परिवारमा दोस्रो स्थानमा राख्ने र वंश निर्धारणमा कुनै स्थान नै छैन । गर्भ अवस्थामा पनि महिलालाई बढी कारणको लोड हुन्छ, तर पोषण युक्त खानको व्यवस्था हुँदैन (UNICEF, 1986) ।

आमा हुन पाउनु महिलाको जन्मजात अधिकार हो । महिलालाई बच्चा जन्माउने भन्दैमा कमजोर ठान्नु हुँदैन । शिक्षा, सम्पत्ति राजनीतिक अधिकार बराबर नभएसम्म सहभागी र जिम्मेवारी महिलालाई नदिएसम्म महिला र पुरुषको दुवैको भेद नहटेसम्म समाजमा महिलाप्रतिको हिंसाको अन्त्य हुने छैन । नेपालमा महिलाको स्वास्थ्य आर्थिक र राजनैतिक सहभागिता- अति नै कम रहेको छ । नेपाली महिलाले समाजमा ३ प्रकारको बोझ भार उठाएका छन् । उत्पादन कार्य, घरको घर बाहिरको कृषि अन्य जागिर जसको कमाइलाई कुनै मूल्य दिइएको छैन । परिवारको सदस्यको रूपमा एउटा महिला आमा अथवा श्रीमती भएर परिवार तथा बच्चाको हेरचाह र सामुदायिक काममा फुर्सद मिलाएर सामाजिक काम विवाह व्रतबन्ध र अन्य काममा सहयोग गर्दछन् तर पनि महिलाको कामको कुनै मूल्य तिरिदैन कुनै उत्पादनमा जोडिदैन (आचार्य, १९८१) ।

### २.१.१ हिंसाका प्रकार

हिंसा विभिन्न किसिमका हुन्छन् जसलाई सामान्यतया यसप्रकार वर्गीकरण गर्न सकिन्छ । (नारी चेतना, २०५९) ।

**शारीरिक /यौन हिंसा**

कुटपिट गर्नु, अंगभंग गर्नु, यौन शोषण गर्नु, जबरजस्तीकरण गर्नु, देहव्यापारमा लगाउनु, शरीर जलाई दिनु । अप्राकृतिक रूपमा करणी गर्नु, बिरामी पर्दा औषधी उपचार नगर्नु, श्रम शोषण गर्नु, बहुविवाह गर्नु, प्रजनन स्वास्थ्य अधिकार नहुनु । असमान व्यवहार, गाली बेइज्जती गर्नु, समान अवसरबाट बञ्चित, भावना र अभिव्यक्तिको अपेक्षा गर्नु, आरोप प्रत्यारोपण गर्नु, भेदभाव गर्नु, शिक्षाबाट बञ्चित गर्नु, आवातजावतमा प्रतिबन्ध लगाउनु, पारिवारिक वहिष्कार गर्नु आदि रहेका छन् ।

**परिवारबाट हुने हिंसा**

हत्या, कुटपिट, झगडा, भ्रुण हत्या, खाना कम दिने, पौष्टिक आहारमा कमी, प्रजन अधिकारमा नियन्त्रण, यौन दुर्व्यवहार, बलात्कार, जबरजस्ती विवाह, धम्की, असमान व्यवहार, मानसिक अशान्ति, त्रास डर, इच्छा विपरीत गर्नुपर्ने काम, इच्छा विपरीत मान्नुपर्ने परम्परा जस्ता परिवारबाट हुने हिंसा हुन् ।

**समाजबाट हुने हिंसा**

सांस्कृतिक परम्परागत रूपमा गरिने हिंसा भेदभाव, धार्मिक, असमानता, शारीरिक यातना प्रजनन नियन्त्रण, छोराप्रतिको चाहना, सतीप्रथा, दासप्रथा, बेचबिखन, असमान ज्याला मजदुरी, व्यापारीकरण, संचार माध्यताबाट हिंसा, जवरजस्ती वेश्या बनाइने आदि समाजबाट हुने हिंसा हुन् ।

राजनीतिमा सहभागी हुने कम अवसर समुदायमा अगाडी आउन रोक, नीति कानुनमा भेदभाव, अनैतिक गर्भधारणको दोषमा महिलाले मात्र सजाय पाउने हिंसा महिलाले नागरिकताबाट बञ्चित आदि । समाजबाट हने हिंसा हुन् घरभित्र महिला माथि हुने यातनाहरूका आधारमा घरेलु  हिंसा विभिन्न प्रकारको हुन्छन् (नारी चेतना, २०५९) तीन हुन् :

| **शारीरिक** | **मानसिक** | **यौनिक** | **आर्थिक र सामाजिक** |
|---|---|---|---|
| कुटपिट गर्नु, थुन्नु, शारीरिक चोटपटक, खाना लाउनु, नदिनु, औषधि नगर्नु, घर निकाला गर्नु, शरीर जलाउनु, एसिड फ्याक्नु, परिवार मिलेर हत्या गर्ने प्रयास गर्नु | डर, धाक धम्की, गाली गलौज, झुटो आरोप लगाउने, मुठेभाव गर्ने, घोचपेच गर्ने, अपमानित गर्ने, इच्छा विपरित कागज वा सही छाप  गराउने | यौन सुरक्षा नहुने, स्वास्थ्य प्रति वेवास्ता गर्ने, अस्वाभाविक वा दवाव दिएर यौन शोषण गर्ने वा सम्बन्ध कायम गर्ने, परिवार नियोजनको साधन उपयोग गर्नबाट इनकार गर्ने, परिवारको अन्य सदस्यबाट आत्मसम्मानमा चोट पुऱ्याउने, यौन जन्य आसयले कुनै काम कुरा गर्ने । | महिलाको आय आर्जनका रकम घरको आम्दानीमा नजोडिने, महिलालाई रोजगारी आर्थिक आय आर्जनको काम गर्न नदिने, गर्न दिए पनि महिलाको (कमाइ) रकम घर परिवारले दिने, पारिवारिक स्रोतको पहुँच र नियन्त्रण उपभोगबाट बञ्चित गर्ने, महिलाको निजी सम्पत्ति नहुने, सानो उमेरमा छोरीलाई विवाह । |

महिलाका हिंसाका प्रकार मुख्य गरी ५ प्रकारका छन् (WHO, 1998)

क) शारीरिक हिंसा   ख) यौनिक हिंसा

ग) मानसिक हिंसा   घ) आर्थिक हिंसा

ङ) परम्परागत हिंसा

## २.२ सैद्धान्तिक समीक्षा

### महिलावादी सिद्धान्त

हाम्रो समाजमा महिलाको अवस्था अनुभव, स्थिति, पुरुषको भन्दा फरक मात्र नभई असमान पनि छ । भौतिक सामग्री, स्रोत, शक्ति, सम्बन्ध, कानुनी अधिकार, अवसरहरू, भूमिका, उत्तरदायित्व आदिजस्ता विभिन्न पक्षहरूमा महिलाहरूको स्थिति असमान छ । महिला विरुद्धको हिंसा, शारीरिक, लैङ्गिक, मानसिक आर्थिक रूपमा रहेको हुन्छ । यसलाई लिङ्गको आधारमा गरिने हिंसा भनीन्छ । यो महिलाको समाजमा कस्तो स्थान रहेको छ । महिला विरुद्धको हिंसालाई महिलाले मात्र भोग्नुपर्ने स्थितिमा हेरिन्छ (अधिकारी, २००४) ।

### समाजवादी महिलावाद

समाजवादी व्याख्या आमूल नारीवाद र मार्क्सवादी नारीवादको सम्मिश्रणबाट जन्मेको नयाँ नारीवादी व्याख्या हो । यसले मूलतः लैङ्गिक दमन र वर्गको कुरालाई उजागर गर्दछ । यो व्याख्या वास्तवमा विभिन्न विषयहरूबाट प्रभावित देखिन्छ । समाजशास्त्र, मानवशास्त्र, अर्थशास्त्र, राजनीतिशास्त्र, मनोविज्ञान आदि विषयको केही न केही रूपमा यसमा व्याख्या/प्रभाव परेको देखिन्छ । संरचनामा विभेद भएको कारणले महिला पुरुष बिच विभेद छ सो आधारमा महिलामाथि हिंसा बढी हुने गरेको देखिन्छ ।

### पितृसत्तात्मक

पितृसत्ता एक सामाजिक अभ्यास हो जसले परिवार वा समाजको हरेक विषयमा पुरुषको प्रधानता रहने वा हैकम चल्ने प्रचलनलाई पितृसत्ता र त्यस्तो समाजलाई पितृसत्तात्मक समाज भनिन्छ । यस्तो समाजमा आर्थिक राजनैतिक र सामाजिक क्षेत्रका सबै नीति निर्माणको विषयमा पुरुषहरूको एकतर्फी हैकम चल्छ । सन्तानको वंश नागरिकता अधिकार र अभिभावकको रूपमा पुरुषले मात्र मान्यता पाउँछ । समग्रमा सामाजिक रूपमा महिलाहरूलाई पुरुषको अधीनमा राख्ने सोच र व्यवहार नै पितृसत्ताको आधार हो जसले लैङ्कक विभेदलाई निर्माण गरिरहेको हुन्छ । यो सबै समाजमा रहेको परिवारमा देखिन्छ । पुरुषलाई उच्च र पहिलो महिला निच र दोस्रो दर्जामा राख्ने चलन छ ।

## पितृसत्तात्मक समाज र महिला हिंसा

पितृसत्ता एक सामाजिक अभ्यास हो जसले परिवार वा समाजको हरेक विषयमा पुरुषको प्रधानता रहने वा हैकम चल्ने प्रचलनलाई पितृसत्ता र त्यस्तो समाजलाई पितृसत्तात्मक समाज भनीन्छ । यस्तो समाजमा आर्थिक, राजनैतिक र सामाजिक क्षेत्रका सबै नीति निर्माणको विषयमा पुरुषहरूको एकतर्फी हैकम चल्छ । सन्तानको वंश नागरिक अधिकार र अभिभावकको रूपमा पुरुषले मात्र मान्यता पाउँछ । समग्रमा सामाजिक रूपमा महिलाहरूलाई पुरुषको अधीनस्थ राख्ने सोच र व्यवहार नै पितृसत्ताको आधार हो जसले लैङ्गिक विभेदलाई निर्माण गरिरहेको हुन्छ । परिवारमा पुरुष नै प्रमुख हुन्छ । श्रम र उत्पादन, सन्तानोत्पत्ति, गतिशीलता र महिलाको यौन इच्छामा समेत पुरुषको नियन्त्रण रहन्छ । पुरुषलाई उच्च र पहिलो महिलालाई निच र दोस्रो दर्जामा राख्ने चलन छ । परिवारमा आएका नयाँ पुस्तालाई पितृसत्तात्मक मान्यता र मूल्यहरू नै सिकाइन्छ । परिवारले स्तरीकृत प्रणालीलाई जन्माउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ । हाम्रो नेपाली समाजमा पनि पारिवारिक वातावरणले महिलालाई पछाडि पार्ने काम भइरहेको छ । जब नवजात केटीको जन्म हुन्छ, तब उसलाई अर्काको नासो, घर गरेर खानुपर्ने, पतिव्रता, चुलोचौको गर्नुपर्ने, यौन सामग्री आदि जस्ता शब्दहरू सँग परिचित गराइन्छ । जसले गर्दा आज नेपाली महिलाहरू धेरै पछाडि परेका छन् हिंसाका शिकार बनेका हेपिएका छन् । पितृसत्ताले संरचनात्मक रूपमा नै परिवारको महिलाहरू, अन्य पुरुषहरू, केटाकेटीहरू, वृद्धवृद्धा, अशक्त र घरेलु कामदारलाई मूल पुरुषको अन्तर्गत नियन्त्रणमा राख्दछ । भारतीय महिला अधिकारवादी कमला भासिनका अनुसार पितृसत्तात्मक अवस्थामा महिलाहरूको उत्पादन, श्रमशक्ति, महिलाहरूको प्रजनन शक्ति, महिलाहरूको यौनिकता, महिलाहरूको गतिशीलता र सम्पत्ति, व्यवसाय तथा अन्य आर्थिक स्रोत साधनमा पुरुषहरूको नियन्त्रण हुन्छ (भासिन, १९९३) ।

पितृसत्तात्मक व्यवस्थामा पुरुषहरूको स्थान उच्च हुन्छ । पुरुषहरू उच्च हुन्छन् भने महिलाहरू निम्न हुन्छन् । पुरुषका हातमा सामाजिक सांस्कृतिक, आर्थिक, धार्मिक, शक्ति हुन्छ तर महिलाहरू शक्ति अधिकारबाट बञ्चित हुन्छन् फलस्वरूप नारीहरू पुरुषको इच्छा र चाहनाअनुसार दविएका हुन्छन् अनि शोषित भएका हुन्छन् । महिला दमन र शोषण विश्वव्यापी रूपमा रहेको देखिन्छ । नेपालको सन्दर्भमा महिलाहरू पुरुष सरह सामाजिक,

सांस्कृतिक अधिकारबाट बञ्चित छन् भने अमेरिका जस्तो विकसित मुलुकमा पनि महिलाहरूको पुरुष समान पहुँच छैन । संसारका विभिन्न मुलुकमा महिलामाथि दमन गरिएको पाइन्छ। पितृसत्ताले महिलालाई हिंसातिर डोऱ्याएको पाइन्छ। (अर्याल, २०६२)।

महिला हिंसा लैङ्गिक असमानताको सिद्धान्त तथा महिलावादी अवधारणाले निजी तथा सार्वजनिक परिधिमा मूलत महिलामाथिको संरचनागत अत्याचार, समान, स्रोत र शक्तिका पहुँच हुन नदिनुको पछाडि वंशानुगत कारण पितृसत्ता हो भन्ने कुरा उल्लेख गरिन्छ। यसरी महिला विरुद्धको हिंसालाई विश्लेषण गर्दा हामी पितृसत्ता सम्बन्धी नैतिक व्यवहारले अध्ययन गर्नुपर्दछ। जसले परिवारमा महिला र पुरुषबीच असमानता र सामाजिकीकरणका अभ्यासहरूसँग परिचित गराउँछ जस अन्तर्गतः छोरालाई अत्याचारी र छोरीलाई पीडिततिर डोऱ्याउँछ जब तिनीहरू प्रौढ बन्छन् । पितृसत्ताको विचारधाराले पुरुषत्व र नारीत्वको पहिचानको अरु माथि शक्ति प्रयोग गर्ने क्षमतासँग समान बनाइनु प्राय आवश्यक छ। यी विचार धाराहरूमा नारीत्वको निर्माणमा महिला हिंसा, महिलाको पैत्रिक सम्पत्ति हो भन्ने स्वीकार्न उनीहरू निष्क्रिय र नम्र हुन आवश्यक छ। यसरी महिला तल्लो स्तरको र पुरुष उच्च स्तरको व्यक्तिको रूपमा गरिएको परिभाषा र यसलाई अझ बल प्रदान गर्ने नेपाली सामाजिक, सांस्कृतिक अभ्यासहरूका आधारमा लिङ्गका आधारमा हुने महिला माथि सधैं हिंसा असमान शक्ति स्रोत र साधन हो जसले महिला माथि सधै हिंसाको शिकार बनाइन्छ (Ritzer, 2000)।

## २.२.१ लैङ्गिक अवधारणा

### विकासमा महिला अवधारणा (WID)

सन् १९७० सम्मको विकासको लामो इतिहासले महिलाको योगदानलाई अस्वीकार गरे पनि ७० को दशकसँगै विकास प्रक्रियामा महिलाको समानुपातिक सहभागिता र विकास हुनुपर्ने कुरामा दरो आवाज उठाएको पाइन्छ । सन् १९७० मा अमेरिकामा सोसियोलोजी फर इन्टरनल डेभलपमेन्टको स्थापनाले विकासमा महिला सहभागिताको आवाजलाई अझ सशक्त बनाउने र सन् १९७० मै इस्टर बोसरपका अनुसार “आर्थिक विकासमा महिलाको भूमिका” नाम पुस्तक प्रकाशित भएपछि मात्र महिलाको भूमिकालाई मूल्यांकन गर्न प्रेरित गऱ्यो । खास गरी १९५० पछाडि आधुनिकीकरणको सिद्धान्तले विकासको नाममा धेरै विभेद र असमानताहरू बढ्दै गएको पाइयो । विकासको प्रक्रियामा माथिबाट तल जाने रणनीति

अपनाइएकोले समाजमा सन्तुलित विकास हुन सकेन । त्यसैले विकासलाई पुरुषको आँखाबाट मात्र नहेरेर महिलाको आँखाबाट पनि विश्लेषण गर्नुपर्ने कुरालाई जोड दिइयो (Mosse, 1993)।

विकासमा महिला अवधारणा अनुसार महिलाको भूमिकालाई यथोचित स्थान दिनका लागि उनीहरूलाई पुन उत्पादन क्षेत्रबाट निकाली उत्पादन क्षेत्रमा समावेश गर्नुपर्छ । उत्पादक क्षेत्र भनेका बजार श्रम शक्ति, आम्दानी, सिर्जनाका क्षेत्र हुन् । यस्ता क्षेत्रमा महिला सहभागितालाई उच्च प्राथमिकता दिँदै उत्पादन र पुन उत्पादनका सन्दर्भमा देखिएको विभाजनलाई हटाउने यसको अवधारणात्मक पक्ष हो । महिलालाई विकासको मूल प्रवाहमा ल्याउन निम्न पक्षमा जोड दिनु पर्ने मान्यता राख्दछ । कानुनी समानता, रोजगारीमा पहुँच, शिक्षा स्वास्थ्यमा अवसर, सम्पत्तिमा पहुँच, महिलालाइ सहयोग गर्ने उपयुक्त प्रविधि आदि हुन् । यसरी विड अवधारणाले अर्थतन्त्रमा महिलाको भूमिकालाई मूल्यांकन गर्दै जानकारी क्षेत्रबाट उत्पादन क्षेत्रमा जान प्रेरित गरेको पाइन्छ (एफ डब्लु एल डी, २०५८) ।

### महिला र विकास अवधारणा (WAD)

विकासमा महिला अवधारणाले महिलाको वास्तविक उन्नति गर्न नसकेको र विकासको मूल प्रवाहमा उनीहरूलाई समाहित गर्न नसकेको भन्ने तथ्यको आलोचना गर्दै सन् १९७० को उत्तरार्द्धमा महिला र विकास नामक अवधारणा देखा पऱ्यो । आधुनिकीरणको सिद्धान्त अनुसार सञ्चालित विकासको रणनीतिले अविकसित मुलुकमा नकारात्मक असर पऱ्यो । केन्द्रमा पृष्ठतर्फ अर्थात् माथिबाट तलतर्फ जाने विकासको रणनीतिले गरिब राष्ट्रको विकास अगाडि बढ्न सकेन । यिनै पृष्ठभूमिलाई आधार मानेर परनिर्भरताको सिद्धान्त देखा पऱ्यो । यस सिद्धान्तले धनी र गरिब राष्ट्रबीच केन्द्र र पृष्ठको सम्बन्ध रहने कुरालाई उल्लेख गरे जस्तै यसैलाई आधार मानी वाड अवधारणाले समाजमा पुरुष महिलाबिच केन्द्र र पृष्ठको सम्बन्ध रहने अवधारणा अगाडि साऱ्यो । महिला र पुरुष बिच असमान सम्बन्ध रहेको हुँदा महिला र पुरुषको बिचमा शोषित र शोषक, पीडित र पीडकको सम्बन्ध रहेको छ । जाति, वर्ग, स्थान र समाज अनुसार सम्बन्ध पनि फरक फरक रहेको छ । विकास प्रक्रियामा महिलाहरू सहभागी हुँदै आए पनि पुरुषले महिलाको यौनिकता माथि नियन्त्रण गरेको र सम्पत्तिमा महिलाको पहुँच नरहेको कारण महिला अधीनस्थ अर्थात् निम्न अवस्थामा रहेका छन् । समाजमा महिलामाथि विभिन्न किसिमका हिंसाहरू, बालविवाह, बहुविवाह कुटपिट,

यौन शोषण, यौन दुराचार, बेचविखन, भेदभाव, दासप्रथा, सतीप्रथा, झुमाप्रथा, कुमारी प्रथा विद्यमान छन् । यी प्रथाहरूले महिलाहरूलाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा शारीरिक तथा मानसिक प्रभाव पारिरहेका छन् । जीवनका अवसरहरूको सदुपयोग गर्न सार्वजनिक स्थानमा सहभागी हुन बाधा पुऱ्याएका छन् (अर्याल, २०६२) ।

त्यसैले महिलाविरुद्धको सबैखाले हिंसाहरूको अन्त्य गर्नुपर्दछ । महिलाको सबै किसिमको भूमिकाले पहिचान गरिनुपर्छ । सम्पत्तिमा  महिलाको पहुँच हुनुपर्ने, सम्पत्तिको पूर्ण वितरण हुनुपर्नेमा यस अवधारणा जोड दिएको छ ।

## २.२.२ महिलामाथि हुने हिंसाका आयामहरू

महिलामाथि हुने हिंसाका आयामहरू धेरै छन् जस्तै:

क) आर्थिक आयाम

ख) सामाजिक सांस्कृतिक आयाम (शिक्षा, स्वतन्त्रता)

ग) धार्मिक आयाम

घ) पितृसत्तात्मक नियम कानुन अथवा कानुनी आयाम

### क) आर्थिक आयाम र महिला हिंसा

जन्मने वित्तिकै वंश, सम्पत्ति, नाम, थर सम्पूर्ण नियन्त्रण पुरुषको पितृसत्तात्मक समाज तथा प्रणालीमा महिलाको सम्पत्तिमा नियन्त्रण रहँदैन । महिलाको कामलाई न त देख्न सकिन्छ न त पैसा तिरिन्छ । महिलाको कार्य छायामा परेको हुन्छ । १८ घण्टा काम घरको गर्छन् तर त्यति महत्व दिँदैन । महिलाको बच्चा जन्माउने, पालनपोषण गर्ने काम मात्र हो । भनीन्छ उनीहरूको श्रम शक्तिलाई आर्थिक योगदानको रूपमा लिँइदैन नेपाली समाज हिन्दू धर्म दर्शनद्वारा निर्देशित समाज भएकाले महिलालाई अझै पनि घरभित्र चुलो चौका र घाँसपात बाहेक अन्य क्षेत्रमा गतिशील बनाएको देखिदैन घरको आर्थिक निर्णय गर्दा यात महिलालाई थाहै हुँदैन थाहा भए पनि उनीहरूको निर्णय लागू हुँदैन । निर्णय प्रक्रियामा महिला सहभागी बनाइएको हुँदैन । महिलाहरू आर्थिक आयाम लैङ्गिक भेद गरिएको छ । मार्क्सवादी महिलावादीहरू आर्थिक समानता, उत्पादन भूमिका, उत्पादनको स्रोत र साधनको पहुँचमा महिलालाई विभेद र शोषण गरिएको छ । जुन पूँजीवादी समाज तथा पितृसत्तात्मक

समाजमा रहिरहेको छ । महिलामाथिको शोषण दमन र हिंसा केही मुख्य सहरिया महिलाहरूले आफूलाई धेरै अगाडि पुऱ्याइसकेका छन्, तरपनि लगभग ९० प्रतिशत महिलाहरूलाई आर्थिक क्षेत्रमा लैङ्गिक विभेद गरिएको छ । यसले महिलाहिंसा तिर डोऱ्याएको देखिन्छ (रिट्जर, २०००) ।

विश्वभरिका महिलाहरूको श्रमको अवमूल्यन भइरहेको छ । नेपाली समाजमा पनि महिलाले गर्ने घरायसी कार्य, कृषि कार्य बच्चा उत्पादन कार्यको कुनै मूल्यांकन नै गरिदैन । तिम्रो श्रीमती के गर्दछिन् भन्दा घरमै बस्दछिन भन्ने पुरुषको भनाइ रहन्छ । जबकि नेपाली समाजका महिलाले विहान चार बजे सबेरै उठ्ने घर आँगन सफा गर्ने, खाना बनाउने पानी बोक्ने (धारा, कुवामा गएर) कपडा धुने, बजार गएर आवश्यकताका सामान किन्ने पशुपालनलाई हेरचाह, बच्चाको खानपान सरसफाइ घरपरिवारको दैनिक खाना बनाउने लुगाधुने सम्पूर्ण कामको कुनै मूल्य नै गरिदैंन । नेपालमा महिलाको दैनिक १८ घण्टा यसरी नै बित्ने गर्दछ । नेपाली महिलाको मात्र नभएर विश्वको आधा आकाश ओगट्ने सम्पूर्ण महिलाको जीवन चर्या यस्तै रहेको छ । यसो हुनु पनि पितृसत्तात्मक सामाजिकीकरणले गर्दा भएको हो (आई एल ओ सर्भे, १९७७) जसले गर्दा महिला झनै शोषित र पीडित बनेका छन् । यसरी महिलाको विकास हुन सक्दैन । सहरका केही महिलामात्र हेरेर हुँदैन अधिकांश महिलाहरू अनौपचारिक, निर्वाहमुखी, घरायसी, ज्याला प्राप्त नहुने तथा कम ज्याला प्राप्त हुने कार्यमा संलग्न रहेका छन् महिलाको कामलाई अधिक कम उपार्जनयुक्त क्रियाकलापमा परिणत गर्न सकिएको स्थितिमा र महिला परनिर्भर बनि रहने आत्मनिर्भर बन्न नसक्ने स्थिति रहेसम्म महिलामाथिको हिंसा हट्ने संकेत देखिँदैन । समग्रमा आर्थिक तथा गैर आर्थिक क्रियाकलापमा प्रतिहप्ता नेपाली महिला र पुरुषको संलग्नता क्रमशः १०३.९ घण्टा र ९८.८ घण्टा रहेको छ (मानव लैङ्गिक विकास प्रतिवेदन २००१) ।

## २.२.३ महिलामाथि हुने हिंसाका चरणहरू

- महिलालाई कानुन तथा अधिकारबाट बञ्चित गरिने महिलाले आफूमाथि भएको हिंसाको प्रतिकार गर्न पहुँच नहुने स्थिति पैदा गर्नु ।
- छोरीलाई हेला गर्नु छोरा पाउन कुर्नु ।
- छोरीलाई शिक्षा, स्वास्थ्य, पोषणयुक्त खानाबाट बञ्चित पार्नु तथा घरको बोझिलो काममा लगाउनु ।

- छोरीलाई सानै उमेरमा विवाह गर्नु, यौन सम्बन्धमा र बच्चा पाउने कुरामा कुनै अधिकार नहुनु यौन साथीको यौन व्यवहारमा नियन्त्रण नहुनु एवम् स्वास्थ्य सुविधाबाट बञ्चित हुनु ।
- घरेलु काम तथा उत्पादनमूलक कामको बोझ पोषण शारीरिक यातना हुनु
- शारीरिक अस्वतन्त्रता हुने पाको महिलालाई कुनै सुविधा नहुनु
- घरेलु यौन शोषण, वेश्यवृत्ति, कृषि तथा औद्योगिक प्रतिष्ठानमा श्रम शोषण हुनु

(राजभण्डारी, २०६१)

## महिला र काम

महिलाहरूलाई शैक्षिक क्षेत्रमा पनि भेदभाव गरिन्छ । सिप विकास र स्वतन्त्र निर्णय गर्नका लागि आवश्यक व्यक्तिगत भौतिक रूपले हिँडडुल गर्नबाट पनि उनीहरू ठगिएका छन् । यस्तो चलनले श्रमबजारमा प्रवेश लगायत अन्य पक्षमा ठूलो महत्व राख्दछन् । महिला पुरुषको दाँजोमा धेरै समय काम गर्दछन् तर आयमूलक रोजगारीमा थोरै अवसर पाउँदछन् तथा सम्पत्तिको सीमित अधिकार मात्र राख्दछन् (नेपाल मानव विकास प्रतिवेदन १९९८) ।

महिलाको कामलाई विभिन्न समुदाय तथा समाजले भिन्दा भिन्दै अर्थ लगाउँछन् । अमेरिकन ग्रामीण कृषि समाज र औद्योगिक समाजमा आर्थिक अवस्थाको कुरा गर्दा महिलाको कामलाई केही रूपमा भएपनि परिवर्तन गरिएको छ । दोस्रो विश्वयुद्ध अगाडि र पछाडि महिलाको कामको प्रकार, काम अनुसारको तलब स्केल, सामाजिक व्यवहारहरूमा महत्वपूर्ण परिवर्तन भएका छन् (जेनेसी र हिलेन, १९९२) ।

एक्काइसौं शताब्दीमा प्रवेश गर्न लागेको नागरिक सहभागिता र क्रियाशीलताको आजको प्रतिस्पर्धात्मक युगमा पनि हाम्रो समाज लैङ्गिक असमानता र भेदभावबाट मुक्त भएको छैन । यो असमान र भेदभवाको स्थिति दक्षिण एसियाकै परिप्रेक्ष्यमा अत्यन्त उच्च छ । नेपाली महिला अशिक्षा, अस्वस्थता, गरिबी, रुढीवादी संस्कृति आदिका कारणले समाजका हरेक क्षेत्रमा शोषित, पीडित, उपेक्षित र असुरक्षित जीवन यापन गर्न विवश भएका छन् (ऐजन) । छैटौं योजनाको सुरुवातदेखि नै विकास अभियानमा महिलाहरूलाई सहभागी गराउने नीति राज्यले अवलम्बन गर्दै आएपनि लैङ्गिक असमानताको अन्त्य हुने कुनै

लक्षणहरू देखिएका छैनन् । समष्टिगत रूपमा नेपाली महिलाहरूका आर्थिक  सामाजिक स्तर पुरुषहरूका तुलनामा निकै पछाडि छ । नेपालको राष्ट्रिय योजना आयोगको अनुसार पनि ८०००० कर्मचारीहरूमा ५००० मात्र महिला कर्मचारीहरू छन् । त्यस्तै नेपालीहरूको औसत आयुमा पनि महिला र पुरुषका बिचमा भिन्नता देखिएको छ । पुरुषहरूको औसत आयु ५७ वर्ष रहनु र महिलाहरूको ५३.४ रहनुले पनि यो असमानताको पुष्टि गर्छ । कुल साक्षरता ४८ प्रतिशतका अनुपातमा महिला साक्षरता ३० प्रतिशत र पुरुष साक्षरता ६६ प्रतिशत रहनु सामाजिक असमानताको अर्को प्रमाण हो यद्यपि नेपाल अधिराज्यको संविधान २०४७ ले महिलाहरूका लागि कानुनी असमानता र सामाजिक सुरक्षाको प्रत्याभूति गरेको छ (अधिकारी, २०५७) ।

संविधान २०४७ को भाग ३ धारा ११ (२) मा "सामान्य कानुनका प्रयोगमा कुनैपनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जातजाती वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन" भन्दै भाग ४ मा राज्यका निर्देशक सिद्धान्त र नीतिहरू अन्तर्गत "महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकारिक सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्ने छ ।" भन्ने कुरा उल्लेख गरिएको छ । त्यस्तै प्रतिनिधि सभाको चुनावका लागि हरेक दलले कम्तीमा  ५ प्रतिशत महिला उम्मेदवारी दिनै पर्ने र राष्ट्रिय सभामा प्रतिनिधिसभाद्वारा एकल संक्रमणीय मतका आधारमा निर्वाचित हुने ३५ जना सदस्यहरूमा ३ जना महिला समावेश गराउनुपर्ने व्यवस्था यस सन्दर्भमा अत्यन्त सकारात्मक पक्षहरू हुन् (नेपाल अधिराज्यको संविधान, २०४७) ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ ले गाउँ विकास समिति र नगरपालिकाका वडा तह निर्वाचित महिला पदाधिकारी हुनै पर्ने व्यवस्थाले राष्ट्रिय विकासको नीति तथा कार्यक्रमको निर्माण प्रक्रियामा स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्म महिला सहभागितालाई अभिवृद्धि गर्ने राज्यको मनसाय रहेको पुष्टि हुन्छ । महिला तथा समाज कल्याण मन्त्रालयको स्थापना यसै प्रसंगमा अर्को सकारात्मक कदम हो । राज्य व्यवस्थाका सन्दर्भमा यस किसिमका सकारात्मक पहलहरू भएपनि महिला कानुनी भेदभाव अझै विद्यमान छन् । अंश हक र पारपाचुकेको हक जस्ता क्षेत्रम यो भेदभावहरू हटन् सकेको छैन । मुलुकी ऐन २०१९ का केही धाराहरूलाई हेर्दा पनि यो कुरा स्पष्ट हुन्छ ।

समग्रमा “महिला विरोधी आर्थिक राजनैतिक र सांस्कृतिक संरचना र मान्यता नेपाली समाजमा व्याप्त छ । वंश स्थापना, वासस्थान, उत्पादन, साधन स्रोत र अन्य सम्पत्तिको अंशवण्डा सबै पितृसत्तात्मक रहनु यस्ता असमानताका मूल संरचनात्मक आधार हुन् । यसैगरी छोरा पाउने अति मोह, छोरा र छोरीको लालनपालन, शिक्षामा गरिने भेद, छोरीभन्दा छोराले पढ्न घर बाहिर काम गर्न र आय आर्जन गर्न पाउने अति प्राथमिकता घरभित्र छोरी र महिलाले छोरा र पुरुषले भन्दा निकै बढी खट्नुपर्ने बाध्यता आदिले पनि यस्तो असमानताको पुष्टि गर्छ (मानवीय विकास, १९९८) । यति मात्र होइन श्रम विभाजनको दृष्टिकोणले पनि महिला र पुरुषको बिचमा असमानता छ । विश्वका अन्य मुलुकहरूमा भन्दा नेपाली महिलाहरूमा कामको भार निकै छ । नेपाली समाजले प्रजनन तथा घर गृहिणीका कामहरूलाई श्रमको रूपमा स्वीकार गरेको छैन । श्रम बढी गरेर पनि आयमूलक रोजगारीमा महिलाहरू ठगिदै आएका छन् । विश्वका महिला जस्तै नेपालका महिलाहरूले पनि प्रजनन, घर गृहस्थी र रोजगारीको दायित्व समालेका छन् तैपनि सरकारी निकायहरू प्रजननलाई काम नै मान्दैनन् । घर गृहस्थीको काम उत्पादनशील नै ठान्दैनन् ।

## महिला र शिक्षा

राष्ट्रिय योजना आयोगको शिक्षा सम्बन्धी सुपरीवेक्षक सूचनाको अनुसार केटाहरूको तुलनामा केटीहरू विद्यालय छाड्ने जोखिममा छन् । यस्तो हुनुमा केटीहरूले मुख्यतया घरको काममा विहान बेलुका सघाउनुपर्ने घरमा पढ्ने समय नपाउने नै रहेको छ । धेरैजसो परिवारमा छोरीलाई औपचारिक शिक्षा दिनुको सट्टा वैज्ञानिक जीवन उपयोगी कृषि घर गृहस्थीका सिपहरू सिकानुलाई प्राथमिकता दिन्छ । छोरीलाई विवाहपछि अर्काको घरम पठाउनुपर्ने हुँदा धेरै जसो आमाबाबुहरू छोरीको पढाइतर्फ खर्च गर्न चाहँदैनन् । परिवारमा छोरा र छोरीको पढाई खर्चको बाँडफाँड गर्दा छोरीको पढाइमा भन्दा छोराको पढाइलाई प्राथमिकता दिन्छन् (मानव विकास प्रतिवेदन १९९८) ।

केटीहरूलाई स्कुलमा आउन बढी प्रेरित गर्न प्रत्येक स्कुलमा १ जना महिला शिक्षिका राख्ने नीति अवलम्बन गरिएका पनि शिक्षिकाको अनुपात १७ प्रतिशत मात्र रहेको छ । १९९१ जनगणना अनुसार प्राथमिक शिक्षा प्राप्त महिलाहरू ३४.९ प्रतिशत र माध्यमिक शिक्षा प्राप्त महिलाहरू २८.२ प्रतिशत र उच्च शिक्षा हासिल गरेका २४.१ प्रतिशत थिए ।

राष्ट्रिय योजना आयोग आयोगद्वारा प्रकाशित तथ्याङ्क सन् २००३ का अनुसार पुरुष साक्षरता ६५.८ प्रतिशत रहेकोमा महिला साक्षरता ४२.४९ प्रतिशत रहेको उल्लेख छ (जनगणना, २०५८) ।

## २.२.४ महिला र राष्ट्रिय कानुन

### बहुदलीय व्यवस्था पुनस्थापनापछि महिलाको स्थिति

वि.सं. २०४६ सालको जनआन्दोलनपछि वि.सं. २०४७ सालमा बनेको नेपाल अधिराज्यको संविधाले लिङ्गका आधारमा महिला पुरुषलाई कुनै भेदभाव नगर्ने कानुनी मान्यताको प्रतिस्थापन गरायो । महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव विरुद्धमा तयार पारिएको महासंन्धीलाई नेपालले सन् १९९० मा अनुमोदन रहेको छ । विभिन्न अर्न्तराष्ट्रिय सन्धीहरूमा नेपालले प्रतिबद्धता जनाएको छ । सन् १९९५ मा चीनको राजधानी बेइजिङ्मा भएको चौथो विश्व सम्मेलनमा नेपालले भाग लिन  त्यसैका आधारमा महिला विकासका कार्यक्रमहरू आरम्भ गरेको पाइन्छ । सन् १९०५ मा महिला तथा समाज कल्याण मन्त्रालयको स्थापना भएको छ । विश्वव्यापी रूपमा विकास भएका महिलावादी आन्दोलन (Feminist Movement) साहित्य, कानुनी उपचार तथा शिक्षा र चेतनाका कारण महिलाको अवस्थालाई पुरुष सरह बनाउनुपर्छ भने दृष्टिकोणको विकास भएको छ । विश्वका अधिकांश देशहरूले महिला भेदभाव, हिंसा र दमन विरुद्धमा अर्न्तराष्ट्रिय महासन्धिहरूमा हस्ताक्षर गरिसकेका छन् । यस परिप्रेक्षमा नेपालमा पनि महिलाको अवस्थामा सकारात्मक परिवर्तन र सकारात्मक परिवर्तनका लागि म ाध्यमहरूको विकास हुँदै गएको छ । जसलाई केही बुँदामा राखेर व्याख्या र विश्लेषण गर्न सकिन्छ (चौलागाई, २०६८) । जसअनुसारः

क) पैत्रिक सम्पत्ति माथिको हक सम्बन्धी कानुनमा पुनरावलोकन,

ख) गर्भपतन सम्बन्धी कानुनी व्यवस्था

ग) महिलालाई यौन अधिकारको कानुनी व्यवस्था,

घ) छुट्टै महिला, मन्त्रालयको व्यवस्था,

ङ) पारिवारिक कानुन, घरेलु हिंसा तथा देहव्यापार सम्बन्धी छुट्टै कानुनका व्यवस्था र कानुनी उपचारको व्यवस्था,

च) महिला  विषयको अध्ययनमा एक वर्षे डिप्लोमा अध्ययनको व्यवस्था,

छ)　स्वतन्त्र महिला आयोगको व्यवस्था,

ज)　स्थानीय निकाय तथा राष्ट्रिय राजनीतिमा राजनैतिक दलहरूले निश्चित उम्मेदवारको व्यवस्था गर्नुपर्ने कानुनी आधारको विकास,

झ)　लैङ्गिक विषयमा नेपालमा सरकारको राष्ट्रिय चासोको विषय बन्नु, गैर सरकारी क्षेत्रबाट महिला विकासका लागि प्रशस्त कदम चाल्नु,

ञ)　महिला भेदभाव विरुद्धका अन्तर्राष्ट्रिय महासन्धिमा नेपालले हस्ताक्षर गर्नु ।

ट)　सूचना तथा संचार जगतले महिला विकासको सवाललाई महत्व दिने । आदि पक्षहरू महिला विकासका लागि सकारात्मक कदम हुन् ।

**२.२.५ महिला भेदभाव विरुद्ध विकास गरिएका अन्तर्राष्ट्रिय सन्धीहरू र नेपालको प्रतिबद्धता**

वर्तमान विश्वको परिस्थितिलाई हेर्दा नीतिगत रूपमा जातीय भेदभावको अन्त्य गर्ने घोषणा प्राय सबै राष्ट्रहरूले गरेको पाइन्छ । विश्वका धेरै राष्ट्रहरूले संयुक्त राष्ट्रसंघको मानव अधिकारको विश्वव्यापी घोषणादेखि लिएर आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार, महिला विरुद्धको भेदभाव, बालशोषण र दासत्वको अन्त्य गर्ने जस्ता कैयौं अन्तर्राष्ट्रिय सन्धीहरूमा हस्ताक्षर गरेका छन् । सन् १० डिसेम्बर १९४८ का दिन संयुक्त राष्ट्रसंघको महासभाको बैठकद्वारा पारित मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको धारा २, ४ र ७ मा भनीएको छ ।

“जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा अन्य विचार राष्ट्रिय वा सामाजिक उत्पत्ति सम्पत्ति वा अरु कुनै हैसियतका आधारमा भेदभाव नगरी प्रत्येक व्यक्तिलाई यस घोषणामा उल्लेखित अधिकार र स्वतन्त्रताको अधिकार हुनेछ । बाधा वा दास बनाई कसैलाई पनि राखिने छैन । दासत्व र दासदासीको व्यापार प्रत्येक रूपमा निषेध गरिएको छ । कानुनको दृष्टिमा सबै समान छन् र बिना भेदभाव सबै कानुको समान संरक्षणका अधिकार हुनेछन्” (सीमो नाइड, १९९८) ।

नेपालले पुरुषसरह महिलालाई अधिकार प्रदान गर्ने विभिन्न अन्तर्राष्टिय महासन्धिहरूमा आफ्नो समर्थन औपचारिक रूपमा प्रदर्शन गरेको छ । २०४६ सालको जनआन्दोलनपूर्व नेपालको ८ यस्ता सन्धिमा आफ्नो प्रतिबद्धता जाहेर गरि सकेको छ । जसमा दासत्व महासन्धि २५ सेप्टेम्बर १९२६ जसलाई नेपालले १९६३ मा अनुमोदन सम्मिलन गरेको

थियो । दासत्व महासन्धिलाई संशोधन गर्ने प्रोटोकल, २३ अक्टोबर १९५३ (जेनेभामा हस्ताक्षरित) जसलाई नेपालले १९६३ मा अनुमोदन गरेको थियो । दासत्व, दास, व्यापार र दासत्व समान संस्था र अभ्यासहरूको उनमूलन सम्बन्धी पूरक महासन्धि, ७ सेप्टेम्बर, १९५६ (जसलाई नेपालको १९६३ मा अनुमोदन गरेको थियो । दासत्व, दास-व्यापार र दासत्व समान संस्था र अभ्यासहरूको उन्मूलन सम्बन्धी पूरक महासन्धि, ७ सेप्टेम्बर, १९५६ (जसलाई नेपालको १९६३ मा अनुमोदन गरेको थियो) । महिलाको राजनैतिक अधिकार सम्बन्धी महासन्धि, २० डिसेम्बर, १९५२ (जसलाई नेपालले १९६६ मा अनुमोदन/सम्मिलन गरेको थियो) जाति हत्या, अपराधको रोकथाम र सजाय सम्बन्धी महासन्धि, ९ डिसेम्बर १९४८ (जसलाई नेपालले १९६९ मा अनुमोदन गरेको थियो) विभिन्न किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २१ डिसेम्बर १९६५ (जसलाई नेपालले १९७१ मा अनुमोदन गरेको थियो) रंगभेद अपराधको दमन र दण्डसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, ३० नोभेम्बर, १९७३ (जसलाई नेपालले १९७७ मा अनुमोदन /सम्मेलन गरेको थियो) ।

त्यस्तै जनआन्दोलन २०४६ पछि नेपालले बाल अधिकार सम्बन्धी महासन्धि, २० नोभेम्बर १९८९ (जसलाई नेपालले १९९० मा अनुमोदन गरिसकेको थियो), महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, १८ डिसेम्बर, १९७९ (जसलाई नेपालले १९९१ मा अनुमोदन/सम्मेलन गरेको थियो) । नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १६ डिसेम्बर १९६६ (जसलाई नेपालले १९९१ मा अनुमोदन/सम्मेलन गरेको थियो) । यातना तथा क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि, १० डिसेम्बर, १९८४ (जसलाई नेपालले १९९१ मा अनुमोदन/सम्मेलन गरेको थियो) , जीउ मास्ने, बेच्ने तथा अरुको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि, २ डिसेम्बर, १९४९ (जसलाई नेपालले १९९५ मा अनुमोदन/सम्मेलन गरेको थियो) र मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दोस्रो स्वेच्छिक प्रोटोकल, १५ डिसेम्बर, १९८९ (जसलाई नेपालले १९९८ मा अनुमोदन/सम्मिलन गरिसकेको छ ।) जस्ता महासन्धिप्रति नेपालले आफ्नो प्रतिबद्धता जाहेर गरिसकेको छ ।

### २.२.६ लैङ्गिक असमानता र महिला सशक्तीकरणका लागि अन्तर्राष्ट्रिय प्रयासहरू

विभिन्न समयमा भएका अन्तर्राष्ट्रिय भेला, शिखरसम्मेलन र घोषणाहरू महिला सशक्तिकरण तर्फ सचेत छन् र केही कार्यक्रमहरूले महिलाको हैसियतको घोषणा पनि गरेको पाइन्छ । जसमध्ये केही महत्वपूर्ण प्रयासहरू निम्न अनुरूप रहेका छन् (माथेमा, २०६६) ।

क) विशेष शब्दमा समानताको सिद्धान्तको पहिलो अन्तर्राष्ट्रिय सन्धि संयुक्त राष्ट्रसंघको वडापत्र थियो यसले आधारभूत मानव अधिकार, मानवीय मूल्य र मर्यादा, महिला र पुरुषलाई समान अधिकार धर्म, वर्ण लिङ्ग र भाषाको विना भेदभाव मौलिक स्वतन्त्रतालाई पुन पुष्टि गर्‍यो ।

ख) मानव अधिकार विश्वव्यापी घोषणा पत्र (१९४८) मानव भेदभाव रहित समानताको सिद्धान्तलाई घोषणा पत्रको सारमा सूत्रवद्ध गरियो ।

ग) आधारभूत महिला अधिकार सम्बन्ध केही विशिष्ट दस्तावेजहरू:

घ) समान ज्याला सम्बन्धी महासन्धि १९५१: सन् १९५१ मा महिला र पुरुषबिच भेदभाव नराखी बराबर ज्याला दिइनुपर्छ भन्ने महासन्धि अन्तर्राष्ट्रिय श्रम संगठनहरूले पारित गर्‍यो र सोही अनुरूपको व्यवस्था लागू गर्न सम्बन्धित सबै राष्ट्रहरूलाई आह्वान गरियो र तदअनुरूपको व्यवस्था गर्न जोडा दिइयो ।

ङ) पेसागत भेदभाव उन्मुलन (१९६०): महिला र पुरुषबिच विद्यमान रोजगारी एवं पेसागत विभेदलाई विभेदलाई विचार गरी सन् १९६० मा अन्तर्राष्ट्रिय श्रम संगठनले महिला उपर भएको रोजगारी र पेसागत भेदभाव उन्मूलन सम्बन्धी महासन्धि पारित गरी यसलाई लागू गर्न जोड दियो । सन् १९६२ मा संयुक्त राष्ट्रसंघको महाअधिवेशनले विवाह, विवाहका लागि न्यूनतम उमेर, विवाह दर्ता सम्बन्धी महासन्धि पारित गर्‍यो (अर्थात् २०६२: ३४७) ।

च) अन्तर्राष्ट्रिय महिला सम्मेलन: सन् १९७२ मा संयुक्त राष्ट्रसंघको महासभाले १९७५ मा अन्तर्राष्ट्रिय नारी वर्ष, मनाउँदै महिला दशक र चारवटा अन्तर्राष्ट्रिय महिला सम्मेलनहरू मेक्सिको १९७५, नैरोवी १९८०, कोपेनहेगन १९८५ र वेइजिङ्ग १९९५ सबै महिलामाथि हुने भेदभावको अन्त्य गरी समाजमा समान सहभागिता समान अवसर दिने कुरामा जोड दिँदै प्रतिबद्धता साथ सम्पन्न भएका थिए (राष्ट्रिय मानव अधिकार आयोग, २०७१)

छ)  महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि (१९७९): सन् १९७९ मा संयुक्त राष्ट्रसंघले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्न महासन्धि पारित गऱ्यो । यो यस्तो ऐतिहासिक दस्तावेज हो जसले घरबाहिर र घरभित्र दुवै क्षेत्रमा महिलाका जीवनमा हुने प्रत्यक्ष, अप्रत्यक्ष सबै खाले भेदभावलाई सम्बोधन गर्ने लक्ष्य राखेको छ । यस्तो भेदभाव अन्त्य गर्ने उपायहरू अवलम्बन गर्न सबै राज्यलाई बाध्य पारेको छ । यसले मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणामा निहित लैङ्गिक संवेदनशीलतालाई नै सम्बोधन गरेको छ । यसले महिलामाथि गरिने भेदभावलाई लिङ्गका आधारमा गरिने राजनीतिक, आर्थिक सामाजिक, सा.स्कृतिक नागरिक अथवा अन्य कुनै क्षेत्रमा भेदभाव, बहिस्कार अथवा प्रतिबन्ध भन्दै परिभाषित गरेको छ । यो सन्धि १९८१ मा लागू भएको हो (राष्ट्रिय मानव अधिकार आयोग, २०७१) ।

ज)  भियाना घोषणा पत्र: जुन १९९३ मा मानव अधिकार सम्बन्धमा भियानमा भएको सम्मेलनले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव र हिंसामा गहिरो सरोकार राख्दै यिनलाई संसारभर उजागर गर्न र फैलाउन महिलाको मानव अधिकारको समान हैसियतलाई घोषणा पत्र स्थापित गरेको थियो (देवकोटा, २००७) ।

झ)  आइ.पि.डि. कार्य योजना: सन् १९९४ सेप्टेम्बर ५-१३ मा कायरोमा भएको सम्मेलनको प्रतिनिधिहरूले विश्वव्यापी शिक्षा, मातृ मृत्यु न्यूनीकरण, परिवार नियोजन प्रजनन तथा यौन स्वास्थ्य पहुँच प्रति सहमति जनाएका थिए यसले शिक्षा रोजगारमा लैङ्गिक समानता र परिवार नियोजनको नयाँ सम्भावनामा जोड दिएको छ (देवकोटा २००७) । यी अन्तर्राष्ट्रिय सन्धि र सम्मेलनहरूले नेपालमा महिला सशक्तीकरणमा ठूलो भूमिका खेलिरहेको छ ।

### २.२.७ महिला हिंसा उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय घोषणा

महिला हिंसा अन्त्यका लागि संयुक्त राष्ट्र संघद्वारा सन् १९९३, डिसेम्बर, २० मा घोषणा गरिसकेको छ । जसका लेखहरूमा परिभाषित छ कि लिङ्गका आधारमा गरिने महिला सम्बन्धी जुनसुकै हिंसालाई महिला विरुद्धका हिंसा भनीन्छ । यसमा महिलाले हिंसाको कारण सार्वजनिक र निजी जीवनमा व्यहोर्नुपर्ने शारीरिक, मानसिक र यौनिक हिंसा वा नोक्सान दु:ख पीडा जस्ता हिंसालाई महिला सम्बन्धी हिंसा मान्दै कानुनी रूपमै पूर्ण निषेध गरेको

छ । यस्ता क्रियाकलापलाई हिंसा मानेको छ जुन महिला स्वतन्त्रताबाट बञ्चित छन् व्यक्तिगत र सार्वजनिक जीवनमा । अन्य सदस्य राष्ट्रहरूलाई महिला हिंसा विरुद्धको कानुन निर्माण गर्न लगाइएको छ । लिङ्गका आधारमा गरिने हिंसा महिलाका मनोरञ्जन सम्बन्धी अधिकार र सुरक्षाको तथा आधारभूत र स्वतन्त्रता, समानता, राजनैतिक, आर्थिक, सामाजिक सांस्कृतिक, नागरिक अन्य क्षेत्रका अधिकार, मानव अधिकारभित्र पर्दछन् जुन यस प्रकार छन् ।

- आफ्नो जीवनको अधिकार
- समानताको अधिकार
- स्वतन्त्रता र सुरक्षाको अधिकार
- समान सुरक्षा र समान कानुनी उपचार
- विभिन्न भेदहरूलाई स्वतन्त्रताको अधिकार
- समान काम समान ज्यालाको अधिकार

-(संयुक्त राष्ट्र संघ १९९३)

त्यसपछि सन् १९९५ बेइजिङमा सम्पन्न चौथो सम्मेलनमा १८१ राष्ट्रका प्रतिनिधिहरूको सहभागिता थियो । यो सम्मेलनले विगतमा पारित पारिएका निर्णय र संयुक्त राष्ट्रसंघका घोषणापत्र तथा महासन्धिहरूलाई पुनरावलोकन गर्दै विगतमा पारित प्रस्ताव र घोषणाहरूलाई अझ राम्ररी लागू गर्ने अनि विश्वमा महिला समानता विकास र शान्ति प्राप्त गर्ने कुरामा पुनः प्रतिबद्धता जाहेर गरेको थियो । यसले महिला उत्थान, विकास र सशक्तिकरणका लागि मुख्य १२ वटा सराकारका क्षेत्र निर्धारण गरेको थियो । ती हुन् : महिला तथा गरिबी, महिला र शिक्षा, महिला र स्वास्थ्य, महिला विरुद्धको हिंसा, महिला र सशस्त्र संघर्ष, महिला तथा अर्थतन्त्र, महिला विकासका लागि संस्थागत संरचना, महिला र मानवअधिकार, शक्ति संरचना र निर्णायक तहमा महिला, महिला तथा सञ्चार, महिला तथा वातावरण र बालिका आदि ।

समयको माग अनुसार महिलाहरूलाई वैज्ञानिक प्राविधिक र राजनीतिक रूपले दक्ष बनाउनुपर्ने भएको हुँदा विकासका प्रक्रियाहरूमा महिला सहभागिता बढाउन उनीहरूलाई सशक्तिकारण गर्ने अनि लैङ्गिक समानता विकास र शक्तिको बाटोमा महिलाको समान सहभागिता गराउन विश्वव्यापी रणनीति तय गर्ने जस्ता काम पनि यस सम्मेलनले गरेको

थियो । यीमाथि चर्चित विभिन्न सन्दर्भ र सरोकारका क्षेत्र मूलतः राजनीतिक विषयसँग सम्बद्ध भए पनि नारीवादी सिद्धान्त भनेको पनि नारी आन्दोलनबाट विकास हुँदै आएकोले नारी शोषण र हिंसालाई प्रष्ट पार्दै नारी हक अधिकारीका क्षेत्रलाई प्रष्ट पारेको (संयुक्त राष्ट्र संघ १९९३) ।

## २.२.८ नेपालको सन्दर्भमा महिलाविरुद्धको हिंसा

नेपाल आर्थिक रूपले एउटा गरिब राष्ट्र हो । यहाँ पितृसत्तात्मक सामाजिक व्यवस्था मूल्य मान्यताका कारण महिला माथिका हिंसा हुने गर्दछन् । महिलाको जनसंख्या ५१.४४ प्रतिशत रहेको छ । शिक्षाको साक्षरता प्रतिशत पनि पुरुषको तुलनामा धेरै कमी रहेको छ । नेपालमा धेरै प्रकारका महिलामाथि हुने हिंसाका स्वरूपहरू रहेका छन् जस्तै यौनिक हिंसा र यातना यौनिक हतोत्साही, छुवाछुत, महिला तथा बालिक अपहरण, छोरालाई मान्यता दिन छोरी अपहेलनाको पात्र हेरिनु, मानसिक यातना, अपशब्द बोल्नु, बहुविवाह गर्नु, जारी विवाह, देउकी, बादी आदि हुन् । धार्मिक, सांस्कृतिक, अन्धविश्वास र रुढिवादी परम्परामा विश्वास गर्ने नेपाली समाज तथा महिलाहरूको स्थिति माथि उठ्न सकेको छैन । महिलाको सुरक्षाको अधिकारी घरमा र घरबाहिर सबै क्षेत्रमा मानव अधिकार भित्र पर्दछन् । तापनि परम्परागत पितृसत्तात्मक सामाजिक व्यवस्था त्यसका मूल्य र मान्यताका कारणबाट महिलाविरुद्धका हिंसा बढी रहेका छन् जसको कारणबाट महिलाको स्थितिको विकास हुन सकेको छैन साथै समाजको पनि विकास भइरहेको छैन । प्राय महिलाहिंसा सामान्य मानिन्छ नेपाली समाजमा यो कि त निम्न आर्थिक स्तर भएका परिवार कि त उच्च आर्थिक स्तर भएका परिवारमा र केही जात वा वर्गमा देखा परेको छ जो आर्थिक अवस्थाबाट निम्न छन् । जसको अन्य सुरक्षाको उपायहरू छैन । हिंसाका शिकार भएमा आत्मविश्वासको कमी हुने र पुरुषले पनि सामान्य रूपले हेर्ने नकारात्मक ढङ्गबाट हेर्ने, सहयोग नगर्ने हुन्छ । जब महिला हिंसामा पर्दछन् समाजले पनि वास्ता नगर्ने कानुनी रूपमा उपचार नपाउनेसम्म भएको देखिन्छ (आहुजा, १९९८) ।

अन्धविश्वासले महिला शिकार बनेका छन् । ग्रामीण तथा शिक्षाको अभावले महिला बढी धर्ममा विश्वास गर्दछन् । विभिन्न सांस्कृतिक मूल्य मान्यताले महिलाको स्थितिमाथि उठ्न सकेको छैन । नेपालमा लिङ्गका आधारमा महिलामाथि हुने हिंसाका प्रकारहरूलाई मूख्य गरि ५ भागमा राखिएको छ । शारीरिक, यौनिक, मानसिक, आर्थिक, परम्परा महिला सहयाकको रूपमा लिने गरिन्छ । महिला हिंसा संसारभरि नै रहेको र यसले स्वास्थ्य समस्या

महिलाको क्षमता र शक्तिको ह्रास, महिलाको स्वास्थ्यको तुलना गर्दा अति कमजोर स्थिति देखिन्छ (अधिकारी, २००४) ।

### २.२.९ महिला माथिको हिंसा विश्व सन्दर्भमा

महिला माथिको घरेलुहिंसा एउटा देश र समाजमा मात्र नभएर सबै राष्ट्र देशहरूमा फैलिएको छ । विकसित वा अविकसित सबै देशहरूमा महिला हिंसाका शिकार बनेका छन् महिलाहरू शिक्षाको कमी, गरिब, बेरोजगारका कारण महिलाहरू दविएका छन् हिंसा सहन बाध्य भएका छन् । भारत, पाकिस्तान तथा अन्य एसियाली देशहरूमा महिलाहरू पनि नेपाली महिलाहरू झै लैङ्गिक हिंसामा परेका छन् । नेपाल लगायत भारतमा विभिन्न प्रकारका घरेलु हिंसा हुने गरेका छन् दाइजो महिला हिंसाको मुख्य कारण बनेको छ । दाइजोसँग सम्बन्धित घटनाहरू बढी घटेका हुन्छन् । जहाँ २५०० दुलही (महिला) हरू प्रत्येक वर्ष मारिएका हुन्छन् । गर्भपतन पनि हिंसाको स्वरूप हो । लगभग ८००० बच्चाहरू गर्भपतन गराईन्छ । मुम्वैका क्लिनिकहरूमा जसमध्ये ७,९९९ केटी बच्चा रहेका हुन्छन् । केटा भन्दा केटी पाँच वर्ष नपुग्दै मर्ने गरेका छन् । विवाहित महिलाहरूमध्ये (१५-६० वर्ष) का ५६ प्रतिशत श्रीमान्को कुटाइ खाएका छन् । पितृसत्तात्मक व्यवस्थाको मुल्य मान्यतामा मान्ने कारणले ७० प्रतिशत महिलाहरू हिंसामा परेका छन् । उत्तर प्रदेशमा अज्ञानता कारण ४५ प्रतिशत महिला श्रीमान्को शारीरिक यातना कारण शिकार भएका छन् । न्यूदिल्लीमा ७० प्रतिशत महिला प्राय १६ वर्ष भन्दामुनिका महिला अपहरण र बलात्कारका शिकार भएका छन् (यूनिसेफ, २०००) ।

दक्षिण एसियामा पुरुष प्रधान परिवार तथा समाज रहेको र महिलाको महत्वलाई भन्दा पुरुषलाई बढी महत्व दिन्छ । महिलालाई सन्तान जन्माउने औजार र यौन इच्छा पूरा गर्ने वस्तुको रूपमा हेन्छि । त्यसैगरि श्रम शोषण पनि महिला माथि गरिएको छ । पुरुष नै उच्च स्थानमा रहेका छन् । महिलालाई दोस्रो दर्जाको नागरिक भनीन्छ । विभिन्न संगठनका विभिन्न अनुसन्धानहरूले के देखाएका छन् भने पुरुषका कारणबाट आफ्नो जीवन कालभरि प्रत्येक ५ महिला संसारमा शारीरिक यौनिक हिंसामा परेका छन् । दक्षिण एसियाको संस्कृतिले नै महिलालाई सहायक स्थान दिएको छ । सांस्कृतिक व्यवहारले तथा कानुनले महिलालाई तल्लो स्थान दिएको छ परिवारको स्थानमा महिला दोस्रो दर्जामा परेका छन् । गर्भवती अवस्थामा महिलाले कामको भार बढी बोक्नुपर्ने तर खानामा भेद गरिएको हुन्छ ।

कम खाना दिइन्छ, पोषणयुक्त खाना खान दिइएको हुँदैन (युनिसेफ, १९९६), संसारमै दक्षिण एसियालाई लैङ्गिक असमानता भएको मानिन्छ । केटी वा महिलालाई तल्लो सामाजिक स्तरमा देखिन्छ । केटा वा पुरुषको तुलनामा लगानी पढाई पूँजी खर्चमा पुरुषलाई भन्दा महिलालाई खर्च त्यति गरिँदैन (युनिसेफ, २००१)

## २.३ पूर्व अध्ययनको समीक्षा

लिङ्गका आधारमा गरिने घरेलु हिंसा नेपाली समाजमा इतिहासदेखि रहेको छ । नेपाली समाजमा कुल ३५% महिलाले लिङ्गको आधारमा घरेलु हिंसा अनुभव गरेका छन् । हिंसाको स्थितिलाई साथी नेपाल, संस्थाले १९९७ मा विश्लेषण गरेको छ । नेपाली समाजमा हुने गरेका महिला विरुद्धका हिंसा यस प्रकार छन् । ९३ प्रतिशत मानसिक यातना दिएर ८२ प्रतिशत पिटेर वा शारीरिक यातनका हिंसा, ३०% यौनजन्य हिंसा २८ प्रतिशत बलजर्वजस्ति गरेको हिंसा, ६४ प्रतिशत बहुविवाह गरेका हिंसा (साथी नेपाल, ११९७) ।

नेपालमा सम्पूर्ण हिंसा मध्ये ७० प्रतिशत हिंसा घरेलु हिंसा अन्तर्गत पर्दछन् । राष्ट्रिय महिला आयोगमा प्राप्त हुने उजुरीमा रिपोर्ट भएको तथ्याङ्क अनुसार सन् २०१० मा अहिले सम्मकै बढी महिला हिंसा भएको छ ।

१०१ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकले निकालेको प्रतिवेदनमा सो कुरा उल्लेख छ । प्रतिवेदन अनुसार सबैभन्दा बढी महिला हिंसाका घटनामध्ये पश्चिमाञ्चलमा १ सय ८५ महिलाहिंसाका घटना भएका छन् । १ सय ८५ घटनामा १ सय ८५ महिलापीडित छन् यस मध्ये सुर्खेतमा सबैभन्दा बढी ९३ र डोल्पामा सबैभन्दा कम एकमात्र महिला हिंसाको घटना भएको इनसेकले जनाएको छ ।

इन्सेकका अनुसार महिला विरुद्धका हिंसाका घटना आफ्नै नजिकका नातेदार, छिमेकी, राजनैतिक दलका प्रतिनिधि र सुरक्षाकर्मीबाट भएका छन् सरकारले महिलामाथि हुने हिंसा अन्त्य गर्न कानुन बनाएपनि कार्यन्वयन पक्ष फितलो रहेकाले महिला विरुद्धका हिंसाका घटनामा कमी आउन नसकेको उनीहरूको भनाइ छ । (हजुरको रेडियो अर्गनाइजेसन समूह) हिन्दू दर्शन शास्त्र मनुस्मृतिका अनुसार महिला र पुरुष भगवानले निर्माण गरेका छन् ।

तराईमा दाइजो प्रथाका कारण महिलामाथि अत्यधिक हिंसा हुने गर्दछ । नेपाली समाजमा पारिवारिक संरचना पितृसत्तात्मक समाज, मूल्यमान्यता विभिन्न सामाजिक बन्देजहरू रहेका छन् । तिनै मूल्यमान्यताले नेपाली समाजमा, घरपरिवारमा महिला विरुद्ध हिंसा निम्त्याएको छ । शिक्षा क्षेत्रमा पनि पुरुषभन्दा महिलाको साक्षरता प्रतिशत जम्मा २५% मात्रै रहेको छ । यो साह्रै थोरै मात्र साक्षरता प्रतिशत रहेको छ । जबकि पुरुषको ५४.५% साक्षरता प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना २०५८) । महिलाको जनसङ्ख्या ५१.५% छ । त्यसैकारण नेपालमा धेरै प्रकारका महिलाविरुद्धका हिंसाका स्वरूपहरू रहेका छन् । शारीरिक यौनजन्य पीडा छोरा नै चाहिन्छ भन्ने मान्यता दाइजो प्रथा, बलात्कार, मानसिक यातना शब्दहरूले घोच्ने भन्ने आरोपहरू लगाउने बहुविवाह जारी विवाह, देउकी बाधिनी जस्ता प्रथा आदिले हिंसा बढाएका छन् । गरिबी, अशिक्षा, आर्थिक क्षेत्रमा स्वामित्व कम हुनु आदि कारणहरू रहेका छन् । घरेलु हिंसा सबै समाजमा फैलिएको मुख्य समस्या हो । सांस्कृतिक, आर्थिक, धार्मिक तत्वहरूका साथै पुरुषले दबाउने नियन्त्रणमा राख्ने र महिलाले पीडा सहेरै सेवा गरिरहने कुनै गुनासो नगर्ने निरन्तर भइरहने प्रक्रिया बनेको छ । कानुनद्वारा पनि पुरुषलाई बाबुपछि सोझै छोरामा सम्पत्तिको हकलाई बाबु आमा श्रीमती सन्तानको रक्षा गर्ने कर्तव्य, मान्यता पुरुषलाई दिएको र महिला सधै पुरुषप्रति भर पर्नुपर्ने, आफ्नो कमाइ र आफू खुशी खर्च गर्न पाउने गर्दछ । यसरी महिला कानुनी, धार्मिक, सामाजिक, सांस्कृतिक, आर्थिक मूल्यमान्यतामा चल्नुपर्ने बाध्यता रहेको गरिबी, बेरोजगारी, रक्सी खाने बानीले पनि महिला र पुरुषबिच द्वण्द्व ल्याउँछ । महिलामाथिको घरेलु हिंसाले नेपाली समाजमा गहिरो जटिल जरा गाडेको छ । महिला र पुरुषको व्यक्तिगत चरित्र नै बनेको छ । बालिक अवस्थामा विवाह गर्ने दाइजो दिने लिने जातीयता रोज्ने सन्तानमा छोरा नै जन्माउनुपर्ने मान्यता राख्नेले पनि घरपरिवारमा हिंसा निम्त्याउने छ । जन्मदेखि वा गर्भपदेखि छोराछोरीमा भेदभाव गर्ने, शिक्षामा खानपानमा स्वास्थ्य उपचारमा स्वतन्त्रता आदि पक्षमा भेदभाव गर्ने नेपाली समाजको संस्कृतिको रूपमा रहेको छ । नेपाल सरकारले कानुनी वा सामाजिक भेदभाव गर्न नहुने घोषणा गरेपनि कुनै प्रगति भएको छैन । हिंसा घटेको छैन । परम्परागत पितृसत्तात्मक परिवार, गरिबी, अशिक्षा, फितलो कानुनी प्रावधानले नेपाली समाजमा महिला हिंसाको रोकथाम हुन वा नियन्त्रण हुन सकेको छैन (एम.ओ.पी.ई., २००४) ।

पितृसत्ताको सुरुवात कहिलेदेखि भयो भन्ने बारेमा एन्गलसको व्याख्या सन् १८८४ मा उनको पुस्तक ओरिजन अफि द फेमिली, प्राइभेट प्रोपर्टी एण्ड द स्टेटमा उल्लेख गरेका

छन् । उनको भनाइअनुसार महिलाको नियन्त्रण र शोषणको सुरुवात व्यक्तिगत सम्पत्तिको सुरुवातसँगै भएको थियो ।

नेपाली समाज बहुजाति, बहुसंस्कृति, बहुधार्मिक र भिन्न भौगोलिक अवस्थाको अनुपम सङ्गम स्थल हो । जहाँ भिन्न भाषा, जात, धर्म, संस्कृति र भौलिक अवस्था रहेअनुरूप भिन्न चाडपर्व संस्कृति र संस्कारहरू रहेका छन् । महिला अधिकारका कुरा महिलासँग मात्र सम्बन्धित नरही बालबालिका परिवार समाज र विश्व सामुदायिक उन्नति र हितको विषयहरू हुन भन्ने उल्लेख गरिएको छ । जसको सही अनुभूति आजसम्म पनि हुन सकिरहेको छैन । महिला अधिकार र समानताका कुराहरू कागजी रूपमा मात्र सीमित रही अझै परिणाममुखी हुन नसकेको र संयुक्त राष्ट्र संघले सहस्राब्दी सम्मेलनमा समेत राष्ट्र निर्मित कानुनहरूले नै महिला विरुद्ध प्रत्यक्ष रूपमा भेदभावपूर्ण व्यवहार गरिरहेको उल्लेख गरिएको छ । सरकारका नीति कार्यक्रममा केही मात्रामा प्रगति भए पनि महिलाको अवस्थामा चुनौतिपूर्ण नै देखिएको छ । छोराको चाहनाको कारण स्त्री भ्रूणको हत्या, बलात्कार, बेचबिखन, मानसिक यातना, बालविवाह, बहुविवाह, बहुप्रतिभा, दाइजो प्रथा, दुलहीलाई जलाउने कार्य, दर्वचन, यौनजन्य, दुर्व्यवहार आदि नेपालमा विद्यमान महिला हिंसाका केही स्वरूपहरू हुन् । नेपालका परम्परागत सांस्कृतिक हिंसाका रूपहरू जस्तै देउकी, बारी र झुमा प्रथाहरू पनि प्रचलनमा छन् । दाइजोको नाममा शारीरिक यातना र मानसिक तनावहरू पनि पटक-पटक प्रकाशमा आउने गरेका छन् । महिला र मानसिक तनावहरू पनि पटक-पटक प्रकाशमा आउने गरेका छन् । महिला विरुद्ध हुने कैयौं अपराधहरू प्रकाशमा नै नआउने र यस्ता पीडित महिलाहरूको विश्वसनिय तथ्याङ्क प्राप्त नहुने साथै प्रभावकारी कानुनी र सामाजिक समर्थनको अभाव रहेको छ । सामाजिक न्यायको अभावले महिला माथि हिंसा हुने गरेको समेत उल्लेख गरिएको छ (महिला कानुन र विकास मञ्च, २०५८: ९६) ।

नेपालमा सन् २०११ को सो सर्वेक्षणअनुसार १२.३ प्रतिशत महिलाले आफ्नो जीवनकालमा कुनै न कुनै प्रकारको हिंसा अनुभव गरेको बताए । यसरी उत्तर दिने महिलामा तराईमा १५.२ प्रतिशत थिए भने, हिमाली क्षेत्रमा १३.१ र पहाडी क्षेत्रमा ९.८ प्रतिशत थिए । सहरमा तिनको प्रतिशत १०.७ र गाउँघरमा १२.९ थियो । हिंसामा पर्नेमा एसएलसी र

त्योभन्दा माथि पढेकाको प्रतिशत ७.३ थियो भने नपढ्नेको १७.१ थियो । एकदमै गरिब (१२.१) भन्दा मध्यवर्गका महिला बढ्ता (१५.०) हिंसामा परेका थिए ।

विवाहअघि नै यौनसम्पर्क राखेका महिलाले अरु (२९.३) ले भन्दा बढ्ता (३२.१) यौन दुर्व्यवहार सहनु परेको र १५ वर्षभन्दा कम्ती उमेरमै यौनसम्पर्क गर्नेमध्ये झन्डै आधाजसो (४६.५ प्रतिशत) ले इच्छाबेगर यौनकार्यमा लाग्नुपर्ने अवस्था भएको सर्वेक्षणले देखाएको छ । यौनजन्य हिंसाको कुरा गर्दा उमेर बढेअनुसार हिंसाको अनुभव पनि बढेको देखिएकाले यसको चपेटामा जुनसुकै उमेर वा ठाउका महिला लगातार परिरहेका छन् भन्ने बुझिन्छ । झन्डै १६ जनामा १ जना (६.२ प्रतिशत) महिला गर्भवती अवस्था समेत हिंसा परेकी छिन् ।


हिंसा कुनै पनि समस्याको समाधान होइन । कुनै पनि सम्बन्ध करकापमा रहिरहन सक्दैन । हिंसाले आपसी सम्बन्धमा बोझ थप्छ । बोझिलो सम्बन्ध टिक्दा पनि टिक्दैन । सम्बन्धलाई टिकाउ बनाउने हो भने हिंसाको अन्त्य गर्नुपर्छ तब मात्र हिंसाविहीन समाज बन्छ । घरेलु हिंसा मानव अधिकारको उल्लङ्घन हो । हिंसाले समाज बन्दैन । बरु भत्कन्छ । हिंसाले परिवार सप्रिदैँन, बिग्रन्छ । घर सपार्ने हो, सबैले एक अर्कालाई बुझ्न, सम्मान गर्न र हिंसारहित परिवार बनाउन आवश्यक छ । महलै किन नहोस् दुखी महिला भएको घर कहिल्यै सुखी हुँदैन (नेपाल परिवार नियोजन संघ, २०१२) ।

## २.४ अध्ययनको अवधारणात्मक खाँका

महिला माथिको घरेलु हिंसा बढाउने चलहरूको रूपमा परिवार, समाज, बजार, राज्य व्यवस्था, विकासमा महिलाहरूलाई भन्दा पुरुषलाई बढी मान्यता दिने प्रवृत्तिको प्रमुख भूमिका रहेको छ । यसैगरी अन्य चलहरूमा गरिबी, अशिक्षा, छोराको चाहना राख्ने, घरपरिवार र समाज पितृसत्तात्मक मूल्य, मान्यता, दाइजो, छोरा नभए हेल ागर्ने, अन्तरजातीय विवाह मान्यता नहुने, कम उमेर, कानुनी अवस्था जस्ता चलहरूले पनि महिला माथिको हिंसा बढाउन सहायता बनेको देखिन्छ । दाइजो र छोरा नभए हेला गर्ने छिमेकी समुदाय समाजले हेर्ने दृष्टिकोण, एकै काममा ज्यालामा महिला र पुरुषलाई विभेद, राज्य संयन्त्रमा पुरुष नै बढी सक्रिय, सानो कुराको निर्णय र विकासमा महिला भन्दा पुरुषलाई खोजिने, शिक्षामा सामान्य पढ्ने पढाउने, एस.एल.सी. सम्म पनि छोरीलाई नपढाउने बजार स्तरमा पुरुष बराबर नहुने महिलामाथि शोषण हुने, महिलालाई तनाव दिइने, राज्यको कानुनी व्यवस्था लैङ्गिक विभेदपूर्ण छ । सम्पत्ति स्रोत साधनको पहुँचमा

पुरुषमा समान  छैन । विवाह सम्बन्धी व्यवस्था एकदम विभेद देखिएको छ । विवाह भएको १० वर्षसम्म पनि बच्चा नपाए पुरुषले दोस्रो विवाह गर्न पाउने तर महिलालाई भने कुनै छुट छैन । बच्चा बच्ची जन्माउने भन्ने कुरामा त महिलाको मात्र कमजोर हुँदैन पुरुषको पनि कमजोरी हुन सक्छ । परिवार, समाज, राज्यतर्फबाट एवम् कानुनी तवरबाट नै महिलालाई विभेद गरिएको छ ।

महिला विरुद्धको घरेलु हिंसा नेपाली समाजमा रहेको असमान सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक व्यवस्थाको परिणाम हो । महिला विरुद्धको घरेलु हिंसाको स्वरूपहरूमा शारीरिक मानसिक, यौनिक, दाइजोसँग सम्बन्धित सानै उमेरमा विवाह गर्ने परम्परा र छोराको अति चाहना तथा पितृसत्तात्मक सामाजिकीकरण हुन् । घरेलु हिंसाका आयामहरूमा आर्थिक धार्मिक कानुनी र राजनैतिक आयाम रहेका छन् । हाम्रो समाजमा रहेको महिला र पुरुषबीचको समाजले हेर्ने दृष्टिकोण पितृसत्तात्मक सामाजिक, मूल्य मान्यता तथा व्यवहारहरूको विश्लेषण महत्वपूर्ण छ । महिला र पुरुषमा समान स्थिति नभएको र स्रोत साधन शिक्षामा लैङ्गिक विभेद भएको कारणबाट नै महिला पछि परेका र शोषण तथा हिंसामा परेका छन् । यी सबै कुरालाई समेट्दै यस अध्ययनको अवधारणात्मक खाका यस प्रकार प्रस्तुत गरिएको छ ।


स्वतन्त्र चल
आश्रित चल
गरिबी
छोराको चाहना राख्ने समाज
धार्मिक, सांस्कृतिक मूल्य मान्यता
अशिक्षा/असमानता
दाइजोप्रथा
जातीयता
कमजोर कानुनी प्रावधान
परम्परागत पितृसत्तात्मक सोच
मद्यपान र दुर्वेशन
महिला माथिको घरेलु हिंसा

घरेलु हिंसाको कारण र असरबारे अध्ययन गर्ने क्रममा हिंसा हुनुका मुख्य कारणहरूमा गरिबी, अशिक्षा, छोराको चाहना, धार्मिक, सांस्कृतिक मूल्य मान्यता, दाइजो प्रथा, जातीयता, कमजोर कानुनी प्रावधान परम्परागत पितृ सत्तात्मक सोच, आदि रहेका छन् । जसले गर्दा समाजमा महिलामाथि विभिन्न तवरबाट हिंसा भइरहेको छ । हिंसाले घर परिवार, समाज र राष्ट्रमा विभिन्न खालको असरहरू पर्न गएको छ । जसले गर्दा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सबैलाई प्रभाव पारेको छ ।

मुख्यतया महिलामाथि भएका हिंसामा प्रत्यक्ष प्रभाव पर्ने वा असर महिलाहरूका बालबालिकालाई पर्न गएको छ । जसले गर्दा बालबच्चा माथि शारीरिक मानसिक खालका असरहरू पर्न गएको छ । घरमा हिंसा हुँदै जाँदा घरको बालकमा पर्ने मनोवैज्ञानिक असरले उसको भविष्य माथि नै औला उठाउनुपर्ने हुन्छ । बच्चाको बाल अवस्था राम्रो भएन भने उसको युवक वा युवती अवस्था राम्रो हुन्छ भन्ने कुनै अवसर छैन । जसको कारण एक बालकको भविष्य अन्धकार हुनसक्छ । हिंसा हुनुका कारणहरू धेरै भएपनि विशेषगरी घरमा अशिक्षाले गर्दा नकारात्मक कुरा बढी हुने, श्रीमान्ले रक्सी सेवन गरी श्रीमतीलाई कुटपिट गर्ने, बालबालिका माथि गालीगलौज गर्ने, नकारात्मक शब्दहरूको प्रयोग गर्ने, महिलाले महिलामाथि गर्ने हिंसा बोक्सीको आरोप लाउने, सासूले बुहारीमाथि गर्ने हिंसा आदि पर्दछन् । यस्ता खालका हिंसाहरू सबैखाले समाजमा देखापरेको पाइयो । यदि हामीले समाजलाई हिंसारहित बनाउनु छ भने सबैभन्दा पहिला मानिसमा चेतना फैलाउनु अति आवश्यक छ । त्यसमा हामी सबैले पहल गर्नुपर्दछ ।

# अध्याय तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

पोखरा लेखनाथ २५ मा हेमजा पर्ने र त्यहाँ ब्राह्मण क्षेत्रीको बाहुल्यता रहेको हुँदा त्यहाँ स्थापना भएका ४ वटा आमा समूहमा आवद्ध महिलालाई मात्र लिइएको छ । घरेलु हिंसा नेपालको जुनसुकै ठाउँ, जात, जातिमा रहेको पाइन्छ भन्ने कुरा महिलाको घरेलु हिंसाको स्थिति अध्ययनले विश्लेषण गरेको तथ्य प्रमाण भएको हुँदा यस अध्ययनको उद्देश्य प्राप्त गर्न त्यस हेमजा क्षेत्रका आमा समूहलाई छानिएको र आमा समूहमा आवद्ध महिला हत्या हिंसा छ वा छैन वहाँहरूको धारणा बुझ्न यस क्षेत्रलाई छानिएको छ । अध्ययन क्षेत्र छनोट गर्नुको आधार धेरै हुन्छन् (च्याम्बर १९८३) । त्यसैको आधारमा हेमजा क्षेत्रमा आमा समूहमा आवद्ध महिलाहरूलाई मात्र छानिएको छ । जहाँ महिला हिंसा छ या छैन त्यसको खोजी गर्नको लागि, यस क्षेत्रमा यसभन्दा पहिला घरेलु हिंसाबारे अध्ययन नभएकोले र यो ग्रामीण, शहरी दुवै जस्तो भएकोले पनि त्यहाँका महिलाको वास्तविक स्थिति थाहा पाउन घरेलु हिंसाबारे अध्ययन गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

यस अध्ययनको उद्देश्य प्राप्तिको लागि र यस किसिमको अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । अध्ययन क्षेत्रको प्रतिनिधिहरूको विस्तृत लिनका लागि सामाजिक आर्थिक, शैक्षिक अवस्था, उमेर पारिवारिक संरचनाको स्थिति साथै उनीहरूको विचार, अनुभव, ज्ञानलाई बुझ्न वर्णानात्मक र महिलाको हिंसाप्रतिको धारणा बुझ्न र हिंसाको कारण र महिलाको अवस्थामा पारेको प्रभावको अध्ययन गर्न अन्वेषणात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ ।

## ३.३ अध्ययनको समग्रता र नमूना छनोट विधि

पोखरा लेखनाथ २५ हेमजा क्षेत्रका १८ वटा आमा समूहमा २०० जना महिलाहरू भएकोमा यस अध्ययनको लागि ४ वटा आमा समूहलाई तथ्याङ्कमा समेटिएको छ । जसमा ७८ जना विवाहित महिलाहरूलाई नमूना छनोट विधिबाट उत्तरदाताहरूको रूपमा छनोट गरिएको

छ । जसमध्ये ३ वटा आमा समूहमा २०/२० जना र १ वटा आमा समूहमा १८ गरी कुल ७८ जना महिलाहरूको छनोट गरिएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा प्राथमिक र द्वितीय दुवै खालका स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको छ । प्राथमिक तथ्याङ्कमा गुणात्मक तथा सङ्ख्यात्मक तथ्याङ्क संकलन गरिएको छ । यस अन्तर्गत स्थलगत अध्ययन महिलाहरूमा समूहगत छलफल, अवलोकन अन्तर्गत स्थलगत अध्ययन महिलाहरूमा समूहगत छलफल, अवलोकन अन्तवार्ता, प्रश्नावली पर्दछन् भने द्वितीय स्रोत अन्तर्गत महिला माथिको हिंसासँग सम्बन्धित विभिन्न लेख, रचना, पत्रपत्रिका, जर्नल, पुस्तक, इन्टरनेट, समाचार, साहित्य, अनुसन्धान वा प्रतिवेदनको सहयोग लिइएको छ ।

## ३.५ तथ्यांक संकलनको विधि

### ३.५.१ प्रश्नावली अनुसूची

पोखरा लेखनाथ २५ हेमजाका १८ वटा आमा समूहमा आवद्ध महिलामा महिलामाथिको घरेलु हिंसाप्रतिको धारणा बुझ्नका लागि सम्बन्धित विषयवस्तुमा आधारित रहने र विभिन्न प्रकारका सुचिवद्ध प्रश्नहरूलाई उत्तरदाता प्रतिनिधि समक्ष पुऱ्याउने सम्पूर्ण उत्तरदाताको विचार, धारणा, अनुभव, घटनाहरूलाई बुझ्नुको साथै त्यस क्षेत्रका स्थानीय आमा समूहमा आवद्ध महिलाको सामाजिक, आर्थिक, धार्मिक, लैङ्गिक, शैक्षिक अवस्थाको जानकारी लिइएको छ ।

महिला माथिको घरेलु हिंसाप्रति धारणा बुझ्नका लागि सम्बन्धित विषयवस्तुमा आधारित रहने र विभिन्न प्रकारका सूचीवद्ध प्रश्नहरूलाई उत्तरदाता प्रतिनिधि समक्ष पुऱ्याउने सम्पूर्ण उत्तरदाताको विचार, धारणा, अनुभव बुझ्नुको साथै त्यस क्षेत्रका महिलाको सामाजिक, आर्थिक, धार्मिक, लैङ्गिक, शैक्षिक व्यवस्थाको जानकारी लिइएको छ ।

### ३.५.२ अवलोकन

प्रस्तावित अध्ययनमा तथ्याङ्क संकलनमा नमूना छनोट गरिएका महिलाहरूको अवस्था, मनोभावना, अनुभवलाई अन्तरक्रियात्मक रूपमा अगाडि बढाउने र महिलामाथि हुने घरेलु

हिंसाप्रति स्थानीय, समाजसेवी महिलाहरूमा के कस्तो धारणा छ, कसरी हिंसालाई हेर्नुहुन्छ भनी अध्ययन क्षेत्रमा गएर आफै अवलोकन गर्ने र अन्तरक्रियामा उपस्थित गरिएको छ ।

### ३.५.३ समूहगत छलफल

समाजसेवा गर्ने महिलाहरूको समूह बनाई महिलामाथिको हिंसा प्रतिको कस्तो धारणा रहेको छ भन्ने बारेमा छलफल गरिएको छ ।

### ३.५.४ वैयक्तिक अध्ययन

उद्देश्यमूलक अनुसन्धानलाई अगाडि बढाउन वर्णनात्मक तथा अन्वेषणात्मक अनुसन्धान गर्दा महिला माथिका घरेलु हिंसाप्रतिको धारणाको साथै हिंसाको कारण र स्वरूपको पनि खोजी गरिएको हुँदा केही व्यक्तिगत तथा पारिवारिक घटनाको पनि अध्ययन गरिएको छ । यस अनुसन्धानमा कमीतमा २ वटा वैयक्तिक अध्ययन गरिएको छ ।

### ३.५.५ पूर्व परीक्षण

पोखरा लेखनाथ २५ हेमजा क्षेत्रका आमा समूहमा आवद्ध महिला अध्यक्ष ज्यूहरूसँग प्रत्यक्ष भेट गरी यस क्षेत्रमा महिला माथिको घरेलु हिंसाको घटना र अवस्था के कस्ता रहेका छन् भनी सोधिएको र छलफल भएको थियो । उहाँहरूले यस क्षेत्रमा महिला माथिको हिंसाको घटना प्रशस्त भेटिन्छन् र हामीले पनि महिला हिंसा परेको देखेका र हिंसामा परेकालाई कानुनी उपायको खोजी गर्न समेत सहयोग गरेको कुरा व्यक्त गरेपछि पटक-पटक स्थलगत अध्ययन गरी हिंसाको अवस्था र धारणा बुझ्न ५, ६ जना महिलालाई भेला गराएर अध्ययन परीक्षण गरिएको छ । हिंसाका घटना हुनुमा रक्सी सेवन गरी श्रीमती कुट्ने, दोस्रो विवाह, दाइजोको मात्र, सम्पत्तिको लागि, देखिएको विश्वास भएपछि मात्र यसको आधारमा हिंसासँग सम्बन्धित प्रश्नावली अनुसूचीको नमूना तयार पारिएको छ । शोधकार्यको विश्लेषण एवम् प्रस्तुतीकरण निरीक्षणको निर्देशन एवम् प्रस्तुतीकरण गरिएको छ ।

## ३.६ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

प्रस्तावित अध्ययनमा सिंकलन गरिएका तथ्याङ्कलाई आवश्यकताअनुसार गुणात्मक तथा विश्लेषणात्मक रूपमा व्याख्या गरिएको छ । सामान्यतः प्राप्त तथ्याङ्कहरूलाई तालिकीकरणबाट ग्राफ पाइचार्टको मद्दतद्धारा विश्लेषण गरिएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्रको परिचय

नेपालको सुन्दर रमणीय पर्यटकीय सहर, फेवातालको पृष्ठभूमिमा अन्नपूर्ण हिमशृङ्खला पहाडी प्रदेश, गण्डकी अञ्चल कास्की जिल्ला पश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाममा पोखरा गर्दछ। वि.सं. २०५२ सालमा पोखरा उप-महानगरपालिकाको रूपमा स्थापना भएको हो । नेपालको दोस्रो ठूलो शहर पोखराबाट पूर्वमा लेखनाथ नगरपालिका, आर्वा, काहुँ, पश्चिममा सराङ्गकोट, हेमजा पर्दछ। त्यसैगरी उत्तरमा भलाम अर्मला, दक्षिणमा भरतपोखरी, निर्मलपोखरी, कृष्टि नाच्ने चौर पर्दछन् (सूचना तथा पो.उ.न.पा. २०६८)।

पोखरा उपत्यका ७५० वर्ग कि.मि. क्षेत्रमा फैलिएको छ । समुन्द्री सतहदेखि ७२७ मिटर देखि ९८० मी सम्मको उचाईमा अवस्थित छ। पोखरा उपत्यकाको क्षेत्रफल ५५.६६ वर्ग कि.मि. रहेको छ। पोखराको बिचमा सेती नदी बगेको छ। यसको गहिरो गल्छी भएर ४४३ कि.सी. रहेको छ । यस उपमहानगर पालिकाको सालाखाल ३३$^{o}$ से. अधिकतम तापक्रम देखि ५.६$^{o}$ से. सम्म न्यूनतम तापक्रम रहने गर्दछ। नेपाल अधिराज्य भरिको सबैभन्दा बढी वर्षा हुने सहरको रूपमा चिनिने पोखराको हावापानी समशीतोष्ण किसिमको छ । वार्षिक सरदर ३०० देखि ४५० से.मि. सम्म वर्षा हुने गर्दछ (सूचनाका अभिलेख केन्द्र, पोखरा, २०६८)।

## ४.१ जनसङ्ख्या

हालसम्म पाइएका ऐतिहासिक दस्तावेजको आधारमा भन्दा पोखरा उपत्यकामा बस्तीको विकास वि.सं. १८५० देखि भएको अनुमान गरिन्छ। २०५८ सालको जनगणना अनुसार पोखराको जनसंख्या २६४९९१ रहेको छ । यस उपमहानगरपालिकाको वार्षिक औसत जनसंख्या वृद्धिदर करिब ७.४१ प्रतिशत रहेको अनुमान छ भने औसत जनघनत्व ३८४८८ वर्ग कि.मी रहेको छ जसमा ब्राह्मण प्रथम स्थानमा ३५६९७ छन् भने दोस्रो स्थानमा क्षेत्री जातिको ३३७९५ र तेस्रो र स्थानमा गुरुङ २३९६५ रहेका छन् (बराल, २०६०) पोखरामा जम्मा घरधुरी संख्या ३७३०५ रहेका छन । महिला ७६७४९ र पुरुष ७९५६३ रहेका छन् (जनगणना, २०६८)।

यहाँ ब्राह्मण, क्षेत्री, नेवार, गुरुङ, तामाङ, थकाली, राई, ठकुरी, मगर, दमाई, कामी, सार्की, पोडे, गाइने आदि जनजातिको बसोबास रहेको छन् । यहाँको बासिन्दाले मानि आएको धर्ममा हिन्दू, बौद्ध, क्रिस्चियन, मुस्लिम प्रमुख रूपमा पर्दछन् । दशैं, तिहार, तिज, जनै पूर्णिमा, फागु पूर्णिमा, शिवरात्री, बुद्ध पूर्णिमा, ठूली एकादशी माघे संक्रान्ति, ल्होसार, इद क्रिसमस आदि चाडपर्वहरू यहाँ मनाउने गर्दछन् । यहाँका मानिसहरूको प्रमुख पेसा व्यापार कृषि सरकारी एवं गैह्र सरकारी क्षेत्रमा सेवा, विदेशमा सेवा आदि रहेका छन् (सूचना तथा अभिलेख केन्द्र पो.उ.न.पा. २०६८) ।

## ४.२ आर्थिक अवस्था

पोखरा उपमहानगरपालिका क्षेत्र भित्र दुई वटा मुख्य सिँचाई आयोजना संचालित रहेका छन् । (क) पोखरा जलउपयोग तथा सिँचाई आयोजना सेती सिँचाई प्रणाली, पोखरा १७ (ख) फेवाताल बाँध सिँचाई प्रणालीका सुविधाहरू रहेका छन् । जम्मा खेती योग्य जग्गा १२६१ हे. खेत ८५६ हे. पाखो २७३ हे. अन्य १३२ हेक्टर रहेको छ । त्यसमा सिँचाई सुविधा भएको जग्गा ८५६ हेक्टर ६७.८८ प्रतिशत रहेको छ । कृषि उत्पादनमा खाद्यान्न बालीमा धान गहुँ, मकै, कोदो दालहरूमा बोडी, केराउ, भटमास, तेलहरूमा तोरी, सर्स्यू तरकारीमा आलु प्याज फर्सी गोलभेडा सिमिी बोडी काक्रो फर्सी मुला साग घिराला खुर्सानी भन्दा, बन्दा आदि उत्पादन हुने गर्दछन् फलफुलमा केरा, अम्बा, नासपाती, सुन्तला, निबुवा, कागती, व्याारबाट ३७८५ प्रतिशत सेवा नोकरीबाट ३९.५७ प्रतिशत होटल पर्यटनबाट ४.४७ प्रतिशत अन्यबाट १०.५६ प्रतिशत मुख्य आम्दानी हुने गर्दछन् । मुख्य आर्थिक स्रोत कृषि पर्यटन व्यापार उद्योग रहेको देखिन्छ (सूचना तथा अभिलेख केन्द्र पो.उ.म.न.पा., २०६८) ।

पश्चिमाञ्चल विकास क्षेत्र कास्की जिल्लाको सदरमुकाम पोखरा र आसपासको क्षेत्रमा यातायात र अन्य सुविधाहरू रहेपनि पोखराको अन्य ओरपोरका गाविसहरूमा तथा जिल्लाको अधिकांश भाग भौगोलिक रूपमा सुविधाको कमी हरेका पाइन्छ । यसैकारणले गर्दा जिल्लाको खासगरी उत्तरी भू-भागको जीवन स्तर कष्टप्रद रहेको पाइन्छ । पोखरा र यहाँको तिनवटा राजमार्गहरू पृथ्वी राजमार्ग, भूपिशेरचन (बाग्लुङ्ग) राजमार्ग र सिद्धार्थ राजमार्ग १२ कि.मि. पोखरालाई जोडिएको छ । बाटोको घनत्व चाहे त्यो वडाको कुल क्षेत्रफलमा आधारित होस् वा उपयोग गर्न सकिने क्षेत्रफलको आधारमा होस् वडा नं. ७ र ८ मा सबैभन्दा उच्च घनत्व बाटो सुविधा छन् । त्यसैगरी वडा नं. ९ र ११ सबैभन्दा कम

बाटोको घनत्व भएका वडाहरू छन् । विमानस्थल पोखरा विमानस्थल पोखरा एयरपोर्ट र क्षेत्रीय विमानस्थल प्रस्तावित भेडीफारम रहेका छन् (सूचना तथा अभिलेख केन्द्र, पोखरा २०६८) ।

## ४.३ अध्ययन क्षेत्र हेमजाको परिचय

अन्नपूर्ण तथा माछापुच्छ्रे हिमाल पर्वतमालाको काखमा अवस्थित प्राकृतिक छटाको वरदान पाएको हेमजा भोट व्यापारको एउटा ऐतिहासिक मुख्य बाटोको रूपमा परम्परागत रूपमै विकास भएको पाईन्छ । त्यस्तै प्रसिद्ध तिर्थस्थल मुक्तिनाथ जाने बाटो, पोखरा बाग्लुङ (भूपि. शेरचन) राजमार्गको कारण पनि यसले आफ्ना विकासमा ठूला भूमिका खेलेको छ । साथै कास्की जिल्ला अन्तर्गत क्षेत्र नं. ४ को केन्द्रको रूपमा अवस्थित यस गा.वि.स. मा विभिन्न शैक्षिक तथा स्वास्थ्य संस्थाहरूको स्थापनाको कारण हेमजामा बस्ती विकासका साथसाथै विभिन्न क्रियाकलापहरू केन्द्रीकरण हुँदै आइरहेको छ ।

यस गा.वि.स. को नामाकरणको बारेमा अध्ययन गर्दा 'हेमजा' शब्दको बदलामा पहिले देखि नै 'ह्याङजा' शब्द प्रयोग भई आएको थियो । यो शब्द मगर वा भोटे भाषाबाट प्रभावित भएजस्तो यहाँका बुद्धिजीवि, विद्यार्थी एवम् शिक्षित वर्गले महसुस गरे । खासगरी २०१५/०१६ सालतिर उच्च शिक्षाको अध्ययन गर्ने क्रममा यस गाउँका केही युवकहरू भारतको बनारस मथुरा वृन्दावन आदि शहरमा अध्ययन गर्न गए । अध्ययनकै क्रममा एकदिन 'ह्याङजा! शब्दका बारेमा चर्चा परिचर्चा भयो । 'ह्याङजा' शब्दले शाब्दिक अर्थ दिन सकेन । ह्याङ्जाको ठेगानामा पठाइएका चिठीपत्र स्याङ्गजा पुगेको पाइयो जसले गर्दा नाम परितर्वन अपरिहार्य ठानियो । त्यसपछि युवकहरूकै सरसल्लाहबाट आफ्ना लेख रचनाहरूमा ठेगाना लेख्दा 'हेमजा' लेख्ने निर्णय गरियो । 'हेमजा' शब्दको अर्थ हिमालयको काखमा अवस्थित सुन्दर गाउँ भन्ने लगाइयो । अर्को अर्थमा हे-मजा भनेको आनन्दयायी स्थलको रूपमा भन्ने बुझिन्छ । त्यस्तै 'हेम' भनेको सुन, 'जा' भनेको उत्पत्ति अर्थात् सुन्दर गाउँ, सुनौला गाउँ जस्तो अर्थ लगाउने काम भयो । यसैलाई पनि आएर २०१९/०२० सालतिर गाउँ पञ्चायतमा 'ह्याङजा' को सट्टामा हेमजा लेख्न उपयुक्त हुन्छ भनी शिक्षित युवकहरूले राखेको प्रस्तावलाई त्यसबेलाका गन्यमान्य व्यक्तिहरूले उपयुक्त सम्झी मन्त्रालयमा लेखी पठाए । सो नाम परिवर्तन गरी 'हेमजा' कायम गरियो । हालसम्म हेमजा नामबाटै अड्डा

अदालत, शिक्षण संस्था, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय आदि विविध क्षेत्रमा चर्चित हुँदै आएको छ ।

उत्तरपट्टिको हिमालको मनोहर दृश्य, कंचन हावा र पानीले प्रभावित, चमेरे गुफा, तुलस्तरा गुफा, सुन्दरपुरी, ठेडी चौर, अम्मठ, शेरा, तिव्रेकोट र गहते जस्ता रमणीय स्थलका साथसाथै स्थानीय सांस्कृति परम्पराहरू र गाइने जातिका सांस्कृतिक बाजाहरू यस गा.वि.स. का अमुल्य सम्पत्तिहरू हुन् । प्रमुख प्राकृतिक स्रोतका रूपमा उब्जाउशिल भूमि, वन, नदी किनारामा पाइने ढुङ्गा, बालुवा र पानी हुन भने मानवीय स्रोत साधनमा यहाँ क्रियाशिल जनशक्ति र तिनमा विद्यमान सीप हो ।

यस नगरपालिकामा रहेका सामुदायिक तथा नीजि शैक्षिक संस्था, आर्थिक, क्रियाकलाप, सामाजिक र सांस्कृतिक सम्पदाका कारण यस नगरपालिकाले आफूलाई अन्य नगरपालिकाले तुलनामा शिक्षित चेतनशील बौद्धिक व्यक्तित्वको धनी भन्न रुचाउँछ । खास गरेर नेपालको शिक्षा तथा नीजामति सेवा, शाही नेपाली सेना, नेपाल प्रहरीका अतिरिक्त भारतिय सेना तथा तेस्रो मुलुकका विभिन्न पेशामा संलग्न भएका मानिसहरू यहाँ बसोबास गर्दछन् । विशेष गरेर निम्न मध्यम वर्गीय परिवारका मानिसहरूको बसोबास रहेको यस गा.वि.स. मा दलित जातिहरू अन्य जातिको तुलनामा शिक्षाको स्तर केही कम भए तापनि तेस्रो मूलुकमा विभिन्न पेशामा संलग्न भइ आत्मनिर्भर रहन सफल भएका छन् ।

## ४.४ उत्तरदाताहरूको सामाजिक, सांस्कृतिक अवस्था

अध्ययन क्षे र उत्तरदाताहरूको सामाजिक, सांस्कृतिक एवम् जनसांख्यिक पृष्ठभूमिले उनीहरूको जीवनशैलीमा ठूलो प्राव पारेको छ । कुनै पनि महिला माथि हिंसाका घटना घट्नुमा महिलाका उमेर, जातजाति, भाषा, धर्म, वैवाहिक स्थिति धार्मिक संरचना, परिवारको प्रकार, बच्चा उत्पादनको स्थिति परिवारको आम्दानीको स्रोत, शिक्षाको तह महिलाको पेसा आदिले पनि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभाव पार्ने भएकोले यस अध्ययनमा उक्त चलहरूलाई सामान्य परिचयको रूपमा प्रस्तुत गरिएको छ ।

## ४.५ उत्तरदाताहरूको उमेर संरचना

उमेर संरचना महिलाविरुद्धको हिंसा हुनमा प्रभाव पार्ने तत्वहरूमध्ये एक महत्वपूर्ण तत्व हो । सानो उमेर देखि ठूलो उमेर सम्मका महिला सहभागी भएका र सबै उमेरका

महिलालाई कुनै न कुनै हिंसाबाट पीडित हुन सक्दछ । यस सम्बन्धी विवरण उत्तरदाताहरूको उमेर, संरचनालाई तलको तालिकामा स्पष्ट पार्न खोजिएको छ ।

**तालिका ४.१: उत्तरदाता महिलाहरूको उमेर समूह**

| उमेर | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| २० वर्ष सम्म | ५ | ६.४१ |
| २१-३० वर्ष सम्म | १७ | २१.७९ |
| ३१-४० वर्ष सम्म | २९ | ३७.१७ |
| ४१-५० वर्ष सम्म | २४ | ३०.७६ |
| ५० वर्ष भन्दा माथि | ३ | ३.८४ |
| **जम्मा** | **७८** | **१००.००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार कुल ७८ जना महिला उत्तरदाता रहेका छन् । ति कुल ७८ उत्तरदाता महिला समूहको पाँचवटा उमेर समूहमा वर्गीकरण गरिएको छ । रहेको छ र ३१-४० वर्ष उमेर समूहका २९ जना (३७.०१%) महिला र अन्य उमेर समूहका महिला उत्तरदाताभन्दा बढी देखिन्छ । ५० भन्दा माथि उमेर समूहका उत्तरदातामा जम्मा ३ जना ( ३.८४%) अति कम उमेर समूहका उत्तरदाता महिला समूहमा पर्दछन् । त्यसैगरी २१-३० वर्ष उमेरका उत्तरदाता महिला १७ जना (२१.०७%) रहेको देखिन्छ । त्यसैगरी ४१-५० वर्ष उमेर समूहका महिला उत्तरदाता २४ जना (३०.७६%) उत्तरदाता समूह भएको देखिन्छ ।

## ४.६ शिक्षाको आधारमा महिलाको अवस्था

शिक्षा  नै मानव जीवनको विकासको मुख्य आधार हो जसले जीवनका कतिपय कठिनाई पार लगाउँछ । शिक्षा नै उज्यालोको संकेत मानिन्छ । शिक्षाले महिलाको सामाजिक, आर्थिक स्थितिमा सुधार ल्याउँछ । महिलाको शैक्षिक स्थितिले मानवको सम्पूर्ण पक्षमा महत्वपूर्ण भूमिका खेल्दछ । महिलाको साक्षरता दर नै निम्न रहेको छ । शिक्षित भन्दा अशिक्षित महिला वर्गको दर धेरै रहेको देखिन्छ । त्यसैले महिला हिंसा बढाउनका शिक्षाले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षा पनि एक चल हो । शिक्षाको कमीले महिला हिंसा बढाएको देखिन्छ । शिक्षाले महिलालाई सशक्तीकरण तिर लैजान्छ साथै ज्ञान क्षमता,

आत्मविश्वास जस्ता कुराको वृद्धि विकास भएमा मात्र महिलाहरू विकास प्रक्रियामा सहभागी हुन सक्दछन् । हरेक मानवीय व्यवहारका उद्भव उसको ज्ञान र शिक्षामा सहभागी हुन सक्दछन् । हरेक मानवीय व्यवहारको उद्भव उसको ज्ञान र शिक्षामा आधारित हुन्छ । जुन व्यक्ति, परिवार र समाज शिक्षित छ, त्यस परिवार र समाजमा मानवीय मूल्य मान्यता र नैतिकता  विरुद्धका कार्य र व्यवहारहरू हुने सम्भावना कम रहन्छ यसकारण शिक्षा र घरेलु हिंसा बीच अति घनिष्ट सम्बन्ध रहेको छ । शिक्षालाई उमेर र विवाहले असर पार्दछ तथापि हिंसालाई पनि शिक्षा, उमेर विवाह सबैले असर पार्दछ । नेपाली समाजको सन्दर्भमा विवाहित महिलाले शिक्षालाई अगाडि बढाउने मौका कमै पाउँछन् । विवाहित महिलाले धेरै नै सामाजिक, आर्थिक बोझ व्यवधानहरूको सामना गर्नुपर्ने हुन्छ । अनेक कतिपय जीवनका मौकाहरू आउँदा उनीहरूले सुविधाहरू लिन पाइरहेका हुँदैनन् सानो उमेरमा विवाह  हुने सामाजिक प्रक्रियाले महिलाले आफूलाई अगाडि बढाउन सक्दैनन् । आर्थिक अभाव, शिक्षाको अभाव र सानो उमेरमा विवाह हुनुको कारणले आफ्नो व्यक्तित्व निर्माणमा असर पर्दछ । शिक्षा, रोजगारी, आर्थिक कमजोरीको कारण घरपरिवार तथा समाजमा महिलाहरूलाई हिंसातिर लगेको देखिन्छ । हेमजा आमासमूहका महिलाहरू पनि शिक्षा, रोजगारी, आर्थिक पक्षमा हिंसामा परेको देखिन्छ उक्त कुरालाई निम्न तालिकाबाट स्पष्ट पारिएको छ ।

**तालिका ४.२: महिलाको शैक्षिक स्थिति**

| शैक्षिक योग्यता | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | २५ | ३२.०५ |
| एसएलसी पास | १५ | १९.२३ |
| साक्षर | १२ | १५.३८ |
| एसएलसी भन्दा कम | ११ | १४.१० |
| +२ पास | ८ | १०.२६ |
| वि.ए.पास | ७ | ८.९८ |
| वि.ए. भन्दा माथि | ० | ० |
| **जम्मा** | **७८** | **१००.००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

उपरोक्त तालिका अनुसार, कुल ७८ जना उत्तरदाता महिलामध्ये २५ जना अर्थात् ३२.०५ प्रतिशत महिला निरक्षर, साक्षरमा १२ जना अर्थात् १५.३८ प्रतिशत एसएलसी भन्दा कममा ११ जना, १४.१० प्रतिशत, एसएलसी पासमा १५ जना, १९.२३ प्रतिशत, +२ पास ८ जना अर्थात् १०.२६ प्रतिशत विए पास भएका ७ जना अर्थात् ८.९८ प्रतिशत महिलाहरू रहेको देखिन्छ । यस सर्वेक्षण प्राय महिलाहरू साक्षर नै देखिएका छन् । जम्मा ६७.९५ प्रतिशत महिलाहरू साक्षर र ३२.०५ प्रतिशत महिलाहरू निरक्षर देखिएका छन् । निरक्षर महिलाको संख्या पनि घरेलु हिंसाको घटना बढाउन सक्ने प्रमुख आधार बन्न सक्ने देखिन्छ ।

## ४.७ उत्तरदाताहरूको पेशा र व्यवसाय

पेसाले कुनै पनि व्यक्तिको आर्थिक स्तरलाई निर्धारण गर्दछ । पेसाले नै घरपरिवारको जीवनस्तर वृद्धि गर्न मद्दत गर्दछ । परिवारमा महिला हिंसा हुनुमा पनि पेसा एक महत्वपूर्ण कारक तत्व हो । पेसा तथा आम्दानीले व्यक्तिको आर्थिक स्तरलाई जनाउँछ । महिलाहरू जागिर भन्दा घरको काममा बढी समय खर्चिन्छन् । घरको कार्य बोझमा परेका हुन्छन् । तिनीहरू नै गृहिणी हुने घर गृहणी भएकोले घरको काममा कुनै मूल्य जोडिन्न त्यसैले महिला बढी हिंसामा पर्ने पर्दछन् पेसा पनि महिला हिंसा निम्त्याउने महत्वपूर्ण तत्व मानिन्छ । अतः उत्तरदाताहरूको पेशागत विवरण निम्न तालिकाबाट देखाउन खोजिएको छ ।

**तालिका ४.३: उत्तरदाताहरूको पेशागत अवस्था**

| पेसा | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| गृहिणी | ५० | ६४.१० |
| सेवा | १२ | १५.३८ |
| कृषि | ७ | ८.९८ |
| व्यापार | ५ | ६.४१ |
| मजदुरी | ४ | ५.१३ |
| **जम्मा** | **७८** | १००.०० |


स्रोतः स्थलगत सर्वेक्षण, २०७३

उपरोक्त तालिकाअनुसार कुल ७८ जना उत्तरदाता महिलाहरूको पेसालाई हेर्दा ५० जना (६४.१०%) गृहणी महिला उत्तरदाता भएको देखिन्छ । त्यसैगरी व्यापारी ५ जना (६.४१%), मजदुरी ४ जना (५.१३%), सेवामा १२ जन (१५.३८%) र कृषिमा ७ जना (८.९८%) महिला संलग्नता रहेको देखिन्छ । सबैभन्दा कम व्यापारमा संलग्न रहेको देखिन्छ । यसबाट के प्रष्ट हुन्छ भने नेपाली समाजमा धेरै जसो महिलाहरू घरभित्रको कार्यमा व्यस्त रहेको छ । उनीहरू पतिमाथि आर्थिक रूपले निर्भर छन् जुन पितृसत्ताको उपज हो । जसले गर्दा घरभित्र घरेलु हिंसाका घटनाहरू बढेर जान्छन् । आर्थिक स्रोत माथि पहुँच नहुनाले जग्गा जमिनमाथि अधिकारको कमीले गर्दा महिलाहरू पीडित छन् ।

## ४.८ धार्मिक संरचनाको आधारमा महिलाको अवस्था

नेपाली समाज पितृसत्तात्मक सामाजिक मूल्य मान्यता चल्ने र हिन्दू धर्मले महिलालाई निम्न स्थितितिर लगेको छ । पुरुषलाई उच्च स्थानमा राखेको छ । महिलालाई अनेक धार्मिक बन्धनले बाँधिएको छ । महिलालाई धर्मको नाममा चुप लागेर बस्नुपर्ने स्थिति सम्म पुऱ्याएको छ ।

**चित्र ४.१: महिलाहरूको धार्मिक संरचना**





स्रोत: स्थलगत सर्वेक्षण, २०७३

माथिको स्तम्भ चित्रमा कुल ७८ जना महिला उत्तरदातामध्ये ९६ प्रतिशत हिन्दू धर्म मान्ने र ४ प्रतिशत मात्र बौद्ध धर्म मान्ने देखिन्छ । यसमा पनि हिन्दू धर्मको रुढीवादी मान्यताले ब्राह्मण, क्षेत्री महिलाको शोषण गराउन सक्ने परिवेश बनाउने भूमिका तयार गर्ने विचारमा दुई मत हुन सक्दैन ।

## ४.९ परिवार संरचनाको आधारमा महिलाको अवस्था

प्रत्येक व्यक्ति परिवारमा बस्दछन् परिवार नै प्रत्येक व्यक्तिको पाठशाला हो । परिवारको माध्यमबाट नै व्यक्तिले आफ्नो व्यक्तित्व निर्माण गर्दछ । परिवारबाट व्यक्तिले मायाममता सुरक्षा प्रदान गर्दछ । परिवारको संरचनाले पनि व्यक्तिको व्यक्तित्व निर्माणमा प्रत्यक्ष परोक्ष प्रभाव पारेको हुन्छ । सासू ससुरा, श्रीमान् श्रीमती र तिनका बच्चा, देवर, जेठाजु, नन्द, अमाजू सबै एकै ठाउँमा भएको परिवारलाई संयुक्त परिवार तथा श्रीमान् श्रीमती र उनीहरूको बच्चा मात्र भएको परिवारलाई एकात्मक परिवार भनीन्छ । तलको चित्रले अध्ययन क्षेत्रका महिलाको अवस्था जनाउँछ ।

**चित्र ४.२: महिलाको पारिवारिक संरचना**




स्रोत: स्थलगत सर्वेक्षण, २०७३

उपरोक्त स्तम्भ चित्र अनुसार कुल ७८ जना उत्तरदाता महिलाहरूमध्ये ५१ जना ६५ प्रतिशत संयुक्त परिवारमा २७ जना ३५ प्रतिशत एकल परिवार रहेका देखिन्छ । जसमा संयुक्त परिवार हुने उत्तरदाताहरू बढी देखिन्छ ।

## ४.१० विवाहको उमेरको आधारमा महिलाहरूको अवस्था

नेपालको कानुनमा पुरुषको एक्काइस वर्ष र महिलाको अठार वर्ष विवाहको उमेर तोकिएको छ । तर कानुन विपरित सानो उमेरमा छोरीको विवाह गरिदिने प्रचलन नेपाली समाजमा रहिआएको छ (राष्ट्रिय जनगणना, २०५८) । तर पनि सानो उमेरमा विवाह गरेका र गरिदिने अभिभावकलाई कुनै कानुनी कारबाही भएको देखिँदैन त्यसैले महिला हिंसा नेपाली समाजमा कतिपय धार्मिक, सांस्कृतिक र कानुनी आयाममा महिलाहरू अन्यायमा परेका छन् । त्यसले महिलालाई हिंसातिर डोऱ्याउने काम गरेको देखिन्छ । हेमजा आमा समूहका महिलाहरू पनि प्राय सानै उमेरमा विवाह भएको र आफ्नो आर्थिक अवस्था शिक्षा, रोजगारीमा असर परेको तथा हिंसा तिर डोऱ्याएको अनुभव व्यक्त गर्दछन् । विवाह नहुँदा छोरीले जति माया पाउँछे बुहारी भएपछि माया पाउन गाह्रो पर्दछ । धेरै महिलाहरू विवाह पछि नै घरेलु हिंसाको पीडित बनेका देखिन्छन् । हिंसा श्रीमान् र उसको परिवारका सदस्यसँग सम्बन्धित हुन्छ । नेपाली समाज पुरुष प्रधान समाज हो । कतिपय परिवारमा विवाहपछि श्रीमान् श्रीमतीबिच मतभेद सासू बुहारी, नन्द अमाजू र बुहारीबिच तनाव र हिंसा हुने गर्दछ । विवाह गर्दाको उमेरको आधारमा उत्तरदाताले दिएको जानकारीअनुसार यस प्रकार  रहेको छ ।

**तालिका ४.४: विवाहको उमेर संरचना आधारमा**

| विवाहको उमेर | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| १५-२० | ५२ | ६७ |
| २०-२५ | २६ | ३३ |
| **जम्मा** | **७८** | **१००.००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

उपरोक्त तालिका अनुसार ७८ जना उत्तरदातामध्ये १५ देखि २० वर्षभित्र विवाह भइसकेका महिला उत्तरदाता ५२ जना (६७%) रहेका छन् भने, २० देखि २५ वर्षमा विवाह भएका २६ जना (३३%) रहेका देखिन्छन् । २६ देखि ३० वर्ष र ३० देखि माथि विवाह हुने महिला कत्ति पनि देखिँदैन् । यसरी हेर्दा ७८ जना उत्तरदाताको विवाह १५-२५ वर्षभित्र भैसकेको

देखिन्छ । पितृसत्तात्मक सामाजिक मूल्य मान्यताले महिलाको सानै उमेरमा विवाह भएको देखिन्छ । त्यसैले छोरीलाई सानै उमेरमा विवाह गरिदिने प्रथा चलेको देखिन्छ ।

छोरी बुहारीलाई अभिभावकले छोरासरह शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा खर्च नगर्ने परिपाटी देखिन्छ । छोरीलाई आत्मर्भिर बन्न र व्यक्तित्व विकास गर्नको लागि सिप, तालिम, शिक्षाको असरभन्दा पनि बढी सान्दर्भिक विवाहलाई मान्ने गरेको देखिन्छ । यसले गर्दा महिला गर्भदेखि विवाह पश्चात् पनि घरेलु हिंसामा परेका र महिला सँधै परनिर्भर बन्नु पर्ने अवस्था रहिरहन्छ । विवाह जस्तो जीवनको अति महत्वपूर्ण र संवेदनशील कार्यमा समेत महिलाको निर्णय गर्ने अधिकार र पहुँच नभएकोले आत्मनिर्णयको स्वतन्त्रता नरहेको देखिन्छ । विवाह उमेरको सन्दर्भमा धेरै उत्तरदाता समूहका महिलाहरूको सानो उमेरमा विवाह भएकोले उनीहरू विवाह पश्चात् शिक्षा, स्वास्थ्य र रोजगारी जस्ता क्षेत्रमा सरिक हुने परिस्थितिको सिर्जना हुन सक्ने विद्यमान पितृसत्तात्मक समाज तथा घरपरिवारिक संरचनाले महिलामाथि पारिवारिक हिंसा हुन सक्ने वातावरणका सिर्जना गरेको छ ।

## ४.११ पारिवारिक स्थितिको आधारमा उत्तरदाताको अवस्था

विवाह एक सामाजिक संस्था हो र नेपाली समाज पितृसत्तात्मक मूल्य मान्यतामा चल्ने हुँदा विवाह सानै उमेरमा हुने गरेको छ । सानो उमेरमा विवाह हुनु, विवाहपछि विधवा हुनु, छोडपत्र हुनुले परिवारमा हिंसा बढाउछ । सानो उमेरमा विवाह भएर सन्तान धेरै उत्पादन गर्नु विवाहको अवस्थाले पनि हिंसालाई प्रभाव पार्दछ । तलको तालिकाबाट यो अवस्था प्रष्ट हुनेछ

**तालिका ४.५: पारिवारिक स्थितिको आधारमा उत्तरदाताको अवस्था**

| **पारिवारिक स्थिति** | **उत्तरदाताको संख्या** | **प्रतिशत** |
|---|---|---|
| परिवारसँगै बसेको | ४५ जना | ५७.९७ |
| श्रीमान्सँग छुट्टिएको | १८ जना | २३.०७ |
| विधवा | ८ जना | १०.०० |
| श्रीमान् विदेश गएको | ३ जना | ३.८४ |
| सम्बन्ध विच्छेद | २ जना | २.५६ |
| भर्खर विवाह भएको | २ जना | २.५६ |
| **जम्मा** | **७८** जना | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

उपरोक्त तालिका अनुसार कुल ७८ जना उत्तरदाता महिलाहरू मध्ये ४५ जना (५७.९७%), परिवारसँगै बसेको, श्रीमान्सँग छुटिएको १८ जना (२३.०७%), विधवा महिला ८ जना (१०%), श्रीमान् विदेशमा गएको ३ जना (३.८४%), सम्बन्ध विच्छेद भएको २ जना (२.५६%), त्यसैगरी भर्खर विवाह भएका २ जना (२.५६%) उत्तरदाता महिला रहेको देखिन्छ। यस तथ्याङ्कबाट के प्रष्ट हुन्छ भने महिलाको अवस्था विवाह पछि खासै सन्तोषजनक छैन। ४५ जना महिला परिवारसँगै बसेको र त्यस बाहेकका अन्य वा १८ जना महिला श्रीमान्सँग छुट्टिएर र बसेको देखिन्छ। यो तथ्याङ्क निराशजनक छ।

# अध्याय पाँच

# महिला माथिको घरेलु हिंसा र कारणहरू

महिलाको निजी वा सार्वजनिक शारीरिक, यौनिक तथा मनोवैज्ञानिक रूपमा आघात पुऱ्याउने गरी सञ्चालन गरिने लिङ्गमा आधारित क्रियाकलाप वा अन्य किसिमको आघात पुऱ्याउने धम्की, दवाव वा स्वतन्त्रताबाट बञ्चित गर्ने कार्यलाई नै महिला विरुद्ध हुने हिंसा मानिएको छ । यस अन्तर्गत महिला विरुद्ध हुने धम्की, दवाव स्वतन्त्रता बञ्चितीकरण, कुटपिट, दुर्व्येवहार, बेचविखन, यौनच्छेदन, बलात्कार, देहव्यापार समेतलाई समेटिएको छ । (मानव अधिकार, १९९३) । घरेलु हिंसा भन्नाले घरभित्रको शारीरिक मानसिक यातना दिई गरिने हिंसा, कुटपिट गर्नु, अङ्गभङ्ग गर्नु, यौनशोषण गर्नु, जबरजस्तै करणी गर्नु, देहव्यापार लगाउनु, शरीर लगाईदिनु, एसिडले छ्याप्नु, अप्राकृतिक रूपमा करणी गर्नु, बहुविवाह गर्नु, प्रजनन र स्वाथ्यमा अधिकार नहुनु, विरामी पर्दा औषधी उपचार नगर्नु, श्रम शोषण गर्नु, मानसिक यातना दिनु, असमान व्यवहार गर्नु, गाली बेइज्जती गर्नु, समान अवसरबाट बञ्चित भावना र अभिव्यक्तिको अपेक्षा गर्नु, आरोप प्रत्यारोप लगाउनु खाना र शिक्षाको भेदभाव बञ्चित गर्नु, आवतजावतमा प्रतिबन्ध लगाउनु, पारिवारिक बहिस्कार गर्नु अनेक प्रकार घरेलु हिंसाभित्र पर्दछन् ।

## ५.१ हिंसाको प्रकार

विभिन्न प्रकारका हिंसाका कारण आज महिला धेरै नै पछि परेका छन् नेपाली समाजमा पनि घर परिवार भित्र महिलामा हुने हिंसाका प्रकारहरू धेरै छन् । हिंसाका प्रकारमा शारीरिक, मानसिक, आर्थिक, यौनिक, परम्परागत जस्ता हिंसाहरू महिलाले अनुभव गरेका हुन्छन् । यस्तो प्रकारको हिंसाबाट हिंसा मान्दछन् भन्ने उत्तरदाता महिलासमूहको धारणा र अनुभवलाई तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका ५.१: हिंसाको प्रकार**

| हिंसाको प्रकार | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| शारीरिक यातना दिने पिट्ने | २० | ३७.७३ |
| यौन शोषण गर्ने | १४ | २६.४१ |
| गाली गरेको हतोत्साही बनाउने | ७ | १३.२० |
| कुनै पनि कुराको निर्णय प्रक्रियामा भेदभाव गर्नु | ४ | ७.५४ |
| बोक्सीको आरोप | २ | ३.७७ |
| सामाजिक क्रियाकलापमा भेदभाव गर्ने | २ | ३.७७ |
| खानामा भेदभाव गर्ने | २ | ३.७७ |
| शिक्षामा भेदभाव गर्ने | २ | ३.७७ |
| जम्मा | ५३ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

उपरोक्त  तालिका अनुसार कुल ५३ महिला उत्तरदाताहरूमध्ये गाली गरेर हतोत्साहित बनाउनु ७ जना (१३.२०%), शारीरिक यातना दिने २० जना (३७.७३%), यौन शोषण गर्ने १४ जना (२६.४१%), शिक्षामा भेदभाव गर्ने २ जना (३.७७%), खानामा भेदभाव गर्ने २ जना (३.७७%), कुनै पनि कुराको निर्णय प्रक्रियामा भेदभाव गर्ने ४ जना (७.५४%) सामाजिक क्रियाकलापमा भेदभाव गर्ने २ जना  (३.७७%) र बोक्सीको आरोपमा २ जना (३.७७%) रहेका छन् । माथिका सबै हिंसाका प्रकारहरू हुन् भन्ने देखिन्छ ।

## ५.२  उत्तरदाताहरूमा हिंसासम्बन्धी ज्ञान

प्राय महिलाहरू सामाजिक, धार्मिक, आर्थिक, शैक्षिक रूपमा लैङ्गिक विभेद तथा हिंसामा परेका हुन्छन् । महिला आफैलाई म हिंसा पीडित हुँ भन्ने कुरा थाहा भइरहेको हुँदैन थाहा भए पनि हिंसाबारे बाहिर व्यक्त गर्न चाहँदैनन् । महिला पुरुषप्रधान समाजको मूल्यमान्यतामा बाँधिएका हुन्छन् । त्यसैले हेमजा आमासमूहका महिलाहरूमा पनि कुनै न कुनै घरेलु हिंसामा अवश्य परेका देखिन्छन् । तर हिंसा हो भन्ने जानकारी उनीहरूलाई नभएको हुन सक्छ । हिंसा भए पनि सहने बानी परी सकेका र पुरुषमा भर परेका

देखिन्छन् । घर परिवारमा कोही न कोहीलाई हिंसामा परेका देखिन्छ । हिंसा छ भन्ने कुरा व्यक्त गर्न नसकेको देखिन्छ । यसलाई तलको तालिकाले प्रष्ट पार्दछ ।

**तालिका ५.२ : उत्तरदाताहरूमा हिंसा सम्बन्धी ज्ञानको अवस्था**

| हिंसाको अवस्था | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| ज्ञान छ | ७२ | ९२.३० |
| ज्ञान छैन | ६ | ७.६९ |
| **जम्मा** | **७८** | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३


उपरोक्त तालिका अनुसार कुल ७८ जना उत्तरदाता महिलाहरूमा घरेलु हिंसा बारे के थाहा छ या छैन भनी प्रश्न सोधिएको थियो जसमा  थाहा छ भने उत्तरदाता महिला ७२ जना अर्थात् ९२.३० प्रतिशत रहेका र थाहा छैन भन्ने उत्तरदाता महिला ६ जना ७.६९ प्रतिशत रहेको देखिन्छ । यसबाट उनीहरूमा घरेलु हिंसाबारे राम्रो ज्ञान रहेछ भन्ने देखिन्छ ।

प्राय : धेरैजसो महिलाहरू घरेलु हिंसामा परेको देखिन्छ । तर उनीहरूको अज्ञानता कारण हिंसा भएको मान्न तयार देखिँदैनन् । केहीले सजिलै हिंसा बारे थाहा छ भने कतिपय चुपचाप बस्ने एक आपसमा हिंसाबारे बताएका छन् ।

## ५.३ पारिवारिक सम्बन्धका आधारमा हिंसा

परिवार एउटा सामाजिक संस्था हो जुन महिला र पुरुषको वैवाहिक सम्बन्धबाट निर्माण हुन्छ । महिलाको विवाहपछि परिवारभित्र हिंसा हुने गर्दछ । धेरै परिवारमा महिलालाई दोस्रो स्थान दिइएको हुन्छ । नेपाली समाज नै पितृसत्तात्मक समाज भएकाले घरेलु हिंसा पतिद्वारा पत्नीलाई मात्र नभई परिवारका अन्य सदस्यहरूबाट पनि हुने गर्दछ । यसरी परिवारका सदस्यको सम्बन्ध र व्यवहारका आधारमा घरेलु हिंसा हुने हुनाले यसलाई तलको तालिकाबाट व्याख्या गरिएको छ ।

**चित्र ५.१ : पारिवारिक सम्बन्धको आधारमा हिंसा**




स्रोतः स्थलगत सर्वेक्षण, २०७३

उपरोक्त वृत्तिचित्र अनुसार, हिंसा पीडित ५३ जना उत्तरदातामध्ये श्रीमान्द्वारा ३४.६९ प्रतिशत, सासूद्वारा हिंसापीडित ३०.६१ प्रतिशत, नन्द आमाजू २४.४९ प्रतिशत, जेठाज्यू देवरज्यू १०.२१ प्रतिशत रहेको देखिन्छ । यसरी हिंसा पीडितको अवस्थालाई हेर्ने हो भने सबैभन्दा बढी श्रीमान्बाट भएको देखिन्छ । यो पुरुष प्रधान समाजको पर्याय हो ।

यसबाट के प्रष्ट हुन आउँछ भने पितृसत्तात्मक समाज भएपनि ससुराको हिंसात्मक भूमिका देखिँदैन । तर हिंसा गर्नेमा सासू नन्द, अमाजू, जेठाजू र श्रीमान् बढी जिम्मेवार देखिन्छन् । पितृसत्ताको निरन्तरता ससुराबाट होइन पनि, सासू र अन्यबाट अगि रहेको देखिन्छ । यो भयावह अवस्था हो ।

## ५.४ उत्तरदाताहरूमा हिंसाको कारणहरू

घरपरिवारमा श्रीमान्द्वारा महिलाहरू हिंसामा परेको पाइन्छ । यस अध्ययनमा ५३ महिला हिंसामा परेको पाइयो तर कुन समयमा तथा अवस्थामा उनीहरूले हिंसा अनुभव रहेका छन् त्यसको खोजीलाई अगाडि बढाउन तलको तालिकाबाट स्पष्ट देखाउन खोजिएको छ ।

**तालिका ५.३: उत्तरदाताहरूमा हिंसाको कारणहरू**

| हिंसाको अवस्था | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| रक्सी खाएको | २५ | ४७.१६ |
| गाजा खाएको | १० | १८.८६ |
| ड्रग्स खाएको | ९ | १६.९८ |
| जुनसुकै बेला | ७ | १३.२० |
| उत्तर दिन नचाहने | २ | ३.७७ |
| **जम्मा** | **५३** | **१००.००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

उपरोक्त तालिका अनुसारकुल उत्तरदाता ७८ जना मध्ये हिंसामा परेका ५३ जना महिला रहेकोमा जम्मा ५१ जना हिंसामा परेका उत्तरदाता महिलाले मात्र प्रश्नको जवाफ दिएको देखिन्छ । २ जना उत्तरदाताले उत्तर दिन नचाहेको देखिन्छ । उपरोक्त तालिका अनुसार रक्सी खाएको बेलामा २५ जना (४७.१६%), ड्रग्स खाएको समयमा ९ जना (१६.९८%), गाजा खाएको समयमा १० जना (१८.८६%), जुनसुकै बेलामा ७ जना (१३.२०%) हिंसामा परेको देखिन्छ । यसरी हेर्दा ७८ जना उत्तरदातामध्ये ५३ जना उत्तरदाता महिला कुनै न कुनै समयमा हिंसामा परेका, २ जनाले उत्तर दिन नचाहेको र २५ जना महिला हिंसामा नपरेको देखिन्छ । २ जना मौन रहनमा पनि उनीहरू हिंसामा परेका हुन् सक्छन् । यो तथ्याङ्कबाट के प्रष्ट हुन्छ भने पुरुष प्रधान समाजमा पुरुषले जुवातास खेलेर हारेमा पनि रिस पोख्ने ठाउँ घर र पत्नी भएको छ । महिलाहरू जुनसुकै बेलामा पनि हिंसा कुटपिटको शिकार भएका छन् ।

## ५.५ हिंसा निम्त्याउने कारण

स्थलगत सर्वेक्षणमा उत्तरदाता महिलाको धारणा अनुसार घरेलु हिंसा हुनुका कारण एउटा मात्र नभएर धेरै कारण र तत्वहरू देखिन्छन् । सामाजिक मूल्य मान्यता, पितृसत्तात्मक सामाजिकीकरण जस्ता तत्वले हिंसा बढाएको देखिन्छ । धेरैजसो यस हेमजा क्षेत्रका महिलाहरू घर गृहिणी र शिक्षाको कमी भएको कारणले हिंसा बढाएको र पुरुषको भर पर्नुपर्ने कारणहरू व्यक्त गरेका थिए । शिक्षाको कमी, महिलाको कमजोर आर्थिक स्थिति, धार्मिक, सांस्कृतिक परम्परागत मूल्य, मान्यता, सामाजिक प्रक्रिया, त्यस्तै अन्य सानो उमेरमा महिला वा केटीको विवाह हुनु, छोराको चाहना राख्नु जस्ता कारणले महिला हिंसा निम्त्याएको हुन्छ । हिंसा निम्त्याउने कारणहरूको आधारमा सबै उत्तरदाता ७८ महिलाहरूको अवस्था र धारणा तल तालिकामा व्यक्त गरिएको छ । यहाँ विदितै छ कि हिंसा पीडित महिलाको संख्या ५३ भए पनि सबै ७८ उत्तरदाताको धारणा पनि समावेश गरिएको छ ।

**तालिका ५.४: श्रीमान् र परिवारद्वारा दाइजो मागको अवस्था**

| कारण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| दाइजो माग नभएको | ५३ | ६७.९५ |
| दाइजो माग भएको | २५ | ३२.०५ |
| **जम्मा** | **७८** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

उपरोक्त तालिका अनुसार ७८ उत्तरदाता महिलामध्ये २५ जना (३२.०५%) महिला उत्तरदाता दाइजोमागको कारण पीडित भएको देखिन्छ । त्यसैगरी ५३ जना (६७.९५%) महिला उत्तरदाता महिला दाइजो मागमा नपरेको देखिन्छ । यसबाट के बुझिन्छ भने २५ जना महिला जोसित दाइजोको माग भएको थियो उनीहरू बढी हिंसापीडित छन् । तर दाइजो माग नभएका महिलाहरू पनि हिंसा पीडित छन् । ५३ जना महिला हिंसा पीडित छन् (कुनै न कुनै समयमा) भन्ने कुरा स्मरणीय छ । यस अनुसार दाइजो माग पनि हिंसा निम्त्याउने कारण बनेको देखिन्छ ।

## ५.६ महिला हिंसाका मुख्य कारणहरू

पोखरा लेखनाथ २५ हेमजामा रहेका आमा समूहहरूमा आवद्ध महिलाहरूमा धेरै खालका हिंसा रहेको  पाइयो । जसमध्ये मुख्य कारणहरू यस प्रकार छन् ।

- **रक्सी सेवन** : रक्सीको कारणले महिलालाई श्रीमान्ले कुटपिट गर्ने, जबरर्जस्ती करणी गर्न खोज्दा शारीरिक यातना धेरै भोग्नुपरेको देखियो । जसको कारणले बच्चाहरूलाई असर गर्ने, पारिवारिक झमेला बढ्ने, श्रीमान् श्रीमती बीचको सम्बन्ध नराम्रो हुने । दैनिकी रूपमा कुटपिट हुने जस्ता शारीरिक यातना महिलाहरूले खेप्नु परेको छ ।
- **आर्थिक संकट** : आर्थिक कारणले गर्दा घरमा घरायसी कामको बोझले गर्दा महिलालाई बढी कामको बोझ पर्ने हुँदा घरको काम बढी भएर आर्थिक तनाव हुने जसले गर्दा श्रीमान् श्रीमती बीच आर्थिक झैझगडा पर्ने जसको कारणले श्रीमान्ले जागिर खाने श्रीमती घरमा बस्ने र व्यवस्थापन गर्न गारो भएर पैसाको कारणले गर्दा झगडा दिनप्रतिदिन बढ्दै जाने देखियो ।
- **गरिबी** : गरिबी कै कारणले घरमा, घरपरिवारमा झगडा हुने, बेमेल हुने, महिलाको घर गरिब र माइती धनी हुँदा पनि श्रीमान् श्रीमतीबीच झगडाको साथै हिंसात्मक कार्य हुने गरेको पाइयो ।
- **अशिक्षा -** श्रीमान् श्रीमतीमा एक जना अशिक्षित भएमा घरमा बेमेल हुने एकजनाले भनेको कुरामा बेमेल हुने जसको कारणले श्रीमान् श्रीमती बीच बिचार आदानप्रदान नहुने र एकले भनेको कुरा अर्कोले नसहने र विभिन्न खालका हिंसात्मक कार्य हुने गरेको पाइयो ।
- **दाइजो** : बुहारीले बिहे भएपछि घरमा दाइजो नल्याएको निहुँमा खेप्नु परेका विभिन्न खालको हिंसात्मक कार्यहरू सासू, अमाजु, नन्द, देवरद्धारा भएको पाइयो । जसले गर्दा बुहारीलाई जिउँदै जलाउने, घर निकाला गराउने, माइतीमै जान कर लगाउने जस्ता हिंसात्मक कार्य भएको पाइयो ।
- **नि सन्तानः** बुहारीले बिहे भएको बिहे भएको धेरै वर्षपछाडि यदि कुनै सन्तान जन्माएन भने घरपरिवारद्धारा बाँझी भनेर गाली गलौज गर्ने र दोस्रो विवाह गर्नलाई छोरालाई दवाव दिने खालका हिंसात्मक कार्य भएको पाइयो ।

– **गाँजा खाएर हल्ला गर्ने** : घरपरिवारका किशोर अवस्थाका युवाहरू आमाबाबुको पैसा चोर्ने, पैसा नपाएमा आमालाई पिटपाट गर्ने र साथीहरूसँग गई गाँजा खाने, छरछिमेकमा चोरी गर्ने खालका क्रियाकलाप बढ्दै गएको पाइयो जसको कारणले महिला दिदी बहिनीहरूलाई साँझपख घरबाहिर हिड्न पनि मुस्किल, हिडडुल गर्न पनि मुस्किल र हिंसात्मक कार्यहरू हुने गरेको पाइयो ।

## ५.७ महिला हिंसाबाट परेको असरहरू

पोखरा लेखनाथ २५ हेमजामा आमा समूहमा आवद्ध महिलाहरूले विभिन्न खालको असरहरू खेप्नु परेको छ । जसमध्ये निम्न अनुसारका छन् ।

– **शारीरिक असर** : महिलालाई श्रीमान्ले रक्सी सेवन गरेको अवस्थामा जबरजस्ती करणी गर्ने, यातना दिने, कुटपिट गर्ने, दवाव दिने र शारीरिक रूपमा यातना दिने हुँदा शारीरिक असर परेको हुन्छ ।

– **मानसिक असर** : सधैं घरमा झैझगडा हुने कुटपिट हुने हुँदा महिलाहरूमा मानसिक सन्तुलनको कमी हुने सम्मको घटना सुन्न मा आयो । त्यसले गर्दा घरमा सधैं अशान्ति मच्चाउने, होहल्ला गर्ने, यातना बढी खेप्नु परेको हुँदा महिलामाथि हिंसा बढ्दै गएको पाइयो ।

– **बालबच्चाको विचल्ली**: जुन घरमा महिलाले धेरै दुःखकष्ट गरेका छन् त्यस घरमा हिंसा बढीभएको पाइयो जसले गर्दा बालबच्चामा प्रत्यक्ष रूपमा असर पर्न गएको छ । श्रीमान्ले कुटपिट गरेको अवस्थामा उसको बालबच्चाले देख्ने गरेर गरेको हुँदा बालबच्चाहरू बाबाको अगाडि पर्न डराउने बाबाको व्यवहार देखेर उनीहरूले आमालाई जथाभावी व्यवहार गर्ने जसबाट आमा र बच्चाको सम्बन्ध नराम्रो भएको पाइयो ।

– **व्यक्तिगत विकासमा असर** : कुनै पनि महिला शिक्षित छ र उसका घरका परिवार अशिक्षित छन् भने त्यस घरमा उक्त महिलाको भविष्य अन्धकार हुन्छ, त्यस महिलाले पाएको शिक्षा व्यर्थ हुन्छ । व्यक्तिगत विकास हुनबाट बञ्चित हुनजान्छ । जसले गर्दा उसले विभिन्न खालको हिंसात्मक व्यवहार खेप्नु परेको पाइयो ।

– **परिवारलाई असर** : जुन घरमा श्रीमान् श्रीमतीको मेलमिलाप हुँदैन उक्त घरमा परिवारमा कसैलाई पनि शास्ती हुँदैन । जसले गर्दा दिनहुँ झैझगडा हुने कुटपिट हुने जथाभावी बोल्ने, परिवारमा कसको के काम हो कसले के गर्ने भन्ने कुराको महत्व नदिने हुँदा परिवारमा हुनुपर्ने वातावरण विचलित हुन्छ । जसको कारणले हिंसात्मक कार्यहरू बढदै, गएको पाइयो ।

– **समाजलाई असर** : घरपरिवारमा बेमेल हुँदा समाजका मानिसहरूले उक्त परिवारलाई हेर्ने दृष्टिकोण तल्लो स्तरको हुन्छ जसले गर्दा उक्त परिवारलाई समाजबाट बहिष्कार गर्नको लागि समाजको मान्छेहरू एकजुट भएर लागेका हुन्छन् र समाजमा त्यस्तै कार्य अरुले नगरुन भनेर उक्त परिवारलाई समाजबाट बहिष्कार गर्ने गरेको पाइयो ।

आमा समूहमा आवद्ध महिलाहरूले माथि दिएका कारण र असरहरू औंल्याउँदै पोखरा लेखनाथ २५ हेमजामा नयाँ तरिकाले आमा समूह गठन गर्दछन् भन्ने यस अनुसन्धानबाट निष्कर्ष प्राप्त भयो ।

# अध्याय छ
# घरेलु हिंसामा परेका महिलाको स्थिति र धारणा

## ६.१ उत्तरदाताहरूको घरेलु हिंसाको अवस्था र विश्लेषण

मानिस सर्वश्रेष्ठ सामाजिक प्राणी हो । स्वतन्त्र जीवन व्यतित गर्न चाहन्छ । कसैको हस्तक्षेप चाहँदैन तर पनि कहिलेकाँही महिलाहरूमाथि विभिन्न लाञ्छनाहरू लगाई कुटपिट गर्ने, प्रर्याप्त खानालगाउन नदिने, घरबाट निकाल्ने, गाली गलौज गर्ने, दोस्रो विवाह गर्ने रक्सी सेवन गरी शारीरिक तथा मानसिक यातना दिने गरिन्छ । यसरी कुटपिट गर्नु, खान लाउन नदिनु, घर निकाला गर्नु, विवाहमा दाइजो गर्नु,  श्रीमान्ले दोस्रो विवाह गर्नु, महिलामाथिको हिंसा हो र मानव अधिकारको हनन हो । साथै कानुनी रूपमा नै दण्डनीय कार्य पनि हो । यसैका आधारमा हेमजा आमासमूहका महिलाले आफ्नो जीवनमा हिंसाको अनुभव भएको वा नभएका अवस्था भन्ने प्रश्नको उत्तरमा महिलाहरूको अवस्था यस प्रकार रहेको देखिन्छ ।

**तालिका ६.१: उत्तरदाताहरूको घरेलु हिंसाको अवस्था**

| हिंसाको अवस्था | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| हिंसामा परेका | ५३ | ६८ |
| हिंसामा नपरेका | २५ | ३२ |
| **जम्मा** | **७८** | **१००.००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार कुल ७८ जना उत्तरदाता महिलाहरूमध्येबाट ५३ जना महिला विभिन्न प्रकारका हिंसामा परेको देखिन्छ जुन ६८ प्रतिशत हुन्छ । हिंसामा नपरेका महिला उत्तरदाता २५ जना ३२ प्रतिशतमात्र देखिन्छ । हिंसामा नपरेका महिला उत्तरदाताभन्दा हिंसामा परेको महिला प्रतिशत बढी भएको देखिन्छ । यसले अध्ययन क्षेत्रमा आमा समूहका महिलाहरूमा रहेको घरेलु हिंसाको विकराल स्थिति देखाउँछ ।

## ६.२ अध्ययन क्षेत्रमा प्रचलित हिंसा

नेपाली समाज पितृसत्तात्मक समाज भएकोले हेमजा क्षेत्रका ब्राह्मण, क्षेत्री समूहका महिलाहरूको बाहुल्यता बढी भएको क्षेत्र पनि भएकोले त्यहाँका आमा समूहमा आवद्ध महिलाहरूले आफूले हिंसाको अनुभव गरेको छु भन्ने उत्तरदाता ५३ जना रहेको छ र हिंसाको विभिन्न प्रभाव परेको देखिन्छ त्यसलाई तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका ६.२: अध्ययन क्षेत्रमा प्रचलित हिंसाका प्रकारहरू**

| प्रभाव | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| शारीरिक | ३० | ५६.६० |
| मानसिक | १० | १८.८६ |
| गालीगलौज | ६ | ११.३२ |
| घर निकाला | ७ | १३.२० |
| हिंसामुक्त | २५ | |
| **जम्मा** | **७८** | **१००.००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

उपरोक्त तालिका अनुसार कुल ५३ जना हिंसा पीडित उत्तरदातामध्ये ३० जना (५६.६०%) शारीरिक प्रभावमा, १० जना (१८.८६%) मानसिक प्रभावमा, ६ जना (११.३२%) गालीगलौज प्रभावमा र ७ जना (१३.२०%) घर निकालामा हिंसामा परेको देखिन्छ जुन उनीहरूको लागि शारीरिक, मानसिक रूपले हानीकारक देखिन्छ । यो अध्ययन क्षेत्रका आमासमूहका महिला उत्तरदाताहरू घरेलु हिंसाबाट मुक्त भएको देखिँदैन । महिला समूहले शारीरिक र मानसिक हिंसाको अनुभव भएको देखिन्छ जुन दर्दनाक र खतरनाक अवस्था हो । मानसिक रूपले पीडित महिलाहरू विवाह पूर्व सामान्य भएको तर विवाहपछि मानसिक रोग जस्तै डिप्रेसनबाट पीडित भएको देखिन्छ ।

## ६.३ हिंसाको अनुभवको आधारमा उत्तरदाताको अवस्था

यो अध्ययन क्षेत्रमा आमासमूहका ५३ महिला हिंसा पीडित बाहेक अन्य महिला पनि सामान्य घरेलु हिंसाबाट मुक्त भएको देखिँदैन । सबै महिला उत्तरदाता आफ्ना जीवनभर

घरपरिवारभित्र अनुभव गरेका घरेलु हिंसाका व्यवहार घटना कुनै न कुनै प्रकारका घरेलु हिंसामा परेका कुराहरू व्यक्त गरेका छन् । त्यसलाई स्थलगत सर्वेक्षणअनुसार तल तालिकामा प्रष्ट पारिएको छ। फरक के रहेछ भने ५३ महिलाले प्रत्यक्ष रूपले कडा खालको हिंसा भोगेका छन् भने उक्त उत्तरदाता महिलाको अवस्था यस्तो छ।

**तालिका ६.३: हिंसाको अनुभवको आधारमा उत्तरदाताको अवस्था**

| अनुभव | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| कामको बढी बोझ | ३७ | ४७.४३ |
| गाली गलौज गरी हतोत्साहित गराउने | १२ | १५.३९ |
| उत्तर दिन नचाहने | १२ | १५.३९ |
| चोरी र बोक्सीको आरोप लगाउने | ८ | १०.२७ |
| अर्कोसँग सम्बन्ध बढाएकोमा | ४ | ५.१२ |
| अन्य | ४ | ५.१२ |
| केही पनि आरोप नलगाउने | १ | १.२८ |
| **जम्मा** | **७८** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

उपरोक्त तालिका अनुसार कुल ७८ जना उत्तरदातामध्ये ६६ जनाले उत्तर दिएको र १२ जनाले उत्तर दिन नचाहेको देखिन्छ । तालिका अनुसार ३७ जना (४७.४३%) महिला उत्तरदाताले कामको बढी बोझ, १२ जना (१५.३९%) महिला उत्तरदाताले गाली गलौज गरी हतोत्साहीत गराउने, बोझ, १ जना (१.२८%) केही पनि आरोप नलगाउने, ४ जना (५.१२%) अर्कोसँग सम्बन्ध बढाएको, ४ जना (५.१२%) अन्य रहेको र १२ जना (१५.३९%) उत्तर दिन नचाहने रहेको पाइयो । यसबाट के देखिन्छ भने विवाहित उत्तरदाता केही अन्य प्रकारको हिंसा पीडित छन् । विवाह महिलाका लागि जेल साबित हुन्छ भन्ने मार्क्सवादी सही देखिन्छ ।

**तालिका ६.४ : श्रीमान्ले दोस्रो विवाह गरे नगरेको आधारमा**

| कारण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| दोस्रो विवाह नभएको | ५१ | ६५.३९ |
| दोस्रो विवाह गरेको | २७ | ३४.६१ |
| जम्मा | ७८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

उपरोक्त तालिका अनुसार कुल ७८ जना उत्तरदाता महिला मध्ये श्रीमान्ले दोस्रो विवाह गरेको कारण हिंसा परेका २७ जना (३४.६१%) उत्तरदाता देखिन्छ भने ५१ जना (६५.३९%) महिला दोस्रो विवाहको शिकार भएको देखिदैन । पतिले दोस्रो विवाह गरेको खण्डमा महिलाहरू बढी पीडित हुन सक्ने सम्भावना देखिन्छ । कानुनले विशेष परिस्थति बाहेक दोस्रो विवाहलाई निषेध गरेको छ र हेमजा आमा समूहका धेरै महिलाहरूका पतिले दोस्रो विवाह गरेका कारण जेठीले छोरी छोरी जन्माउनु, श्रीमतीले जन्माउन नसक्नु जस्ता कारणले घरेलु हिंसाका शिकार भएका देखिन्छन् ।

**तालिका ६.५: हिंसा निम्त्याउने अन्य कारण**

| अन्य कारणहरू | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| पितृसत्तात्मक समाज, सोच र | २५ | ३२.०५ |
| गरिबी | २० | २५.६४ |
| घर छिमेकीबाट उस्काएर | १५ | १९.२३ |
| अशिक्षा | १० | १२.८२ |
| आमा, दिदिबहिनी, नाताले उचालेर | ५ | ६.४२ |
| धर्म | १ | १.२८ |
| सामाजिकीकरण | २ | २.५६ |
| **जम्मा** | **७८** | **१००.००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

हिंसा पीडित ५३ जना महिलाहरू भएपनि यहाँ सबै उत्तरदाता ७८ जना महिला सित हिंसा निम्त्याउने अन्य कारणहरूका बारेमा सोधिएको छ । उपरोक्त तालिकामा १० जना

(१२.८२%) महिला उत्तरदाताका अनुसार घरेलु हिंसा निम्त्याउने कारण शिक्षाको कमीले, २० जना (२५.६४%), आमा, दिदीबहिनी, नाताले उचालेर ५ जना (६.४२%), घरछिमेकीबाट उस्काएर १५ जना (१९.२३ %), पितृसत्तात्मक समाज, सोच र व्यवहारबाट २५ जना, (३२.०५%), धर्मबाट १ जना (१.२८%) र सामाजिकीकरणबाट २ जना (२.५६%) रहेको देखिन्छ र हिंसा निम्त्याउने प्रमुख कारण पितृसत्तात्मक समाज सोच र व्यवहार रहेको छ ।

## ६.४ हिंसामा परेमा कसलाई भन्ने

महिलाहरूले सामान्यतया हिंसाको अवस्थालाई व्यक्त गर्न नचाहेको देखिन्छ । समाज तथा घरपरिवारमा हिंसाको अनुभव महिलाले गरेता पनि आफ्नो पीडा बाहिर व्यक्त गरेका हुँदैनन् । हिंसा व्यक्त नगर्दा समाजमा हिंसा बढ्दछ । महिला समूहका उत्तरदातालाइ हिंसा परेमा कसलाई भन्नुहुन्छ भन्ने धारणामा बुझ्न खोजिएको ।

**तालिका ६.६: हिंसामा परेमा कसलाई के भन्ने**

| विचार | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| साथीसँग भन्दछु | २२ | २८.२१ |
| नातागोतालाई भन्दछु | २१ | २६.९२ |
| गोप्य राख्छु | १८ | २३.०८ |
| पुलिसलाई रिपोर्ट गर्छु | १५ | १९.२३ |
| उत्तर दिन चाहन्न | २ | २.५६ |
| जम्मा | ७८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

उपरोक्त तालिका अनुसार कुल ७८ जना उत्तरदातामध्ये ७ जना महिला उत्तरदाताले मात्र उत्तर दिएको देखिन्छ । साथे २ जना महिलाले उत्तर दिन चाहेको देखिँदैन । हिंसामा परेमा कसलाई भन्ने आधारमा गोप्य राख्छु भन्नेमा १८ जना (२३.०८%), नातागोतालाई भन्नेमा २१ जना (२६.९२%), पुलिसलाई रिपोर्ट गर्छु भन्नेमा १५ जना (१९.२३%), साथीसँग भन्दछु भन्नेमा २२ जना (२८.२१%) रहेको देखिन्छ । यसबाट के प्रष्ट हुन्छ भने धेरै महिलाहरू घरेलु हिंसालाई नितान्त व्यक्तिगत ठान्ने र थोरैले मात्र प्रहरी र औपचारिक ठाउँमा उजुरी गर्ने धारणा व्यक्त गरेका देखिन्छन् ।

## ६.५ हिंसामा परेमा चुपचाप बस्नुपर्ने कारण

यस क्षेत्रका घरपरिवारमा महिला समूहका उत्तरदाताहरूले आफू हिंसामा परेमा के कारण चुपचाप बस्नुहुन्छ भन्ने आधारमा स्थलगत सर्वेक्षण अनुसार ४२ प्रतिशत महिलाले इज्जत मान मर्यादाको डरले आफू हिंसा पीडित भए पनि नभन्ने बिचार तथा कारणहरू बताएका छन् । महिला हिंसा पीडित भए पनि चुपचाप बस्नुपर्ने धेरै कारणहरू हुन्छन् । त्यसलाई तल तालिकामा प्रष्ट पारिएको छ ।

**तालिका ६.७ः हिंसा परेमा चुपचाप बस्नुपर्ने कारण**

| कारण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| इज्जतको डरले | ५७ | ७३.०८ |
| उत्तर दिन नचाहने | ११ | १४.१० |
| आफ्नो परिवारको डर | ५ | ६.४१ |
| समाजको डर | २ | २.५६ |
| अन्य | ३ | ३.८५ |
| जम्मा | ७८ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

उपरोक्त तालिका अनुसार कुल उत्तरदाता ७८ जना मध्य हिंसामा परेको अवस्थामा चुपचाप बस्नुपर्ने कारणमा ५७ जना (७३.०८%) महिला आफ्नो इज्जतमान मर्दनको डरले, ५ जना (६.४१%) उत्तरदाता महिला आफ्नै परिवारको डरले, २ जना (२.५६%) महिला उत्तरदाता समाजको डरले, ३ जना (३.८५%) महिला अन्य कारणले र ११ जना (१४.१०%) महिला उत्तर दिन नचाहेको देखिन्छ । आफू हिंसा पीडित भएर पनि हिंसा गर्ने व्यक्तिलाई कानुनले गोली हान्न सक्दैन, किनभने कानुनले समाउँदैन भन्ने डरले हिंसामा चुपचाप बसेको देखिन्छ । कानुनको राम्रोसँग कार्यान्वयन नभएको देखिन्छ । कानुनी कार्यान्वयन पक्ष फितलो र बोलवाला व्यक्तितिर बढी ढल्किने पीडितले न्याय नपाएको बताएका थिए । कतिपय कानुनी आयामहरूमा लैङ्गिक विभेद गरी बनाएको देखिन्छ । नेपालको कानुनी पक्ष पनि महिला र पुरुषबिच विभेद गरी बनाएको देखिन्छ पुरुषले जन्मने बित्तिकै सम्पत्ति, वंश गोत्र धारण गर्दछ । तर महिलालाई छैन अन्य धेरै कुरामा कानुनी पक्ष विभेद भएको देखिन्छ ।

## ६.६ कानुनी ज्ञानका आधारमा महिलाको धारणा

कानुन भनेको न्याय र अन्याय छुट्याउने एउटा महत्वपूर्ण आधार तथा संविधान हो । कानुनी पक्ष राम्रो र कडा हुनुपर्छ तर नेपाली समाजमा त्यस्तो छैन हिंसा सबै समाज तथा घरपरिवारमा भइरहेको हुन्छ तर कतिपय महिलाहरू आफू हिंसामा परेर पनि अन्यलाई भन्ने आँट गर्दैनन् र आफू हिंसामा परेमा कानुनी न्याय पाउन सकिन्छ भन्ने समेत ज्ञान हुँदैन । त्यसै कारण यस हेमजा क्षेत्रका महिला उत्तरदाता समूहमा हिंसामा परेमा हिंसा समाधान लागि कुनै कानुनी ज्ञानबारे थाहा छ वा छैन भन्ने धारणा बुझ्न खोजिएको छ । महिला माथिको हिंसा घरपरिवार तथा समाजमा भइरहेको हुन्छ कतिपय थाहा भएको हुन्छ । कतिपय गोप्य रहनछन् । शिक्षा, चेतना, महिलाको निम्न स्थिति र सम्बन्धित कानुनको कार्यान्वयन नहुनु महिलाको आर्थिक निर्भरता जस्ता तत्वहरू समाजमा रहिरहेका छन् पितृसत्ताहरूलाई राम्रोसँग व्यवस्थापन गर्न सकेमात्र हिंसा रोक्न सकिन्छ ।

**तालिका ६.८: कानुनी ज्ञानको आधार**

| कानुनी ज्ञानको बारेमा | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| थाहा छ | ५० | ६६.६६ |
| थाहा छैन | २४ | ३०.७८ |
| उत्तर दिन चाहन्न | २ | २.५६ |
| जम्मा | ७८ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

उपरोक्त तालिकामा कुल ७८ जना उत्तरदातामा ७६ जनाले प्रश्नको जवाफ दिएको र २ जनाले प्रश्नमा जवाफ नदिएको देखिन्छ । कानुनी ज्ञानको बारेमा थाहा छ भन्ने महिला उत्तरदाता ५० जना (६४.१०%), कानुनी ज्ञानको बारेमा केही पनि थाहा छैन भन्ने २४ जना (३०.७८%) र राम्रोसँग थाहा छ भन्ने महिला उत्तरदाता २ जना (२.५६%) देखिन्छ । साथै २ जना (२.५६%) महिलाले उत्तर दिन नचाहेको देखिन्छ ।

## ६.७ हिंसा निम्त्याउनेमा भूमिका

महिला माथिको घरेलु हिंसा घरपरिवाकरो सम्बन्धबाट हुने गर्दछ भनीएको छ । तर पनि महिलाले महिलामाथि हिंसा निम्त्याउन पनि सक्छन् र पुरुषले पनि । तर प्राय महिलामाथिको हिंसा नेपाली समाज पितृसत्तात्मक समाज भएकोले पुरुषले बढी हिंसा निम्त्याएको हुन्छ । यसको वास्तविक कुरा थाहा पाउन यस अध्ययन क्षेत्रका आमा समूहका महिलाहरूको धारणा यस प्रकार रहेको छ ।

**तालिका ६.९: हिंसा निम्त्याउनेमा भूमिका**

| हिंसा निम्त्याउने | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | ४० | ५१.२८ |
| महिला | ३० | ३८.४६ |
| अन्य | ४ | ५.१३ |
| उत्तर दिन नचाहने | ४ | ५.१३ |
| जम्मा | ७८ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

उपरोक्त तालिका अनुसार कुल ७८ जना महिला उत्तरदातामध्ये ७४ जना उत्तरदाताले मात्र प्रश्नको उत्तर दिएका थिए भने ४ जना महिलाले उत्तर दिन नचाएको देखिन्छ । हिंसा निम्त्याउनेमा ४० जना (५१.२८%) महिला उत्तरदाताले पुरुष नै हो भनेको देखिन्छ । ३० जना (३८.४६%) महिला उत्तरदाताले हिंसा निम्त्याउने महिला नै हो भन्ने र ४ जना (५.१३%) महिला उत्तरदाताले अन्य पनि हुन सक्छन् भन्ने देखिन्छन् र ४ जना (५.१३%) महिलाले उत्तर दिन नचाएको देखिन्छ । हिंसा निम्त्याउने अन्य कारणहरू जस्तै इष्टमित्रलेपनि हिंसा निम्त्याउनमा भूमिका खेल्न सक्छ ।

## ६.८ हिंसा रोक्न सकिन्छ भन्ने सम्बन्धमा उत्तरदाताको धारणा

यस अध्ययन क्षेत्रका आमा समूहका महिलाहरूको धारणालाई हेर्दा ८४.६२ प्रतिशतले हिंसा रोक्न सकिन्छ भन्ने धारणा व्यक्त गरेका छन् । तर पनि नेपाली समाजमा महिलामाथिको घरेलु हिंसा विभिन्न कारणबाट बढ्दै गएको देखिन्छ । जस्तै गर्भपतन, दाइजो, लिने, दिने,

बहुविवाह, रक्सी सेवन जस्ता कारणले हिंसा बढाएको देखिन्छ । प्रत्येक समयमा विश्वभरिनै हिंसा भइरहेको सुनिन्छ । हेमजा क्षेत्रका आमा समूहहरू पनि हिंसाबाट अछुतो रहन सकेको छैन । यसैले यो एक कहिल्यै समाधान गर्न नसकिने सामाजिक समस्याको रूपमा विश्वभरि रहिरहेको देखिन्छ र नेपाली समाज तथा घरपरिवारमा पनि रहेको देखिन्छ । तलको तालिकाले हिंसाको समाधान यसरी प्रस्तुत गरेको छ ।

**तालिका ६.१०: हिंसाको समाधान**

| विचार | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| सकिन्छ | ६६ | ८४.६२ |
| सकिँदैन | ११ | १४.१० |
| उत्तर दिन चाहन्नँ | १ | १.२८ |
| जम्मा | ७८ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

उपरोक्त तालिका अनुसार कुल ७८ जना उत्तरदाता महिलामध्ये ७७ जना महिला उत्तरदाताले मात्र प्रश्नको उत्तर वा आफ्नो विचार व्यक्त गरेको र १ जना महिलाले उत्तर दिन नचाहेको देखिन्छ । ६६ जना (८४.६२%) महिला उत्तरदाताले हिंसा रोक्न सकिन्छ, ११ जना (१४.१०%) हिला उत्तरदाताले हिंसा रोक्न सकिदैन भन्ने धारणा व्यक्त गरेको देखिन्छन् त्यसैगरी १ जना (१.२८%) ले उत्तर दिन नचाहेको देखिन्छ । बहुमत महिलाले हिंसा रोक्न सकिन्छ भन्ने धारणा राखेको देखिन्छ । जस्तै चेतनाको वृद्धि गरेर सम्बन्धित निकाय जस्तै महिला प्रहरी सेलको मद्दत सूचना प्रविधि जस्तैः टि.भी., रेडियो, मोबाइल, सेटलाइट, इमेल इन्टरनेट आदिबाट सूचनामूलक जानकारी उपलब्ध गराए ।

## ६.९ हिंसा पीडितलाई मद्दत गर्ने निकायहरू

समाज तथा घरपरिवार भित्र हुने महिला माथिको घरेलु हिंसा रोक्न र हिंसा पीडितलाई सहयोग गर्ने नेपालमा विभिन्न संघसंस्थाहरू स्थापना भएका छन् । ती संघसंस्थाबारे यस हेमजा क्षेत्रमा आमासमूहका महिलाहरूलाई जानकारी रहेको छ । वा छैन त्यसबो उनीहरूको धारणा यस प्रकार रहेको छ ।

तालिका ६.११: हिंसा पीडितलाई मद्दत गर्ने ज्ञानबारे ज्ञान

| संस्था | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| वडा समिति | १० | १२.८२ |
| नगरपालिका | १ | १.२८ |
| जिल्ला अदालत | १९ | २४.६६ |
| महिला प्रहरी सेवा | २५ | ३२.०५ |
| महिला मानव अधिकारवादी | १६ | २०.५१ |
| सबै आमा समूहहरू | ७ | ८.९८ |
| जम्मा | ७८ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

उपरोक्त तालिका अनुसार हिंसा पीडितलाई मद्दत गर्ने संस्थाको बारे केही ज्ञान छ भन्ने जवाफमा कुल ७८ जनालाई नै सोधिएकोमा सबैले प्रश्नको उत्तर दिएको पाइन्छ । यदि हिंसामा परेका २५ जना (३२.०५%) महिला उत्तरदाताले महिला प्रहरी सेलमा रिपोर्ट दिनुपर्छ वा जानुपर्छ भनेका थिए, १९ जना (२४.३६%) ले महिला प्रहरी सेलमा जानुपर्छ, १६ जना (२०.५१%) महिला उत्तरदाताले महिला मानव अधिकार संस्थामा जानुपर्छ, त्यसैगरी १० जना (१२.८%) ले वडा समितिमा जानुपर्ने, ७ जना (८.९८%) ले सबै संस्थाका बारेमा थाहा छ भन्ने धारणा, त्यसैगरी १ जना (१.२८%) ले नगरपालिका संस्थामा जानुपर्छ भन्ने धारणा राखेका छन् । महिला प्रहरी सेललाई धेरै महिलाहरूले महत्वपूर्ण मानेका छन् । महिला प्रहरीमा उचित न्याय पाइन्छ भन्ने धारणा राखेका छन् ।

## ६.१० घरेलु हिंसा बढी हुनुमा जिम्मेवार पक्ष

नेपाली समाज पितृसत्तात्मक महिला माथिको घरेलु हिंसा घर परिवार भित्र भइरहेको हुन्छ । हिंसा बढी हुनुमा जिम्मेवार धेरै तत्व भएपनि पितृसत्तात्मक समाज तथा मूल्यमान्यता मुख्य रहेको छ । पितृसत्तात्मक सामाजिक मूल्य मान्यतामा जेलिएको उनिएको नेपाली समाजमा महिला हिंसा बढी भएको देखिन्छ । त्यसैले यस अध्ययन क्षेत्रका आमासमूहका महिलाहरू पनि पितृसत्तात्मक मूल्य मान्यतामा अल्झिएका छन् । उनीहरूको धारणा अनुसार हिंसा बढी हुनुमा परिवार नै बढी जिम्मेवार भएको धारणा व्यक्त गरेका छन् ।

**तालिका ६.१२: घरेलु हिंसा बढी हुनुमा जिम्मेवार पक्ष**

| जिम्मेवार | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| समाज समुदाय | १६ | २०.५१ |
| घरपरिवार | ५७ | ७३.०८ |
| नाता कुटुम्ब | १ | १.२८ |
| उत्तर दिन चाहन्न | ४ | ५.१३ |
| जम्मा | ७८ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

उपरोक्त तालिकाअनुसार कुल ७८ जना महिला उत्तरदातामध्ये ७४ जना महिला उत्तरदाताले मात्र प्रश्नको उत्तर दिएको पाइयो भने ४ जनाले उत्तर दिन चाहेनन् । हिंसा बढी हुनुमा जिम्मेवार कसलाई ठान्नुहुन्छ भन्ने प्रश्नको उत्तरमा उहाँको धारणा यस प्रकार रहेको देखिन्छ । ५७ जना (७३.०८%) महिला उत्तरदाताले घरपरिवार नै घरेलु हिंसा निम्ताउनेमा जिम्मेवार हुन्छ भन्ने धारणा राखेको देखिन्छ । १६ जना (२०.५१%) महिला उत्तरदाताले घरेलुहिंसा बढी हुनुमा समाज तथा समुदायलाई जिम्मेवार ठानेका छन् । उत्तर दिन नचाहएको ४ जना ५.१४%) देखिन्छन् । त्यसैले १ जना (१.२८%) महिलाले मात्र नाता कटुम्बलाई हिंसा निम्त्याउने धारणा राखेको देखिन्छ । यसबाट के देखिन्छ भने घरपरिवार नै मुख्य कारक तत्व हो सबै समस्याको घरभित्रबाट समस्या सुरु र विस्तारै फैलिदै जान्छ । यसरी हेर्दा जिम्मेवार पक्षमा मुख्यतया घर परिवार नै देखिन्छन् ।

## ६.११ हिंसा एक सामाजिक विकृति हो भन्ने सम्बन्धमा महिलाको धारणा

महिला माथिको कहिल्यै नसकिने, नमेटिने एउटा सामाजिक समस्या रूपमा विश्वभरि रहेको छ । महिलाविरुद्धको हिंसा विश्वभरि नै फैलिएको छ । प्रत्येक घरपरिवार, जात, धर्म, संस्कृति मान्य समाज तथा राष्ट्रमा रहेको हुन्छ । हिंसा एक सामाजिक विकृति हो वा होइन भन्ने प्रश्नको आधारमा हेमजा आमासमूहका महिला उत्तरदाताको धारणालाई तल प्रष्ट पारिएको छ ।

**तालिका ६.१३: महिला हिंसा एक सामाजिक विकृतिको रूपमा**

| विकृति हो | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| विकृति हो | ६२ | ७९.४८ |
| विकृति होइन | ८ | १०.२६ |
| थाहा छैन | ५ | ६.४१ |
| जम्मा | ७८ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

उपरोक्त तालिका अनुसार ७८ जना महिला उत्तरदाता मध्ये ७५ जनाले उत्तर दिएको र ३ जनाले प्रश्नको उत्तर नदिएको देखिन्छ । ६२ जना (७९.४८%) उत्तरदाता महिलाको धारणा विकृति नै हो भन्ने देखिन्छन् । हिंसा विकृति होइन भन्ने धारणा राख्ने ८ जना (१०.२६%) र थाहा छैन भन्ने धारणा राख्नेमा ५ जना (६.४१%) उत्तरदाता महिला देखिन्छन् साथै ३ जना (३.८५%) महिलाले जवाफ दिन नचाएको देखिन्छन् । महिला विरुद्धको हिंसा एक सामाजिक र सांस्कृतिक चुनौति भएको छ ।

अन्तमा घरेलु हिंसा सम्बन्धी हेमजा आमा समूहका महिला अवस्था र धारणालाई विश्लेषण गर्दा के देखिन्छ भने हिन्दू महिलाहरूको लागि विवाह एक महत्वपूर्ण घटना सावित हुन्छ जसको राष्ट्रको स्थायी नागरिक बनाउँछ भन्ने बाबु आमाको घरमा अस्थायी नागरिक सदस्य बनाउँदछ । सामाजिक प्रक्रियाले पनि महिलालाई सहायक, आज्ञाकारी, आदर्श नारी बन्नुपर्ने पाठ सिकाएको हुन्छ । छोरालाई बलियो बनाउनुपर्ने कडा बन्नुपर्ने, निर्णय लिन सक्ने बन्नुपर्ने सिकाइन्छ । छोरा नभए छोरा पाउन कुर्ने नभए दोस्रो विवाह गर्ने, छोरा नभए स्वर्ग देखिँदैन भन्ने सामाजिक मूल्य मान्यताले समाज जेलिएको छ । छोरालाई बच्चा अवस्थाबाट नै परिवारमा मानसम्मान ठूलो बहादुर, कडा बलियो हुनुपर्छ भनी सिकाइन्छ । हेमजाको समाज तथा घरपरिवारमा महिलाको इच्छा पनि छोरा होस् भन्ने रहेको बुढेसकालको सहारा सम्पत्ति, वंश धान्ने, पितृउद्धार गर्ने, क्रियाकलाप गर्ने छोरा नै चाहिन्छ भनी छोरा पाए खुशी हुने हुने छोरी पाए निराश हुन प्रवृत्तिको देखिन्छ । यसैले घरेलु हिंसा जन्माएको छ ।

धेरै महिला उत्तरदाताले बताएका थिए कि सामाजिक रूपमै महिलालाई सहायकमा राखेको र पुरुषलाई उच्च स्थानमा राखेको स्वीकारेका छन् । जसको परिणाम झनै विभेद बढ्छ ।

पुरुषलाई बलियो, नेतृत्वदायी, पालनपोषण गर्ने महिलाले पुरुषमा भर पर्नुपर्ने बनाएको छ । यसले यस्तो नराम्रो सांस्कृतिक समस्या निम्त्याएको छ कि पुरुषहरू कडा र बलियो हुन्छ भनी रहँदा उनीहरू महिलालाई पिट्न मात्र बलियो हुने र हिंस निम्त्याउने मात्र जन्मिएको रूपमा सावित नहोस् । महिला उत्तरदाता र परिवार सम्बन्ध धेरै उत्तरदाता महिलाले (ब्राह्मण क्षेत्री) ले श्रीमान् परिवारको अगुवा वा नेता हो मुख्य व्यक्तिको रूपमा मानेका छौं । श्रीमान्ले नै रोजीरोटी घरपरिवारको संरक्षण गर्ने हुन्छन् । उसलाई मात्र सम्मान आदर र उसैको आज्ञाकारी मान्ने गरेका छौं भनी बताएका थिए । तर केही महिला उत्तरदाताले परिवारप्रति श्रीमान्को कुनै जिम्मेवार नरहेको, जागिर छैन, रक्सी खाने सधैं सधैं अभिभावकले पनि वास्ता नगर्ने हुँदा खाना, लाउन समस्या भएको बताएका थिए । प्रायः तास खेल्ने, रक्सी खाने बानीले समय र स्वास्थ्यको नोक्सान र परिवारमा हिंसा बढाएको बताएका छन् ।

धेरै ब्राह्मण क्षेत्रीका महिला उत्तरदाताहरूले श्रीमान् उनीहरूको संरक्षणकर्ता ठानेको र परिवारको आवश्यकता पूरा गर्ने, समस्याहरू समाधान गर्ने, कुनै पनि खतरनाक समस्याबाट संरक्षण र समाधान गर्ने जिम्मेवार व्यक्तिको रूपमा लिने गरेको बताएका थिए । केही गृहिणी महिलाले श्रीमान्लाई जीवन साथीको रूपमा लिएको जीवनको लामो यात्रासँगै बिताउने दुःख सुख बाँड्ने सोचेको र सोचे जस्तो वास्तविक जीवनमा नभोगेको बताएका थिए । महिलाहरू घरेलु हिंसामा परेको हिंसामा परेर पनि बच्चाको भविष्यको लागि आफ्नो जीवनको सुरक्षाको लागि चुपचाप बसेका बताएका थिए । तर केही शिक्षित महिलाका श्रीमान्हरू साथी जस्तै भएको दुवैको समान उत्तरदायित्व रहेको परिवारको संरक्षण, सम्पत्तिको संरक्षण गर्नमा एक आपसमा दुःख सुखका कुरा मिलेर समाधान गरेको पनि बताएका छन् । साथै परिवारका सबै सदस्यको समान स्थान रहेको बताएका छन् । संयुक्त परिवारमा बस्ने धेरै महिला उत्तरदाता भएकोले उनीहरूको सासू ससुरा अन्य व्यक्तिसँग राम्रो सम्बन्ध नरहेको बताएका थिए । सबै परिवारका सदस्यले काममा शोषण गर्ने काम बुहारीलाई मात्र गराउने सम्पूर्ण घरको काम हामी नै गर्दछौं कसैको सहयोग पाइँदैन । विहान चार बजेदेखि बेलुकी १० बजेसम्म हामी काम गर्छौं । अझै गाली र धम्की सुन्नु पर्दछ । सासू ससुराको गाली खानुपर्ने हुन्छ भन्ने कुरा बताएका थिए (ब्राह्मण, क्षेत्री समुदायका महिलाहरूको भनाइ) तर आर्थिक कारोवारमा उनीहरू (महिला) सहभागिता हुँदैन ।

आमा समूहका महिलाहरूले घरेलु हिंसा आफूले अनुभव गरेको र आफ्नो समुदायमा देखेको कुरा व्यक्त गरेको देखिन्छ । केही उत्तरदाताका अनुसार छरछिमेक वा समुदायमा तथा आफ्नै घरपरिवारमा शारीरिक यातना चुट्ने, पिट्ने गरेको मानसिक असर परेको बताएका थिए । मानसिक पीडा भोगेको तर बाहिर थाहा नदिएका थिए । महिलामाथिको घरेलु हिंसाको मुख्य कारण पुरुषले दोस्रो विवाह गर्नु, रक्सी सेवन गर्नु, दाइजो माग गर्नुले ब्राह्मण क्षेत्री परिवारका महिला बढी हिंसामा परेका छन् । सामाजिक, सांस्कृतिक परम्परागत संस्कार मूल्य मानयताले महिलाको जीवनलाई अति कष्टकर बनाएको र धेरै नै दुःख पाएको कुरा पनि व्यक्त गरेका थिए । महिलालाई हिंसातिर डोऱ्याएर महिलाको मानव अधिकार समेत हनन भएको कुरा व्यक्त गरेका थिए ।

# अध्याय सात

# हिंसा पीडित महिलाको वैयक्तिक अध्ययन

वैयक्तिक अध्ययन त्यस्तो गहन र जटिल प्रकृतिको अध्ययन हो जसमा व्यक्ति, समूह, घटना, माग योजना समुदाय, प्रक्रिया, नीति, सन्धि आदिलाई एकाइ मानेर त्यसको समग्र पक्षको अध्ययन गरिन्छ । समाजशास्त्रीय तथा मानव शास्त्रीय अध्ययनमा वैयक्तिक अध्ययन एउटा भरपर्दो विश्वसनीय र पर्याप्त सूचना प्राप्त गर्न सकिने तथ्याङ्क संकलनको तरिका मानिन्छ । जसबाट घटनाको सम्पूर्ण पक्षका बारेमा ज्ञान हासिल गर्न सकिन्छ । पी.भि. योङ्ग (१९९८) का अनुसार Case study is a method of exploring and analyzing the life of a social unit, be that unit a person, a family, institution, cultural group or even entire community" यस परिभाषामा वैयक्तिक अध्ययनलाई एउटा अनुसन्धानात्मक विश्लेषणात्मक तरिका मानिएको छ । जसमा परिवार व्यक्ति संस्था साँस्कृतिक समूह लगायत समग्र समुदायलाई पनि व्यक्तिगत एकाई मानेर अध्ययनलाई एउटा अनुसन्धानात्मक विश्लेषणात्मक तरिका मानिएको छ । जसमा परिवार व्यक्ति संस्था, सांस्कृतिक समूह लगायत समग्र समुदायलाई पनि व्यक्तिगत एकाइ मानेर अध्ययन गर्नुलाई व्यक्तिगत अध्ययन मानिन्छ । त्यसैले यस अध्ययनमा पोखरा लेखनाथ २५ हेमजाका आमा समूहका अध्ययनमा समेटिएका महिलाहरूको घरेलु हिंसासँग सम्बन्धित घटनालाई व्यक्तिगत रूपमा अध्ययन गरी तल प्रस्तुत गरिएको  छ ।

आमासमूहमा आवद्ध ७८ उत्तरदातामध्ये ५३ जना हिंसा पीडित भएका मध्येबाट जम्मा १२ जना उत्तरदाता महिलाको व्यक्तिगत अध्ययन गरिएको छ । श्रीमान् तथा घरपरिवारबाट भएका विभिन्न प्रकारका हिंसा रहेका छन् । श्रीमान्ले मादकपदार्थ सेवन गरी हिंसा दिने, छोरी छोरी जन्मिएको निउँमा हिंसा दिने र दोस्रो विवाह विवाह गर्ने परिवारका अन्य सदस्यबाट दाइजो माग तथा दोस्रो विवाह र बोक्सीको आरोप लागेका महिला उत्तरदाताको व्यक्तिगत अध्ययन यस प्रकार रहेको छ ।

## *वैयक्तिक अध्ययन '१'*

घर नं. ३२ मा बस्ने अहिले ५० वर्षकी महिलाको १२ वर्षको उमेरमा विवाह भयो । २० वर्षको हुँदा श्रीमान् वित्नुभयो । श्रीमान् वितेपछि घरपरिवारमा सबैले हेलाको दृष्टिकोणले हेरे । सबैले गाली गर्ने त पापिनी होस् भन्ने नानाथरीका गाली गरे । पोइ खाइस् भन्ने जस्ता नकारात्मक कुराहरू भने । पाँच कक्षासम्म पढेकी म लेखपढ गर्न केही पनि आउँदैन थियो । विस्तारै विस्तारै घरका सबै मिलेर घर निकाला गर्ने सोचमा आए । तँ पोइ टोक्ने भनी गाली गरे । बोक्सीको आरोप लगाए । आफ्नो श्रीमान्को मृत्युपछि आफ्नो कारणले अरुको पनि मृत्यु हुन्छ भन्ने सोचले मलाई घरमा विस्तारै विस्तारै पिट्ने काम गरे । जसमा सासू नन्द, अमाजु मिलेर मलाई दिनहुँ पिट्ने गर्दथे । एकदिन त मेरो टाउँको चोट लाग्यो र म बेहोस भए । बेहोस भएको बेलामा घरबाट बाटोमा लगेर फालेका रहेछन् । छिमेकीहरूले देखेर मलाई घरमा लगिदिएँ तर फेरि त्यस्तै पिट्ने गर्दथे । घरको काम धेरै गर्नुपर्ने, खाना खान नदिने दिएपनि बाँसी खाना दिने जस्तो गर्न लागे । यस्तो सहनुभन्दा हाम फालेर मर्छु भन्ने भयो । त्यस्तै क्रममा म घाँस काटन् जंगलमा गएको थिए । त्यही पाँसो लगाएर मरु जस्तो भयो र नाम्लोले घाँटी पनि कस्न लागे । त्यसैक्रममा एकजना दाइले मलाई देख्नुभएर रोक्न आउनु भयो र सबै कुराहरू सोध्नु भयो । मैले उहाँलाई आफ्नो घरको सबै कुरा भने र उहाँले मलाई सहयोग गर्न बचनबद्ध गर्नुभयो र म घर गए । तर घरकाले तँ परपुरुषसँग लागी भनेर फेरि नयाँ आरोप लगाउनुभयो यो सहन नसकी म समाजमा गुहार मागे तर कसैले केही सहयोग गरेनन् । त्यही क्रममा जङ्गलमा भेटिनुभएको दाई मेरो घरमा आउनुभयो र घरपरिवारलाई सम्भाउन खोज्नु भयो । तर कसैले पनि सम्भेनन् र म प्रहरीको माभ जान बाध्य भएँ । घरपरिवारभन्दा टाढा बस्नको लागि मैले प्रहरीमा उजुरी गरेर मलाई घरेलु हिंसाभएकोमा न्याय पाउँ भनेर निवेदन पेश गरे । मुद्दा लड्ने क्रममा मैले पाउनुपर्ने अंश र न्याय पाएँ । २५ वर्षदेखि म एक्लै बस्दै आएको छु । अहिले म आफ्नो जीविकोपार्जनको लागि छिमेकीको घरको काममा सहयोग गर्छु र मेलापात गएर जीवन गुजारा गरिरहेको छु । अहिले म घरपरिवारको हिंसाबाट मुक्त भएको छु ।

## *वैयक्तिक अध्ययन '२'*

२०३० सालमा जन्मनु भएकी सुशीला (नाम परिवर्तन) ले आफूमाथि भएको हिंसा खुलस्त रूपमा यसरी जानकारी गराउनुभयो । बुवा आमा गाउँको एक सरकारी स्कुलमा अध्यापन गराउने र आफूले पनि एसएलसी सम्मको शिक्षा सोही स्कुलमा गरेको बताउनुभयो । ब्राह्मण परिवारमा जन्मिएकी सुशीलाले घरमा आफ्नो पढ्ने ढोको हुँदाहुँदै पनि गाउँकै राम्रै परिवारबाट विहेको कुरा आएको हुँदा उच्च शिक्षा दिलाउने आश्वासनले विहे गरेको बताउनुहुन्छ । विहे गरेको दुई तीन महिनासम्म उनलाई अर्को घरपरिवारले राम्रै गरेको तर केही समयपछि उनको परिवार शहरतिर बसाइसरेर गएको बताउनुभयो । उहाँले सहर गएपछि आफ्नो उच्च शिक्षाको कुरा निकाल्दा श्रीमान्ले रक्सी खाइ घर आएर दाइजोको कुरा निकालेर गालीगलौज गर्ने साथै निर्घात कुटपिट गर्ने गरेको बताउनुभयो । सो घटनाको एक हप्तापछि श्रीमान् मात्र घरमा भएको मौका पारेर विहेअगाडि आफूलाई पढाउने कुरा गरेको तर अहिले किन पढ्न नपाउने भनेर प्रश्न गर्दा उनको श्रीमान्ले यथेष्ट दाइजो नल्याएको  केही दिनमै अर्को विहे गर्न लागेको जानकारी पाएको बताउनुभयो । सुशीलाले अर्को विहे नगर्न चाहिएको कुरा आफ्नो बुवा आमालाई भनेर दिलाउने बाँचा गरिन तर दाइजो आएपछि आफू पढ्न पाउनुपर्छ भन्ने प्रस्ताव राखिन् सोही अनुरूप उनले माइति पक्षबाट दाइजो लिएर आइन् करिब दुई महिनासम्म उनलाई घरमा कसैले केही भनेनन् यसै बेलामा उनले घरपरिवार समक्ष आफ्नो पढाइको कुरा राखिन तर सोचे अनुरूप नभएको घरकी बुहारी माथि अब बच्चा नजन्माएर किन पढ्नुपर्‍यो, पढेर के हुन्छ भन्ने जस्ता प्रश्नहरू खडा गरिदिए र उनलाई पढ्ने वातावरण दिइएन् र घरेलु हिंसामा परी उसको भविष्य उज्ज्वल हुनबाट बञ्चित गराइयो । यो सहन नसकी उनी माइत गएर बसिन् र आफ्नो अध्ययन पूरा गर्नको लागि घरपरिवार नै त्याग गरिन् ।

माथिको सम्पूर्ण वैयक्तिक अध्ययनबाट के शिक्षा प्राप्त गरियो भने, हामीले गरेका सम्पूर्ण कार्यबाट कुनै न कुनै तवरबाट हामीलाई नै वेफाइदा हुन्छ । सबै परिवार सबै मानिस एकै हुँदैनन् । समस्या पनि सबै घरमा एकै खालका हुँदैनन् । प्रत्येक मानिसहरूको विचार फरक फरक हुन्छ । त्यसकारण सबैको समस्या पनि फरक फरक खालका हुन्छन् । कसैको परिवारमा छोरी छोरी धेरै पाएको भएर महिला माथि हिंसा भएको छ । समाज परिवर्तनका लागि जसले आवाज उठाउन खोज्छ । उसैमाथि पनि हिंसा भएको पाइयो । प्राय जसो ब्राह्मण परिवारमा हिंसा भएको पाइयो । कहिले दाइजोको निहुँमा कहिले बच्चाको निहुँमा कहिले बोक्सीको आरोपमा, कहिले नपढेको भएर धेरै समस्या महिलाहरूमाथि भएको पाइयो । कसैको परिवारमा महिला शिक्षित भएर पनि श्रीमान्ले लागू पदार्थ सेवन गरेकाले हिंसामा परेको पाइयो भने कतै छोरा पाएर पनि यौन इच्छाको कारण रक्सी सेवन गरी श्रीमती माथि अत्याचार गरेको पाइयो ।

समाज जति परिवर्तनशील छ । त्यति परिवर्तन हुन सकेको छैन । जसको कारणले हरेक क्षेत्रमा महिलाहरूलाई अगाडि बढ्न कहिले महिलाको कारणले अगाडि बढ्न पाएका छैनन् भने कहिले श्रीमान्को कारण अगाडि बढ्न पाएका छैनन् । जसको कारणले महिलामाथि हिंसा दिनानुदिन बढीरहेको अवस्था छ । २१ औं शताब्दीमा पनि नेपालमा महिलाहरूले विभिन्न खालका समस्या खेप्नु परेको छ । समस्या सानो होस् या ठूलो समस्या भनेको समस्या हो । सानो समस्याबाट ठूलो हुँदै  जान्छ । त्यसकारण समस्या नै नहोस् भन्ने तरिकाले काम गर्ने हो भने मानिसको प्रगति बल्ल हुन्छ । एउटा घरमा महिलामाथि हिंसा भएको छ भने उक्त घरमा कसैसँग पनि राम्रो व्यवहार हुन सक्दैन । जहिले पनि पारिवारिक झमेला भएको हुन्छ । भनीन्छ घरमा एक महिला वा आमा शिक्षित छ भने सबै परिवार शिक्षित हुन्छ । तर एक पिता शिक्षित छ भने उ आफू मात्रै शिक्षित हुन्छ त्यसकारण महिलालाई शिक्षा प्रदान गर्नु अनिवार्य हुन्छ । घरपरिवार उक्त घरको महिला सधैं खुसी रहन सक्छ । बालबालिकामा पनि त्यसको छाप राम्रो पर्न जान्छ । नरम बोली, मिठासपन, शिक्षित परिवार, एक अर्कामा मानसम्मान, सानालाई माया ठूलालाई आदर गर्ने परिवार सधैभर खसुी र सुखी बन्न सक्छ ।

# अध्याय आठ

# सारांश, निष्कर्ष र सुझाव

## ८.१ सारांश

समाज विकासको क्रमसँगै अमानवीय एवम् अपमानजनक व्यवहारहरूको पनि विकास हुँदै जाँदा विविध किसिमको हिंसाजन्य कार्य पनि बढ्दै आएको पाइन्छ । घरपरिवारभित्रका सदस्यहरू महिला वा पुरुष वृद्ध, केटाकेटी वा वयस्क तथा कामदारको रूपमा रहेका व्यक्तिहरूसँग सम्बन्धित हिंसालाई घरेलु हिंसा भन्न सकिन्छ । सामान्य अर्थमा परिवारभित्रका एक सदस्यले अर्को सदस्य उपर गर्ने हिंसालाई घरेलु हिंसा भनीन्छ ।

सैद्धान्तिक मान्यताअनुसार घरेलु हिंसाको अवस्था र कारणमा गरिबी, अशिक्षा, रक्सी सेवन, बेरोजगारी, आर्थिक, समस्या, वैवाहिक कारण पितृसत्तात्मक सामाजिक मूल्यमान्यता, श्रीमान्ले अरुको कुरा सुन्ने विधवालाई हेप्ने, बोक्सीको आरोप जस्ता कारण रहेको पाइन्छ ।

यस अनुसन्धान कार्यको उद्देश्य अनुसार घरेलु हिंसाको अवस्थाका र धारणाको अध्ययन गर्नु थियो । तथ्याङ्क विश्लेषण विश्लेषण अनुसार धेरै महिलाले घरेलु हिंसा अनुभव गरेको पाइएको छ । घरेलु हिंसाको आयामहरूमा सामाजिक, आर्थिक, धार्मिक, कानुनी पक्षहरू रहेको पाइन्छ । घरेलु हिंसाका कारणहरूमा दोस्रो विवाह, रक्सी सेवन, पितृसत्तात्मक समाज दाइजो मागी, गरिबी, अशिक्षा, आर्थिक कमजोरी, आर्थिक निर्णय लागू नहुने रहेको पाइन्छ । रोचक कुरा के रहेको छ भने आमा समूहका महिला सदस्यहरू आफै हिंसा पीडित छन् । जुन सामाजिक संस्थाले घरेलु हिंसा सक्ने कार्य गर्दछ ।

यी महिलाहरू उद्देश्यमूलक नमूना छनोट विधिबाट लिइएको छ । आवश्यक प्राथमिक र द्वितीय स्रोतहरूबाट सूचना, अवलोकन वैयक्तिक अध्ययन समूहगत छलफल गरि सङ्कलन गरिएको छ ।

अध्ययन क्षेत्रमा ७८ जना महिलाहरूको उमेरलाई हेर्दा १५-२० वर्ष उमेरका ६.६१ प्रतिशत र २१-३० वर्ष उमेरका २१.७९ प्रतिशत र ४१-४० वर्ष उमेरका ३७.१७, ४१-५० सम्मको वर्ष उमेरका ३०.७६ प्रतिशत र ५० भन्दा माथि ३.८४ प्रतिशत रहेको पाइन्छ । शिक्षाको आधारलाई हेर्दा ३२.०५ प्रतिशत महिला उत्तरदाता निरक्षर र १५.३८ प्रतिशत साक्षर महिला देखिन्छ । पेसाको आधारलाई हेर्दा उत्तरदाता महिलामा गृहिणी ६४.१० प्रतिशत र अन्य

व्यापारमा ६.४१, सेवामा १५.३८ प्रतिशत, मजदूरीमा ५.१३ प्रतिशत र कृषिमा ८.९८ प्रतिशत रहेको देखिन्छन् । धार्मिक आधारलाई हेर्दा कुल ७८ जना उत्तरदाता महिलाहरूमा ९६ प्रतिशत हिन्दू र ४ प्रतिशतमात्र बौद्ध धर्म मान्ने जनजाति महिलाहरू देखिन्छन् । विवाह भएको उमेरको आधारलाई हेर्दा १५-२० वर्षभित्रका ६७ प्रतिशत र २०-२५ वर्षभित्रका ३३ प्रतिशत महिलाहरू देखिन्छन् । वैवाहिक स्थितिलाई हेर्दा ५७ प्रतिशत संयुक्त परिवारमा बसेको र श्रीमान्सँग छुट्टिएर बसेको २३ प्रतिशत, विधवा १० प्रतिशत, सम्बन्ध विच्छेद, ३ प्रतिशत महिला रहेको देखिन्छ । भर्खर विवाह भएको श्रीमान् विदेश गएको ३ प्रतिशत देखिन्छ । महिलामाथिको घरेलुहिंसा बारे ज्ञान छ भन्ने ७९ प्रतिशत र ज्ञान छैन भन्ने २१ प्रतिशत देखिन्छ । तर हिंसामा भएपनि २५ जना उत्तरदाता महिलाले हिंसामा छ भन्न नचाहेको देखिन्छ र ५३ जना मात्र हिंसा पीडित भएको देखिन्छ । परिवारको श्रीमान् लगायत अन्य सदस्यबाट पनि शारीरिक, मानसिक, आर्थिक हिंसामा परेको कामको बढी बोझ भएको, आफ्नो निर्णय लागू नभएको महिलाको हिंसा अवस्था देखिन्छ । उत्तरदाता आमा समूहका ७८ जना महिलाहरूले आफू हिंसामा परेमा उजुरी गर्छु भन्ने १५ जना (१९.२३%) प्रतिशत, चुपचाप बस्छु भन्ने १८ जना (२३.०८%) भएकाले अन्य उत्तरदाता पनि हिंसा परेको देखिन्छ हिंसामा छैन भन्न सकिदैन । बरु यो विभिन्न प्रकार र स्वरूपमा देखिदै छन् । खालि यसप्रतिको महिला धारणा र हिंसाको अवस्था फरक छ ।

महिला विरुद्धको घरेलु हिंसा, समानता, विकास र शान्ति प्राप्त गर्ने माध्यमको बाधक बनेको छ । महिलाविरुद्धको हिंसा लैङ्गिकतामा आधारित हिंसा हो । घरेलु हिंसा लैङ्गिकतामा आधारित हिंसामात्र नभएर मानवता विरुद्धको गम्भीर सामाजिक अपराध तथा विकृति साबित भएको छ । मानवको लागि सबैभन्दा सुरक्षित स्थान घर हो, तर महिलाहरू घरभित्र नै व्यापक दमन, शोषण हिंसाको शिकार हुन्छन् । माया हेरचाहर संरक्षण गर्ने दायित्व बोकेको परिवारका सदस्यबाट नै अर्को परिवारको सदस्यको मृत्यु समेत हुन सक्छ । महिला माथिको घरेलु हिंसा लैङ्किकतामा आधारित पितृसत्तात्मक सामाजिक संरचना तथा पुरुष र महिला बिचको असमान शक्ति सम्बन्धको कारण मौलाएको देखिन्छ । यसरी हेर्दा घरेलु हिंसा पीडितको अत्यन्त निकट सम्बन्ध भएको व्यक्तिले घरभित्र महिलामाथि गर्ने हिंसा हो जसमा गाली बेइज्जती, कुटपिट बलजबरजस्तीकरणी, वैवाहिक बलात्कार, यौनजन्य दुर्व्यवहार, दाइजोसँग सम्बन्धित, हिंसा इत्यादि पर्दछन् । घरेलु हिंसा अन्तर्गत शारीरिक र मानसिक हिंसाहरू देखापरेको पाइन्छ । शारीरिक हिंसा अन्तर्गत कुटपिट, अङ्गभङ्ग, शारीरिक चोट, घर

निकाला आदि भएको  पाइन्छ। त्यसैगरी मानसिक हिंसा, अन्तर्गत डर, धाक, धम्की, त्रास, गाली गलौज, कामको बढी बोझ, झुट्टा आरोप, घर निकाला, मानसिक चोट, धार्मिक, सांस्कृतिक परम्परागत भेदभाव भएको पाइन्छ । महिलालाई सम्पत्ति तथा आर्थिक स्रोत साधनमा बञ्चित, निर्णय प्रक्रियामा मान्यता नदिएको पाइन्छ। घरबाहिर काम गर्न नदिएको पाइन्छ । यौनजन्य हिंसा पनि घरेलु हिंसामा पर्दछ जस्तै यौनजन्य दुर्व्यवहार अपमान, हतोत्साह आत्मसम्मानमा चोट आदि भएको पाइन्छ।

## ८.२ मुख्य प्राप्तिहरू

यस अध्ययनबाट प्राप्त नतिजालाई निम्नानुसार देखाएको छ। सामाजिक, आर्थिक, शैक्षिक, उमेर, पेसागत र धर्मका विश्लेषणका आधारमा प्राप्त भएको नतिजा यस प्रकार छन्।

- यस अध्ययनमा नमूना छनोटमा परेका ७८ जना महिला उत्तरदातामध्ये घरेलु हिंसालाई हेर्दा ५३ जना (६७.९४%) महिला उत्तरदाता विभिन्न प्रकारको घरेलु हिंसामा परेको पाइयो ।
- शैक्षिक अवस्थालाई हेर्दा १२ प्रतिशत महिला निरक्षर पाइयो । त्यसैले सबै महिला परिवारको सदस्य तथा पुरुषमा भर परेको पाइयो । महिलाको स्थान परिवारमा तल्लो स्तर भएको पाइयो ।
- यस अध्ययन क्षेत्रमा ब्राह्मण, क्षेत्री परिवारको महिला मात्र आमा समूहमा आवद्ध ७५.६४ प्रतिशत बढी रहेको पाइयो । पेसाको आधारलाई हेर्दा प्राय महिला उत्तरदाता ६४.१० प्रतिशत गृहिणी भएको पाइयो । त्यसैगरी सेवामा १५.३८ प्रतिशतमा, कृषिमा ८.९८ प्रतिशत, व्यापारमा ६.४१ प्रतिशत र मजदूरीमा ५.१३ प्रतिशत रहेको पाइयो । धार्मिक संरचनाको आधारलाई हेर्दा अधिक हिन्दूधर्म मान्ने ९६ प्रतिशत र ४ प्रतिशत बौद्ध धर्म मान्ने न्यून रहेको पाइयो । परिवार संरचनामा संयुक्त परिवारमा बस्ने महिला उत्तरदाता ५१ जना ६५ प्रतिशत भने एकात्मक परिवारमा रहने अति कम मात्र गरेको पाइयो ।
- संयुक्त परिवारमा बस्ने महिला उत्तरदाता ६५ प्रतिशत रहेको पाइयो । विशेषगरी श्रीमान् र परिवारका अन्य सदस्य (सासू, नन्द, अमाजू, जेठाजु) बाट पनि हिंसा भएको

पाइयो । हिंसाको अनुभव गरेका र नगरेका महिलालाई हेर्दा ५३ जना ६७.९४ प्रतिशत महिला उत्तरदाता हिंसामा परेको पाइयो ।

- हिंसाबारे ज्ञान भएका महिला उत्तरदाता ७२ जना ९२.३० प्रतिशत रहेको पाइयो ।
- हिंसाको प्रकारको आधारमा शारीरिक यातना दिने, पिटाईमा पर्ने ३० जना ४० प्रतिशत रहेको पाइयो । महिलाको अवस्थामा महिलालाई गाली गरेर हतोत्साही बनाउने प्रकारको हिंसा १२ जना १५.३९ प्रतिशत परेको पाइयो । शारीरिक यातना, यौनशोषण कुनै पनि कुराको निर्णय गर्ने प्रक्रियामा भेदभाव र सामाजिक क्रियाकलापमा निषेधित जस्ता हिंसाका प्रकारमा परेको पाइयो । कामको बढी बोझ, चोरी, अभियोग, बोक्सीको आरोप जस्ता अन्य प्रकारका हिंसामा परेको पाइयो ।
- घरेलु हिंसाको कारणमा दाइजो माग २५ जना (३२.०५%), दोस्रो विवाहको कारण २७ जना ३४.४१ प्रतिशत र रक्सी सेवन सेवनमा ४३ जना ५५.१३ प्रतिशत रहेको पाइयो ।
- हिंसा पीडित भएर चुपचाप बस्नु परेको कारणको आधारमा महिलाको अवस्थालाई हेर्दा इज्जतको डरले ५७ जना (७३%) त्यसैगरी आफ्नो परिवारको डरले ५ जना ६ प्रतिशत, समाजको डरले र अन्य कारणले चुपचाप रहने पाइयो ।
- हिंसा नित्त्याउने अन्य कारणमा अशिक्षाले १२.८२ प्रतिशत, पितृसत्तात्मक सामाजिक प्रक्रियाले हो भन्ने उत्तरदाता २५ प्रतिशत रहेको पाइयो । अन्यले उस्काएर, धार्मिक, सामाजिक मूल्यमान्यता कारण हिंसा हुने गरेको पाइएको छ । घरको आर्थिक कारोवारका क्रियाकलापका मुख्य ससुरा र श्रीमान्का क्रमशः ५१ प्रतिशत र ३२ प्रतिशत निर्णय चल्ने पाइयो ।
- आफू हिंसामा परेमा २३.०८ प्रतिशत महिलाले गोप्य राख्न चाहेको पाइएको । हिंसा पीडित महिलाले नातागोतालाई भन्ने धारणा पाइयो । पुलिसलाई रिपोर्ट र साथीसँग भन्दछु भन्ने धारणा पाइयो ।
- हिंसा पीडित भएकालाई कस्को मद्दत आवश्यक हुन्छ भन्ने आधारमा समाजको मद्दत चाहिन्छ भने ३८ जना ४९ प्रतिशत महिलाको धारणा पाइयो । घरपरिवारको सदस्यको मद्दत, पुलिसका मद्दत, नाता गोता र छरछिमेकीको मद्दत आवश्यक हुन्छ भन्ने धारणा पाइयो ।

- हिंसा निम्त्याउने आधारमा ४० जना ५१.२८ प्रतिशत महिलाले पुरुषलाई जिम्मेवार मानेको धारणा पाइयो । महिलालाई पनि ३० जना ३८.४६ प्रतिशत महिला उत्तरदाताले जिम्मेवार ठानेको पाइयो ।
- महिला हिंसा घरपरिवारबाट बढी हुने ५७ जना ७३ प्रतिशत महिला उत्तरदाताको धारणा पाइयो । समाज समुदायबाट हुने नाताकुटुम्बाट पनि हुने भन्ने धारणा पाइयो ।
- उच्च ब्राम्हण क्षेत्री वर्गका महिला उत्तरदातामा बढी घरेलु हिंसाको अवस्था देखिएको छ । जुन अति विकसित र झाङ्गिएको पितृसत्तात्मक समाज र सोचको उपज हो ।
- महिला हिंसा एक सामाजिक विकृति हो । ६२ जना ८० प्रैतिशत महिला उत्तरदाताको धारणा रहेको पाइयो ।

## ८.२ निष्कर्ष

यस अध्ययनले आमा समूहमा आवद्ध महिलाको घरेलु हिंसाको अवस्था र धारणाको बारेमा विश्लेषण गरेको छ । समाज र राष्ट्रको विकासमा महिला र पुरुषलाई समान गतिमा लैजानुपर्ने स्थिति देखएको छ । त्यसैले हाम्रो पितृसत्तात्मक सोच तथा सामाजिक मूल्य मान्यतामा चल्ने समाजमा महिलाहरूलाई पनि लैङ्गिक विभेद नगरी समान रूपमा आर्थिक, सामाजिक, (स्रोत र साधन) राजनैतिक शैक्षिक रूपले सवल र सक्षम बनाउन सकेमा मात्र उनीहरूको स्तर माथि उठाउन सकिन्छ र विस्तारै घरेलु हिंसाबारे शिक्षा दिनुपर्ने आवश्यक देखिन्छ । पितृसत्तात्मक सामाजिक संरचनाका नराम्रा पक्षहरूलाई विस्तारै परिवर्तन गर्दै कानूनी पक्षका क्रियाकलापहरू लागू गर्नु जरुरी छ । महिलाहरू माथि रहेको सामाजिक, आर्थिक तथा सांस्कृतिक विभेदको अन्त्य गरी उत्पादनको स्रोत साधनमाथि समान पहुँच गराउँदपै जानुपर्ने देखिन्छ । आमा समूहमा आवद्ध महिलाहरूको सानो उमेरमा विवाह भएको र धेरै महिला हिंसामा परेको देखाउँछ । महिला अशिक्षित रहेका छन् । अगाडि बोल्न सक्दैनन् । आफ्नो माग र समस्या व्यक्त गर्न सकिरहेका छैनन् । परिवारमा महिलाको स्थान दोस्रो रहेको छ । आर्थिक कारोवारमा महिलाका निर्णय लागू नभएको पाइएको छ । जुन जरा गाडेर बसेको पितृसत्तात्मक सामाजिक परम्परा तथा जीवनशैली समाजमा रहेको छ । यसले महिला विरुद्धको हिंसा बढाएको छ । इज्जत र आफ्नो भविष्यको लागि हिंसा भए पनि चुप बस्ने धेरैको धारणा आएकोले हिंसा झन् बढेको छ । समाजमा हिन्दू संस्कारले महिलाहरूलाई जेलेको छ । जीवनमा शिक्षा लगायत अनेकौ मौका आउँदा महिलाले भाग

लिन पाइरहेका छैनन् । प्रायः महिला गृहिणी रहेका छन् । बेरोजगारी रहेका छन् । परनिर्भर छन् संयुक्त परिवारमा रहेका र परिवारमा श्रीमान् लगायत अन्य सदस्यबाट पनि हिंसाका पीडित भएका छन् । हिंसाका कारणहरूमा लागूपदार्थ सेवन, बहुविवाह र दाइजो माग मुख्य रहेका छन् ।

## ८.३ सुझावहरू

यस क्षेत्रको हिंसा न्यूनीकरणका लागि केही सुझावहरू तल प्रस्तुत गरिएको छ ।

- यस क्षेत्रका महिला अधिकांश गृहिणी भएको र साक्षरता प्रतिशत पनि तुलनात्मक र गुणात्मक रूपले कम रहेको देखिन्छ । यसर्थ शिक्षाको लागि औपचारिक तथा अनौपचारिक कक्षाहरू सञ्चालन गरी महिलालाई घर बाहिर क्रियाकलापमा अग्रसर गराउनुपर्छ । महिलाहरूको निर्णय पनि स्वीकार्य हुनुपर्दछ ।
- महिलाको आर्थिक स्तर उकास्न आयआर्जनमूलक कार्यक्रम चलाउनुपर्छ । जस्तै प्रौढ शिक्षा, सिलाई बुनाई, तरकारी खेती, गाई भैंसी पालन, बाखापालन, खुकुरापालन अन्य सीपमूलक तालिमहरू दिनुपर्छ ।
- समाजका जानकार व्यक्ति घरमूलीपीडक सबै पक्षलाई समेटेर त्यस क्षेत्रमा चेतना-मूलक कार्यक्रम ल्याएर हिंसा पीडित महिलाको अवस्था प्रमुख, हिंसाको कारण आदिलाई देखाउन सकिन्छ । त्यसले समाज तथा घरपरिवारमा चेतना दिन सहयोग हुनेछ । यस्तो कार्यक्रम महिला समूहको अध्यक्ष,वडा अध्यक्ष नगरपालिका तथा अन्य सरकारी अर्धसरकारी तथा गैह्र सरकारी संस्थाले चलाउन सक्दछन् । महिलालाई आफ्नो हक अधिकार सम्बन्धी कानुनी कुरा र मानव अधिकारको कुरा बुझ्नलाई मानव अधिकार सम्बन्धी शिक्षा दिनुपर्छ ।

# सन्दर्भग्रन्थी सूची


अर्याल, भोजेन्द्र (२०६२), *नेपाली समाज र संस्कृतिको विश्लेषण,* काठमाडौंः ज्ञानकुञ्ज प्रकाशन ।

अधिकारी, कृष्णप्रसाद (२००४), *महिला विरुद्धको हिंसाको समस्या जनसङ्ख्या पत्रिका,* भाग २, किर्तिपुरः काठमाडौं ।

अधिकारी, यज्ञप्रसाद (वि.सं. २०५७), *सामाजिक न्याय र नेपालको सन्दर्भ,* कीर्तिपुरः काठमाडौं ।

एफ डब्लु, एल.डि. (वि.सं. २०५८), *बेइजिङ्ग कार्ययोजनाको पुनरावलोकन सम्बन्धी दस्तावेजहरूको सँगालो,* काठमाडौंः महिला कानुन र विकास मञ्च (एफ.डब्लु.एल.डी) ।

कसुर र सजाय ऐन (वि.सं. २०६६), *घरेलु हिंसा नियन्त्रण,* नेपालको अन्तरिम संविधान २०६३, काठमाडौंः बौद्धिक दर्पण ।

चापागाई, लोकनाथ (वि.सं. २०६८), *नारी हुनुको अर्थ,* गरिमा मासिक चिन्तन चौतारी ।

चालिसे, चक्रपाणी (वि.सं. २०३७), *मनुस्मृति,* काठमाडौंः नेपाल भाषा प्रकाशन समिति ।

चौलागाई, तिलकप्रसाद, नातीराम पोखरेल, केशवराज, सापकोटा (२०६०), *लैङ्गिक अध्ययन,* काठमाडौंः न्यू हिरा बुक्स सेन्टर प्राइजेज, किर्तिपुर ।

दास, प्रभावकर लाल (२०५७), *लैङ्गिक अध्ययन,* काठमाडौं, रेखा रानी प्रकाशन ।

नेपाल परिवार नियोजन संघ (२०१२) मा प्रकाशित वार्षिक प्रतिवेदनमा अवगत ।

नेपालको अन्तरिम संविधान (२०७२-०६-०३), राजपत्रमा प्रकाशित मिति, *महिलाको हक संविधानको धारा ३८,* नेपाल सरकार ।

भासीन, कमला (२००३), *पितृसत्ता के हो ?* काठमाडौं, स्त्री शक्ति, कमलादी ।

मानव अधिकार (१९९८) *नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अर्न्तराष्ट्रिय दस्तावेजको संग्रह,* श्री ५ को सरकार परराष्ट्र मन्त्रालय शितल निवास, काठमाडौं ।

मानव लैङ्गिक विकास प्रतिवेदन (२००१)

यू.एन (१९९३), *महिला विरुद्धको हिंसाको उन्मुलन तथा घोषणा पत्र,* २० डिसेम्बर ।

राजभण्डारी, रेणु (वि.सं २०६१), *महिला माथि हुने हिंसा र मानव बेचविखन, ओसारपसार, चेलीको व्यथा,* काठमाडौं ।

राष्ट्रिय जनगणना (२०६८), *संक्षिप्त नतिजा,* काठमाडौं: थापाथली, केन्द्रीय तथ्याङ्क विभाग ।

लि.लि. (वि.सं. २०५९), *सामाजिक लैगिंक विभेद एक अवधारणा र व्यवहार,* काठमाडौं: नारी चेतना केन्द्र ।

साथी नेपाल (१९९७), *महिला विरुद्धको हिंसाको स्थिति र विश्लेषण,* काठमाडौं: एसिया फाउन्डेसन तथा साथी नेपाल, काठमाडौं ।

साथी नेपाल (१९९७), *महिला विरुद्धको हिंसाको स्थिति र विश्लेषण,* काठमाडौं : एसिया फाउन्डेशन तथा साथी नेपाल ।

सीमो, नाइडस् (१९९८), मानव अधिकार संगालो (२०५३)

सूचना तथा अभिलेख केन्द्र पोखरा (२०६८), पोखरा उपमहानगरपालिका, कास्की ।

Basnet, Prabha (2072). *Domestic Violence among Married Woman in Nepalese society*. An unpublished thesis on Masters in Sociology from Prithvi Narayan Campus, Tribhuvan University, Nepal.

Bennett, Lynn (2002). *Dangerous Wives and Sacred Sisters, Social and Symbolic role of high caste woman in Nepal*, New York: Columbia University Press.

Buabar, Simon (1994). *The second sex*, retrived Ramesh Sunuwar (2057), Kathmandu.

Ghimire, Bandana (2005). *Violence against woman in Sunsari District Raimanch VDC.* An unpublished M.A. Thesis, Submitted to Department of Sociology, Biratnagar. Acharya, Mina (1981), *The status of woman in Nepal, vol. 2 (9th edi.).* Kathmandu: SEDA.

MOHP, New Era and ICF International (2012). *Nepal DHS 2011*. Kathmandu, Nepal: Maryland, USA: MOHP, New Era and ICF Interantional Inc.

Mosse, Julia Clevej (1993). *Half the World, half the chance*. USA: Oxford Publication United National Assembly, Declaration on the Elimination of Violence against woman.

Olen, B. Jenesy & Mare, Hilan, A. (1992). *A sociology of woman*, New Jursey: Sawan and Stuster Company.

Pradhan, Bina (1991). *The stats of woman in Nepal, Vol. 7 (2nd edi.)*. Kathmandu: SEDA.

Ritzer, Jeorge (2000). *Sociological Theory ($5^{th}$ ed.)*, New Delhi, McGraw Hill Company.

Sapkota, Pramila (2004). *Domestic violence against woman insquartersettlement of Kathmandu District,* An Unpublished M.A. Thesis, Sociology/Anthropology, Tribhuvan University, Kirtipur, Kathmandu.

UNICEF (1986). Chilrend and Women of Nepal*: A situation analysis*, Kathmandu UNICEF.

United Nations (1995). *International Women Conference (Beijing Declaration*. New York: United Nations.

United Nations, General Assembly, and declaration on the elimination of violence against woman (1993). UN.

Woman Rights Commission Nepal (2004). *Annual report farming against trafficking of children and woman*. Kathmanu: Nepal Woman Right Commission, Sathi Nepal.

World Health Organization (2002). World Report on Violence and Health. Jeneva.

# परिशिष्ट १

## प्रश्नहरूको सूची

१. अन्तर्वार्ता दिने व्यक्तिको नाम :

वडा नं.- टोलः- उमेर :- जात/थर :-

पेशा :- शिक्षा :- भाषा :- धर्म :-

२. उमेर

क) १५-२० ख) २१-३० ग) ३१-४०

घ) ४१-५० ङ) ५१ वर्ष माथि

३. तपाईको शिक्षा, कति छ ?

क) निरक्षर ख) साक्षर ग) एसएलसी. भन्दा कम

घ) एसएलसी पास ङ) आइ.ए.भन्दा कम च) बि.ए. पास

छ) वि.ए भन्दा माथि

४) जाति

क) ब्राह्मण क्षेत्री ख) जनजाति ग) दलित

घ) अन्य

५) पेसा

क) गृहिणी ख) व्यापार ग) मजुदरी

घ) सेवा

६) तपाई कुन धर्म मान्नु हुन्छ ?

क) हिन्दू ख) बौद्ध ग) मुश्लिम

७) वैवाहिक स्थिति

क) भर्खर विवाह भएको ख) सम्बन्ध विच्छेद

ग) श्रीमान् विदेश भएको घ) श्रीमान्सँग छुट्टिएर बसेको

ङ) विधवा

८) परिवारको प्रकार (संरचन)

क) संयुक्त परिवार ख) छुट्टिएको (एकल)

ग) वृहत

९) तपाईले सन्तान उत्पादन गर्नुभएको छ ?

क) छोरा  ख) छोरी  ग) छैन

१०) विवाह गर्दा तपाईको उमेर कति थियो?

क) १५-२० वर्ष  ख) २०-२५ वर्ष

ग) २६-३० वर्ष  घ) ३० वर्ष भन्दा माथि

११) तपाईको विवाहमा केटा पक्षबाट दाइजोको माग भयो कि भएन ?

क) भयो  ख) भए

१२) कुन प्रकारको क्रियाकलापलाई तपाई महिला माथिको घरेलु हिंसा ठान्नु हुन्छ ?

क) गाली गरेर हतोत्साही बनाउने

ख) शारीरिक यातना दिने, पिट्ने

ग) खानामा भेदभाव गर्ने

घ) यौनशोषण गर्ने

ङ) श्रमिक ज्यालामा भेदभाव गर्ने

च) शिक्षामा भेदभाव गर्ने

छ) कुनैपनि कुराको निर्णय प्रक्रियामा भेदभाव गर्ने

ज) सामाजिक क्रियाकलाप

झ) छलफल भाग लिने कार्यमा भेदभाव गर्ने

ञ) बोक्सीको आरोप

१३. घरेलु हिंसाका बारेमा केही थाहा छ ?

क) छ  ख) छैन

१४. तपाई कहिल्यै घरेलु हिंसामा पर्नुभएको छ ?

क) छ  ख) छैन

१५. घरपरिवारमा वा समाजमा कोबाट बढी हिंसामा पर्नुभएको छ ?

क) श्रीमान्   ख) सासू   ग) ससुरा

घ) नन्द/भाउजू   ङ) जेठाज्यू/देवर

१६. हिंसाका केही प्रभाव परेका पनि छन् ?

क) शारीरिक   ख) मानसिक   ग) गालीगलोज

घ) घर निकाला   ङ) अन्य

ii

१७. कहिले कुन समयमा तपाई [illegible] ःको छ ?

क) रक्सी खाएको बेला   ख) लागू पदार्थ खाएको बेला

ग) तास खेलेर हारेको बेला   घ) अन्य कुनै बेला

१८. यदि तपाई शारीरिक हिंसामा पर्नुभयो भने चुपचाप बस्नुहुन्छ कि उजुरी गर्नुहुन्छ ?

क) कडा रूपमा हिंसा विरुद्ध उजुरी गर्छु

ख) चुपचाप बस्छु

१९. यदि तपाई हिंसाको विरोध गर्नुहुन्न भने किन ?

क) ईज्जत मानमर्दनको डरले

ख) आफ्नो परिवारको डरले

ग) अन्य समाजको डरले

घ) अन्य

२०. कस्तो प्रकारको झगडा वा हिंसा तपाईको अनुभव गर्नुभएको छ वा पीडा भएको छ ?

क) अभियोग लागेको (चोरी, कुरा लगाउने, बोक्सी)

ख) गालिगालेज गरि हतोत्साही गराउने

ग) केही पनि आरोप नलगाउने

घ) कामको बढी बोझ

ङ) बच्चाको जिद्धिले

च) अर्काको सम्बन्ध बढाएकोमा

छ) अन्य

२१. तपाईको श्रीमान्‌ले कुन कारणबाट घरेलु हिंसा वा यातना दिनु भएको छ ?

क) अशिक्षा ख) गरिबी

ग) आमादिदी बहिनी नाताले उक्साएर घ) घर, छिमेकीबाट उत्साएर

२२. तपाईको घर परिवार वा श्रीमान्‌ले तपाईमाथि कस्तो हिंसा दिनुहुन्छ ?

क) शारीरिक (पिट्नु, चुट्नु) ख) गाली गर्नु, आरोप लगाउनु

ग) अन्य

२३. यदि तपाईको श्रीमान्‌ले दोस्रो विवाह गरेमा तपाई मन्जुर हुनुहुन्छ की श्रीमान्‌लाई सजाय दिनुहुन्छ ?

iii

क) मन्जुर गर्छ खए एकदमै मन्जुर गर्दछु

ग) दोस्रो विवाहको विरोध गर्दछु ।

२४. यदि कुनै पनि प्रकारका घरेलु हिंसामा परेमा तपाई कसलाई सोध्नुहुन्छ वा भन्नुहुन्छ ?

क) गोप्य राख्छु ख) नातागोतालाई भन्छु

ग) पुलिसलाई उजुरी गर्दछु घ) साथीसँग भन्छु

ङ) राजनीतिक व्यक्ति वा नेतालाई उजुरी गर्छु

२५. यदि तपाई हिंसामा परेर पनि गोप्य राख्न चाहनुहुन्छ किन ?

...........................................................................

२६. महिलामाथिको घरेलु हिंसामा परेमा तपाई कस्तो खालको मद्दत चाहनुहुन्छ ?

क) समाजको मद्दत ख) घर परिवारका सदस्यको

ग) पुलिसको घ) नातागोताको

ङ) छरछिमेकीको

२७. महिला हिंसाका शिकार भए भने कस्तो प्रकारको मद्दतको आवश्यक हुन्छ ?

क) स्वचेतना वृद्धि वा छलफल गर्न सक्ने हुनु ।

खं) पारिवारिक उपचार

ग) पुर्नस्थापना केन्द्र वा घर

घ) हिंसाका शिकारमा परेका महिलालाई मद्दत गर्ने कार्यक्रम ल्याउनुपर्छ

ङ) क्षमतावृद्धि गर्ने तालिम दिनु वा शिक्षा दिनु पर्छ ?

च) पूँजीको स्वामित्व महिलामा हुनुपर्छ ?

छ) आधारभूत आवश्यकता पूरा गरिदिनुपर्छ ?

ज) केही थाहा छैन यसको बारेमा

झ) अन्य कुनै उपाय

२८. तपाईको विचारमा सबैभन्द जिम्मेवार कसलाई ठान्नुहुन्छ महिला हिंसा निम्त्याउने कारणमा ?

क) महिला ख) पुरुष ग) अन्य

iv

२९. घरेलु हिंसामा परेका महिलार सुरक्षा दिने सुरक्षित व्यवस्थापना केन्द्र वा घर छ भनेर तपाईला इ थाहा छ ?

क) वडा समिति ख) नगरपालिका

ग) जिल्ला अदालत घ) महिला प्रहरी सेल

ङ) महिला मानव अधिकार

३०. महिलाविरुद्धको हिंसा रोक्ने वा महिला हिंसा समाधान गर्ने सम्भावनाका बारेमा तपाईलाई केही उपाय थाहा छ ?

..................................................................................................................

३१. महिला विरुद्धको हिंसा बढी हुनुमा जिम्मेवार कसलाई ठान्नुहुन्छ ?

क) समाज/समुदाय ख) घरपरिवार

ग) नाता कुल कुटुम्ब

३२. हिंसाका कारण के हुन सक्छन् ?

क) गरिबी ख) अशिक्षा

ग) पितृसत्तात्मक समाज घ) धर्म

३३ महिला हिंसा रोक्न  आमा समूहको कुनै भूमिका रहेको छ ?

क) छ ख) छैन

३४. कोबाट बढी घरपरिवारका सदस्यबाट घरेलु हिंसा भएको ठान्नुहुन्छ ?

क) श्रीमान् ख) सासू

ग) ससुरा घ) देवर जेठाज्यू

ङ) नन्द अमाज्यू

३५ तपाई कुन वर्गलाई महिलामाथिको घरेलु हिंसा निम्त्याउने ठान्नु भएको छ ?

क) उच्च ब्राह्मण क्षत्री वर्ग ख) निम्न वर्ग ग) माथिका सबै

३६. महिला माथिको हिंसालाई तपाईले सामाजिक विकृति हो भन्ने कुरामा तपाईका धारणा के छ ?

क) सकारात्मक ख) नकारात्मक

ग) थाहा छैन

३७. तपाईको अनुभवमा आफ्नो छोरीको जीवनमा कुनैपनि हिंसा नहोस् भन्ने चाहनेले बुहारीलाई हिंसाका यातना दिन्छन कि दिदैनन ।

v

क) दिन्छन् ख) दि ग) थाहा छैन

३८. अन्तमा घरेलु हिंसाको अवस्था (तपाइ मााथका) धारणा सम्बन्धी तपाईको के विचार रहेका छ ?

.........................................................................................

**धन्यवाद !**

## परिशिष्ट २

## अनुसन्धानको क्रममा खिचिएको तस्वीरहरू



लाम्पाटा आमासमूहसँग प्रश्नोउत्तर गर्दै शोधकर्ता



तिब्रीकोट आमासमूहसँग शोधकर्ता



आमासमूहरूसँग शोधकर्ता



सिर्जनशील आमासमूहसँग शोधकर्ता

वैयक्तिक अध्ययनमा संलग्न महिलाहरूसँग अर्न्तवार्ता लिँदै शोधकर्ता









आमासमूहसँग छलफल गर्दै शोधकर्ता

